नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनका नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, साउन १४, २०७४ | Saturday, July 29, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला थ्वः ६ | वर्ष २३, अंक २०० | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { नाममा विशेषण
५ { राप्रपा सरकारमा नजाने
८ { जापानी रक्षामन्त्रीद्वारा राजीनामा
९ { राजपासँग सहकार्य गर्न फोरम तयार

# पेल्दै सिंहदरबार

## प्रश्न उठ्न थालेको छ- कर्मचारीतन्त्रको आदेश ठूलो कि निर्वाचित जनप्रतिनिधिको अधिकार ?

सुनील महर्जन, काठमाडौं

स्थानीय तहमा जनप्रतिनिधि बहाल भएको दुई महिना नबित्दै केन्द्र र स्थानीय तहबीच अधिकार क्षेत्रका बीचमा द्वन्द्व सुस्तरी बढ्दै गएको पाइएको छ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहमा एकपछि अर्को गर्दै निर्देशन र परिपत्र पठाइरहेको पृष्ठभूमिमा केन्द्र र स्थानीय तहबीच द्वन्द्व बढेको हो। जनप्रतिनिधिहरूले मन्त्रालयको आदेशले स्थानीय तहलाई पंगु बनाएको बताएका छन्।

स्थानीय तहका जनप्रतिनिधिले संविधानले दिएको अधिकारमा मन्त्रालयले हस्तक्षेप गरेको आरोप लगाएका छन्। मन्त्रालयले भने केही स्थानीय तह गलत बाटो हिँड्न लागेको भन्दै अधिकार क्षेत्रभन्दा बाहिर नजान सुझाव मात्र दिएको बताएका छन्।

स्थानीय तहको निर्वाचनअघि गाउँगाउँमा सिंहदरबारको नारा दिएर चुनाव जितेका जनप्रतिनिधिहरू अहिले सिंहदरबारले स्थानीय तहलाई अधिकार दिन नचाहेको समेत भन्न थालेका छन्। अत्यधिक साधन स्रोत र अधिकार उपयोग गर्न पाइने आशामा ठूलो लगानीबाट चुनाव जितेकालाई सिंहदरबारले शुरूमै निरास बनाइदिएको उनीहरू बताउँछन्।

स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्न मन्त्रालयले अंकुश लगाइरहेको अनुभूति भइरहेको ललितपुर महागनरपालिकाका प्रमुख चिरिबाबु महर्जनले बताउनुभयो। 'मन्त्रालयले पाइलैपिच्छे अकुंश लगाइरहेको छ, जुन संविधान विपरीत छ। यस विषयमा मन्त्रालयसँग कुरा गर्ने सोचमा छु।' -प्रमुख महर्जनले भन्नुभयो।

१५औं वर्षसम्म स्थानीय तह चलाएका कर्मचारीहरूमा आफूले खाईपाई आएको अधिकार गुम्ने चिन्ता रहेको पनि महर्जनले बताउनुभयो। केन्द्रीकृत मानसिकतामा हुर्किएका नेता र कर्मचारीहरूले स्थानीय तहलाई संविधानले दिएको अधिकार पनि प्रयोग गर्नबाट रोक्नु दुर्भाग्यपूर्ण रहेको पनि महर्जनको कथन रहेको छ।

स्थानीय तहमा बहाल भएको करिब दुई महिना पुग्न लाग्दासम्म जनप्रतिनिधिले सर्वसाधारणको गुनासो र पीर मर्का बुझ्नेबाहेक खासै काम गर्न पाएका



**जननिर्वाचित पदाधिकारीलाई केन्द्रका ठालुहरूले आफ्नो भाग खोसिने डरले पेल्न खोज्दा एकातिर जनप्रतिनिधि काम नै गर्न नसक्ने अवस्थामा पुगेका छन् भने अर्कातिर स्थानीय चुनाव भएपछि केही न केही होला भनेर आस गरेर बसेका जनतालाई पनि क्रमशः निरास बनाउने काम हुन थालेको छ।**

छैनन्। अहिलेसम्म स्थानीय तह संविधान र भाषणमा मात्र अधिकार सम्पन्न भएको गोदावरी नगरपालिकाका उपप्रमुख मुना अधिकारीले बताउनुभयो।

यद्यपि जनप्रतिनिधिहरूले स्थानीयले भोग्नुपरिरहेको समस्याको ठोस समाधानभन्दा पनि विकास र निर्माणका आकर्षक नाराहरू बाँडिरहेका छन्। यस्ता नाराले न स्थानीयहरूले भोग्नुपरिरहेको समस्या हट्ने कुरामा विश्वस्त हुन सकिन्छ न स्थानीय तहमा जनप्रतिनिधि बहाल भएको खुसी मनाउन उनीहरूले पाएका छन्। स्थानीय तह शासन सञ्चालनसम्बन्धी ऐन र कार्यविधिको अभावले जनप्रतिनिधिहरूले खासै काम गर्न नपाएको गुनासो गरिरहेका छन्। जनप्रतिनिधिहरूले काम नगरेपछि ऐन नभएकोलाई बहानाबाजीको विषय बनाइरहेको मन्त्रालयको भनाइ रहेको छ।

काम गर्ने सवालमा जनप्रतिनिधिहरू पनि निकै अन्योल र दुविधाग्रस्त मनस्थितिमा रहेको ललितपुरको गोदावरी नगरपालिकाका कर्मचारीहरू बताउँछन्। 'जनप्रतिनिधिहरूले एकातिर संविधानले स्थानीय तहलाई अधिकार दिएको पनि कुरो गर्छन्, अर्कोतिर मन्त्रालयले अंकुश लगाएको पनि बताउँछन्। फेरी मन्त्रालयले कार्यविधि पठाएन पनि भन्छन्। जनप्रतिनिधिहरू आफैले यो गर्ने, त्यो नगर्ने भनेर अग्रसरता समेत देखाइरहेका छैनन्।' -नगरपालिकाका एक कर्मचारीले भने।

ऐन नबनेसम्मका लागि भन्दै मन्त्रालयले एकपछि अर्को गर्दै आदेश, निर्देशन र परिपत्रहरू पठाइरहेका छन्। 'मन्त्रालयका पत्र हेर्ने हो भने अब स्थानीय तहले केही गर्न नपाउने अवस्था उत्पन्न भएको छ', गोरखा भीमसेन गाउँपालिकाका अध्यक्ष ईश्वर पाण्डेले भन्नुभयो- 'बजेट बनाउनेदेखि कर्मचारी नियुक्तिसम्म मन्त्रालयले हस्तक्षेप गरेको छ।'

चाँगुनारायण नगरपालिकाका प्रमुख सोम मिश्रको धारणा पनि पौडेलको भन्दा फरक छैन। 'संविधानले र स्थानीय तहले स्थानीय विकास मन्त्रालय नै चिन्दैन। तर, सचिवका आदेशका ठेली आएकै छन्। आफ्नो आदेशअनुसार चल्नुपर्ने मन्त्रालयको मनसाय रहेको छ।' -प्रमुख मिश्रले भन्नुभयो।

'मन्त्रालय स्थानीय सरकारको अधिकार संकुचन गर्न लागिपरेको छ', धुलिखेल नगरपालिकाका मेयर अशोक व्याञ्जुले भन्नुभयो- 'अहिलेसम्म आफूले प्रयोग गरेको अधिकार गुम्ने कुराको हिनताबोध मन्त्रालयमा छ।'

'संविधानको कुन धाराअनुसार हामीलाई आदेश आएको हो बुझ्न सकिएन। यो गर, यो नगर भनेर दबाब दिइएको छ। सचिवले मन्त्रालयबाट आदेश पठाएपछि गाउँपालिकाको कार्यकारीले जनप्रतिनिधिको होइन, आफ्नै हाकिमको आदेश मान्नुपर्ने रहेछ। मन्त्रालयका सचिवको आदेश मान्ने भएपछि हाम्रो आदेश के मान्थे?' -भीमसेन गाउँपालिकाका अध्यक्ष पौडेलले भन्नुभयो।

मन्त्रालयले स्थानीय तहको अधिकारमा हस्तक्षेप नगरेको बताउँदै काम गर्न सहजीकरणका लागि मात्र विभिन्न परिपत्र पठाएको स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले बताउनुभएको छ। 'यो पत्र पनि लेखौं लेखौं नलागेको र तर नलेखीकन नहुने भएर मात्र लेखेको हुँ। कहीं पनि हस्तक्षेप गरेको छैन। अनुरोध मात्र गरेको हुँ।' -उहाँको भनाइ रहेको थियो।

जनप्रतिनिधिहरूलाई काम गर्न ऐन र नियमले नरोकेको पनि उहाँको भनाइ रहेको छ। मन्त्रालयको आदेश र निर्देशनलाई बहानाबाजीका रुपमा मात्र जनप्रतिनिधिहरूले प्रयोग गरेको पनि सचिव थपलियाको कथन रहेको छ।

कार्यकारीको काज स्वीकृत गर्ने अधिकार र बिदा दिने अधिकार मन्त्रालयमा राखिएको छ, यो स्थानीय तहको अधिकार कटौती रहेको जनप्रतिनिधिहरूको धारणा रहेको छ। संविधानले स्थानीय तहलाई न्यायिक अधिकार दिएको छ। तर, सो निर्णय राजपत्रमा प्रकाशित भएपछि मात्र कार्यान्वयन गर्नु भनेको छ। यो पनि हस्तक्षेप रहेको जनप्रतिनिधिहरू बताउँछन्।

अहिले संसद्मा स्थानीय तहसम्बन्धी, स्थानीय शासन सञ्चालनसम्बन्धी विधयेक, कर्मचारी समायोजनसम्बन्धी विधयेक, अन्तर सहकारी वित्तीय व्यवस्थापन ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसम्बन्धी ऐन विचारधीन अवस्थामा रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# सरिफद्वारा राजीनामा



इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको सर्वोच्च अदालतद्वारा शुक्रबार अयोग्य घोषित भएपछि पाकिस्तानका प्रधानमन्त्री नवाज सरिफले आफ्नो पदबाट राजीनामा दिनुभएको छ। उहाँले शुक्रबार साँझ नै प्रधानमन्त्रीको सरकारी निवास छोड्नुभएको छ। अदालतको आदेशप्रति रिजर्भेसन रहे पनि आफूले आदेश मान्ने सरिफले प्रतिक्रिया दिनुभएको उहाँका सहयोगीले बताएका छन्।

सर्वोच्च अदालतले शुक्रबार प्रधानमन्त्री सरिफमाथि लामो समयदेखि चर्चामा आइरहेको भ्रष्टाचार आरोपलाई लिएर प्रधानमन्त्रीका रूपमा रहिरहन अयोग्य घोषणा गरेको थियो।

न्यायाधीश एजाज अफताल खानसहित ५ जनाको संयुक्त इजलासले शुक्रबार अदालतमा जम्मा भीडका बीच भनेको थियो- 'उहाँ संसद्को सदस्यका रूपमा रहिरहन अयोग्य बन्नुभएको छ। त्यसैले उहाँले प्रधानमन्त्रीको कार्यालयमा रहने हैसियत पनि रहने छैन।'

अदालतले राष्ट्रिय भ्रष्टाचारविरुद्धको विभागलाई आरोपबारे सरिफको मुद्दामा थप अनुसन्धान जारी राख्न पनि आग्रह गरेको छ। प्रधानमन्त्री सरिफलाई गत वर्ष पानामा पेपर्समा सार्वजनिक भएको सूचनाअनुसार लाभप्रद व्यवसायमा समुद्रपारमा परिवारको संलग्नतामा लगानी गरेको प्रमुख

**पाकिस्तानको सर्वोच्च अदालतद्वारा अयोग्य घोषित भएपछि उहाँले प्रधानमन्त्री पदबाट राजीनामा दिनुभएको हो।**

आरोप लागेको छ।

पाकिस्तानको ७० वर्षको इतिहासमा सरिफ अदालतद्वारा अयोग्य घोषित हुने दोस्रो बहालवाला प्रधानमन्त्री हुनुभएको छ।

अदालतले सन् २०१२ मा तत्कालीन प्रधानमन्त्री युसुफ राजा गिलानीलाई पनि सत्ताको नेतृत्व सम्हालेकै समयमा तत्कालिन बहालवाला राष्ट्रपति असिफ अली जर्दारीविरुद्ध भ्रष्टाचार आरोप चलाउन नमानी अदालतको मानहानी गरेको आरोपमा अयोग्य घोषणा गरेको थियो। अब पाकिस्तानमा को प्रधानमन्त्री बन्छ भन्ने कुरा तय भइसकेको छैन।

# पहिरोको आतंक

## रातभरि जाग्ा बस्छन् स्थानीय



सन्तोष अधिकारी, गोरखा

भूकम्पपछि गोरखाको केरौंजास्थित कामीगाउँ पहिरोको पनि जोखिममा परेको छ। गोरखाको दुर्गम कामीगाउँका ६० घर उच्च जोखिममा परेको स्थानीय सुशीला गुरुङले जानकारी दिइन्।

'बर्खाको बेला छ घरको पिँढीको डिलसम्मै पहिरो आउन लागिसक्यो', गुरुङले भनिन्- 'पाँच जनाले त घर नै छोडेर पारी डाँडामा टहरो बनाएर बसेको पनि १५ दिन भइसक्यो। पानी पर्नथालेपछि त होस हवास नै हराउँछ। राति पानी पर्‍यो भने केटाकेटी सबै राति नै भागेर पारी डाँडामा जान्छन् हामी बूढाबूढीहरू सरसामान जोगाउनुपर्‍यो भनेर यहीँ बस्छौं। सामानहरू लैजाऊँ भने कहाँ लैजाने?' केरौंजाका कान्छा गुरुङ, माया गुरुङ, राममाया गुरुङ, यत्ना गुरुङ र धनबहादुर गुरुङ पहिरोले घर नै जोखिममा परेर छोडेर हि=डेको १५ दिन भइसकेको छ।

घर छोड्नेहरू आफन्तको जग्गामा टहरो बनाएर सरण लिएका छन्। अहिले जोखिममा रहेको कामीगाउँभन्दा तल्लो गाउँका मानिसहरू पनि सरसामानहरू सुरक्षित ठाउँमा सार्न थालेको स्थानीयले टेलिफोनमा जानकारी दिएका छन्। केरौंजामा हिजोआज नियमित जसो पानी परिरहेको स्थानीयले बताएका छन्। गतवर्ष पनि पहिरोले केरौंजागाउँको ९० घर र केरौंजाबेसीको २३ घर पुर्नुका साथै चार जनाको पुरिएर मृत्यु भएको थियो।

केरौंजा गाउँ भूकम्पपछि बस्नै नहुने भएको गाउँ हो। भूगर्भविद्हरूले समेत केरौंजा गाउँलाई स्थानान्तरण गर्नुपर्ने बताए पनि त्यसो हुन सकेको छैन। जिल्ला दैवीप्रकोप उद्धार समितिलाई केरौंजा गाउँ स्थानान्तरण गर्न पुनर्निर्माण प्राधिकरणले पत्राचार नै गरे पनि अहिलेसम्म सुरक्षित स्थानको खोजी हुन सकेको छैन।

(क्रमशः पृष्ठ ९ मा)

# आगोमा औषधि

दीपेन्द्र शर्मा, जाजरकोट

जिल्ला जनस्वास्थ्य कार्यालय जाजरकोटले ग्रामीण क्षेत्रका स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूमा पठाउने औषधि कर्मचारीको चरम लापरबाहीका कारण म्याद गुज्रिँदा जिल्लामै जलाइएको छ।

समयमा जिल्लाका ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थाहरूमा पठाउनुपर्ने औषधि नपठाएर जिल्लामै थन्काउँदा म्याद ग्रुजिएर जलाइएको हो। औषधि लामो समयसम्म जिल्ला जनस्वास्थ्य कार्यालय जाजरकोटको स्टोरमै थन्काएर राखिएको थियो। स्थानीय जनताले माग्दा पनि यसअघि सो औषधि उपलब्ध गराइएको थिएन।

जाजरकोट अस्पताल तथा जनस्वास्थ्य कार्यालयको हाताभित्रै बिहीबारदेखि जलाउन शुरू गरिएको औषधि शुक्रबारसम्म पनि खाल्डोमा जलिरहेको थियो। जलाइएको औषधिहरूमा अल्वेण्डाजोल ४८ सय पिस, इन्जेक्सनमा कलोराफेनामिन ३१ सय पिस, इन्जेक्सनमा डम्पेरिडम २८ सय पिस, इन्जेक्सनमा मेट्रो ५५ सय ३१ पिस, ट्याब्लेटमा जिङ चक्की २१ हजार पिस, ट्याब्लेटमा एमोक्सी १९ हजार पिस, सिरफमा सालबुटामोल ५३ पिस, ट्याब्लेटमा बी कमप्लेक्स २७ सय पिस, सिरफमा सिफिजन २५ सय पिस, कण्डम १४ हजार पिस, ट्याब्लेटमा रेसोनल ४८ हजार पिस, ट्याब्लेटमा फ्रुसेमाइड ५५ सय पिस नष्ट गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय जाजरकोटले जनाएको छ।



**पहिला जनताले माग्दा भने दिइएको थिएन।**

१२ सय डिग्री तापक्रममा इन्सुलेटर मेसिनमा राखेर ओषधि जलाउनुपर्ने प्रावधान भए तापनि जिल्ला जनस्वास्थ्य कार्यालयको गोदाम घरको आँगनमै खाल्डो खनेर औषधि जलाइएको छ। औषधि जलाएको धुवाँले अस्पतालमा उपचार गराउन आएका बिरामीहरूलाई समेत हैरान पारेको छ।

जलाइएको औषधि केही गाउँमा पठाउनुपर्ने र केही जिल्ला अस्पतालका लागि भएकाले जिल्लामै जलाउनुपरेको जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त प्रमुख रामपुकार साहले बताए। म्याद गुज्रेको औषधिलाई विभागमा फिर्ता गर्न नसकिएकाले जिल्लामै नष्ट गर्नुपरेको साहले जानकारी दिए।

२०७२ मंसिर २२ गते मन्त्रिपरिषद्को निर्णयबाट जिल्ला जनस्वास्थ्य कार्यालयबाट छुट्टिएको जाजरकोट अस्पताल व्यावहारिक हिसाबले विगत तीन महिनादेखि मात्रै छुट्टिएको जाजरकोट अस्पतालका निमित्त प्रमुख डा. धर्मराज रेग्मीले बताए।

(क्रमशः पृष्ठ ९ मा)

Go Ahead



# नाममा विशेषण

कमल ढकाल
dhakal_kamal@hotmail.com

जीवनमा कहिलेकाहीं बाटो देखिएन भने धेरै टाढा हेर्नु बेकार छ। हिंड्दै जाँदा बाटो आफैं बनेर आउँछ। यही वाक्यसँग मिल्दो गरी मार्क टेवेनले भनेका छन्- 'अगाडि जाने सेक्रेट कुरा भनेको अगाडि जान शुरू गरिहाल्नु हो।' मान्छेको जीवनमा समस्या आउँछ कहाँ जाने के गर्ने भन्ने। थाहै भएन भने पनि अगाडि देखिएको काम गर्दै जाँदा जीवनको बाटो खुल्दै जान्छ।

भौगोलिक विकटताले घेरिएको हाम्रो मुलुकमा आजभन्दा ४० वर्ष अगाडिको विकट हेलम्बु सेर्माथांगको कुरा लेख्न खोज्दै छु। त्यही चालीस वर्ष अगाडि जन्मेका निमा लाम ह्यल्मोसँगको कुराकानीअनुसार। माथि भनिएजस्तै पढ्न नदेखि जीवनमा अगाडि बढ्न पनि गाह्रो ठाउँ थियो हेलम्बुमा। निमाविबाहेक स्कुल थिएन। गाउँकै ज्योति निमाविमा तीन कक्षासम्म पढिसेकपछि गाउँमा अंग्रेजी पढाउने स्कुल आयो। यांग्रिमा बोर्डिङ स्कुल। तीन पढेका निमा फेरि यूकेजीमा भर्ना भए। १२ वर्षका निमाको कक्षामा १५ वर्षमा मान्छे पनि अंग्रेजी सिक्न यूकेजीमा भर्ना भए। यूकेजीदेखि तीन कक्षासम्म यांग्रिमामा पढेपछि उनी पाँच कक्षामा ज्योति निमावि गए। सातसम्म त्यहीं पढे। त्यति बेला विकट गाउँमा जाँदा शिक्षकहरूलाई भत्ता आउने भएर राजविराजका शिक्षक हेलम्बु आउँथे। मैथली बोल्न शिक्षकले नेपाली पढाउँदा उनले बुझ्दै बुझ्नेनन्। यांग्रिमाको अंग्रेजी, जनकपुरको मैथली र अलिक हिन्दी लवज, हेलम्बुको स्थानीय भाषा ह्योल्मो र नेपाली राष्ट्रिय भाषाको खिचडीले नेपालीमा फेल भए निमा। सातसम्म गाउँमा स्कुल पढेपछि प्राय:को पढाइ बिट मर्थ्यो। निमा पढ्न चाहन्थे। त्यसैले उनी ग्याल्थुमको सरस्वति मावि गए। चनौटेमा डेरा बसेर पढ्न थाले। घर र स्कुलको दूरी छ घन्टाको थियो। दिनहुँ छ घन्टा हिंड्न सक्ने कुरा पनि भएन। २०४९ सालमा एसएलसी पास गरेपछि गाउँमै

> निमाको पनि नामको अघि धेरै विशेषणहरु जोडिए। इँटा निमा। टेलिफोन अपरेटर निमा। एकाउन्टेन्ट निमा। स्कुल निमा। आदिवासी निमा। काठ निमा। गाउँमा बाबुले खोलेको मिलमा काम गर्दा मिल निमा। छेर्माथांगको निमा। सबै विशेषणहरु कामकै कारण जोडिए। मीठो बोल्ने, सबैसँग राम्रो व्यवहार गर्ने, खराब आदत नभएका निमा अहिले असल निमाको नाममा परिचित छन्। मान्छेले राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री वा जे जस्तो विशेषण जोडे पनि असल मान्छे जोड्न खोज्छ। नामको अघि उनलाई अहिले हेलम्बुले असल निमाको नाम दिइसकेको छ। त्यही विशेषण राष्ट्रभर र विश्वभर जोड्न निमा लागिपरेका छन्।

टेलिफोन अपरेटर बने। दुई वर्षपछि त्यो काम पनि झ्याउ लाग्यो र छाडे।

बाबु चेंगा लामा राजधानीमा काठको काम गर्थे। उनी काठको काम गर्न आए। महाराजगन्जमा त्यही समयमा इँटा डिपोमा काम गरे। काठको काम गर्दा गर्दै उनको आङ किन्जीसँग अफेयर चल्यो बिहेवारी भयो। २०५४ सालमा भएको विवाहको प्रमाणपत्र छोरो छिरिङ २०५५ सालमै आयो। छोरी छिमी र कान्छो छोरो सोनामसहित उनले तीन प्रमाणपत्र लिइसकेका छन् विवाहको।

बिग्रनलाई धेरै कुरा छन् सप्रनलाई एकै संकल्प काफी छ। निमा बिग्रन खोजेनन्। सप्रने संकल्प गरिरहे। इँटा डिपोमा काम गर्दागर्दै डेनमार्कको ब्रेन्डुप फल्क स्कुलमा कोर्स गर्न गए। डेनिसले आफ्नो राष्ट्रिय झन्डालाई गरेको प्रेम देखेर उनको राष्ट्रियता जाग्यो। डेनिसले भन्ने रहेछन् हाम्रो झन्डा आकाशबाट झरेको हो। जहाँ पनि झन्डा राखेर काम गर्ने उनीहरूको राष्ट्रियताले निमालाई आफ्नो राष्ट्रियता सम्झायो। उनी गाउँ फर्केर आफू पढेकै स्कुलमा अंग्रेजी मिडियममा पढाउने अठोट गरे। आएको १५ दिनमै गाउँ गए। बोर्डिङको एकाउन्टेन्ट हुँदै डाइरेक्टर भए।

आफू ताक्छ मुढो बन्चरो ताक्छ घुँडो भइसेकेको थियो नेपालमा। माओवादी द्वन्द्वले आक्रान्त पारेको हेलम्बुमा शुरूमा अंग्रेजी र संस्कृत पढाउन बन्द गराए माओवादीले। राष्ट्रिय गान हटाउन लगाए। पैसा मागेर हैरान गर्दागर्दै उनीहरूले बच्चालाई अर्को कोठामा थुनेर बम पड्काइदिए। ब्रिटिसको सहयोगमा चलेको र ब्रिटिसहरू आएर भोलेन्टर गर्ने स्कुल बन्द भयो। निमालाई सुरक्षा थ्रेट र पैसाको माग आउन थालेपछि उनी पनि लन्डन गए। १८ महिना पढे। फेरि देश फर्के। सबैले उनलाई यहीं बसभन्दा निमा अरूको देशमा शरणार्थी भन्दा आफ्नै देश बनाउन पर्छ भनेर फर्के।

अप्ठेरो समयमा अप्ठेरो काम गर्ने निमाले फाइभ स्टार होटेललाई थ्री स्टारको दरमा चलाएको त्यो समयमा सोसियल टुर्स नामक टुर्समा काम गर्न थाले। आदिवासी जनजाति महासंघको सचिव भएर काम गर्न थाले। जे काम गरे पनि उनलाई आफ्नो टोलको नाम छेर्मा (काँडा) थांग (चौर) काँडाको चौर काँडाकै चौरमा फर्केला भन्ने चिन्ता भइरहन्थ्यो। देशमा शान्ति फर्केपछि गाउँमै स्कुल परियोजनामा लागे। अहिले आफू पढेकै स्कुल यांग्रिमा माविले आठ ब्याच एसएलसी दिइसकेको छ।

सरकारलाई गाली नगर्ने आफूले खुरुखुरु काम गर्ने कुरा उनले डेनमार्कबाट सिके। देशप्रेम नर्वेबाट सिके। आज किन अँध्यारो छ भोलि उज्यालो हुनलाई त हो भन्ने कुरा हजुरबाबाट सिके। आफ्नो देशमा भ्रष्टाचार भयो नेताले काम गरेनन् भन्दा तिम्रो देशमा कति भयो प्रजातन्त्र आएको भनेर डेनिसले सोधेथे। उनले भर्खरै हो भन्दा हामीका एक शताब्दि भयो अझै त सिस्टम बन्दै छ तिमी बेबी डेमोक्रेसीबाट के आश गर्छौ पख यसलाई छिप्पिन देऊ भनेको कुरा उनलाई चित्त बुझ्यो। त्यसैले उनी गाली हैन काममा जोड दिन थाले। निमाले च्यारिटी एक्सपिडिसन नेपाल नामको संस्थाबाट हरेक वर्ष तीनदेखि पाँच सय पर्यटन ल्याई गाउँमा लैजान्छन्। पर्यटकहरूले उनीहरूको देशको जस्तो विकास यहाँ हेर्न आउने नै हैनन्। यहाँ आएर कुखुरा काटेपछि यहाँ आएर गाई दुहुन सिकेपछि उनीहरूको जीवनमा कहिल्यै नघटेको घटना भन्दै रोमाञ्चित हुन्छन्। फेरि फेरि फर्केर आउँछन्। यही काम निमाले गरिरहेका छन्। नेपालाई सहयोग गर पर्यटक पनि बन भन्ने उनको कन्सेप्ट रुचिपूर्ण छ।

हरेकको नाममा विशेषण जोडिन्छ कामले। मान्छे राम्रो विशेषण जोड्न जीवनभर दौडन्छ। प्रधानमन्त्री, मन्त्री वा अन्य यस्तै पदीय नामहरू पछि आफ्नो नाममा मान्छे गर्व गर्छ। निमाको पनि नामको अघि धेरै विशेषणहरू जोडिए। इँटा निमा। टेलिफोन अपरेटर निमा। एकाउन्ट निमा। स्कुल निमा। आदिवासी निमा। काठ निमा। गाउँमा बाबुले खोलेको मिलमा काम गर्दा मिल निमा। छेर्माथांगको निमा। सबै विशेषणहरू कामकै कारण जोडिए। मीठो बोल्ने, सबैसँग राम्रो व्यवहार गर्ने, खराब आदत नभएका निमा अहिले असल निमाको नाममा परिचित छन्। मान्छेले राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री वा जे जस्तो विशेषण पाए पनि असल मान्छे जोड्न खोज्छ। नामको अघि उनलाई हेलम्बुले असल निमाको नाम दिइसकेको छ। त्यही विशेषण राष्ट्रभर र विश्वभर जोड्न निमा लागिपरेका छन्। यात्रा उनको शुरू भइसकेको छ।

# मेटिएको छैन नायिका क्षितिजाको फिल्म रहर



रश्मी थापा

नायिका, मोडल तथा फेसन डिजाइनर क्षितिजा शाक्य फेरि फिल्ममा काम गर्दै छिन्। ७ कक्षामा पढ्दै गर्दा १४ वर्षको उमेरमा *पर्खाल* नामक टेलिसिरियलमा बाल कलाकारका रूपमा खेलेर चर्चा पाएकी क्षितिजाले त्यसपछि विभिन्न अफर आए पनि पढाइलाई पनि सँगै लानुपर्ने भएकाले लामो सयमसम्म कुनै अफर स्वीकार गरिनन्।

'मेरो ममीको रहरले गर्दा म फिल्म क्षेत्रमा आएकी हुँ। १४ वर्षको उमेरमा *पर्खाल*मा खेले पछि मलाई धेरैले चिन्थे। तर पढाइलाई डिस्टर्ब हुन्छ भनेर एसएलसीपछि मात्र पहिलो फिल्म *घामछाया*मा नायिकाको रूपमा डेब्यु गरैं', क्षिजिताले सुनाइन्- 'त्यो बेला मैले डान्स मात्र सिकेको थिएँ। फिल्मका लागि भनेर केही दिनसम्म निर्देशक प्रताप सुब्बा सरसँग ग्रुमिङ क्लास लिएर सुटिङ स्टार्ट गरेको थिएँ। *घामछाया* खेलेपछि मेरो एक्टिङको तारिफ सबैबाट भयो।'

कक्षा ४ देखि लगातार कक्षा ११ सम्म नृत्य निर्देशक वसन्त श्रेष्ठसँग नृत्य सिकेकी उनी सानैदेखि स्कुलमा आयोजना हुने कार्यक्रमहरूमा भाग लिने गर्थिन्। विषेश गरी डान्स र भलिबल खेल्नमा रुचि राख्थिन्। 'डान्समा इन्ट्रेस्ट थियो। त्यसैले स्कुलको कम्पिटिसनहरूमा भाग लिन्थैं। धेरैचोटि फस्ट भएर प्राइजहरू पाएकी थिएँ', क्षितिज गफिँदै थिइन्- 'त्यही देखेर ममीले मलाई वसन्त श्रेष्ठ अङ्कलको डान्स क्लासमा हालिदिनुभएको थियो। मलाई फिल्म क्षेत्रमा ल्याउन शुरुआत गर्ने र मलाई सपोर्ट गर्ने नै ममी हो। ममीकै सपोर्टले गर्दा नै म आज यहाँ छु।'

२०५५ सालमा विवाह बन्धनमा बाँधिएकी उनीले विवाह गरेकै वर्ष फिल्म *घामछाया*मा खेलेकी थिइन्। त्यसै वर्ष उनले *बेस्ट एक्ट्रेस*को अवार्ड पाएकी थिइन्। त्यसो त उनी २०५३ सालमा *दशैं उत्सव कार्यक्रम*मा बेस्ट मोडल भएकी थिइन्। *घामछाया*पछि लगातार *कैदी, नातेदार, फोर्स, क्लाइम्ब हाइ, सन्त्रास, मिस नेपाल*जस्ता आधा दर्जन नेपाली फिल्म तथा *मधुरम* नामक तामिल फिल्ममा अभिनय गरेकी छिन्। उनले ३ दर्जनभन्दा बढी म्युजिक भिडियो तथा विभिन्न २ दर्जन विज्ञापनहरूमा काम गरेकी छिन्। यसको साथै विभिन्न समयमा आयोजित ६० भन्दा बढी ग्याम्प शोहरूमा मोडलिङ गरेकी उनी आफैंले पनि तीन दर्जनभन्दा बढी ग्याम्प शोहरूमा कोरियोग्राफी गरेकी छिन्। *चिल्ड्रेन अफ द इयर २०१५* ले उनलाई बेस्ट फेसन डिजाइनर घोषणा गरेको थियो।

नायिका, कोरियोग्राफर, मोडलको अलावा उनले फेसनको दुनियामा छुट्टै पहिचान बनाएकी छिन्। सन् २००६ देखि क्षितिजा फेसन हाउस सञ्चालनमा ल्याएकी उनी नेपालको चर्चित फेसन डिजाइनर हुन्। 'फिल्महरूमा काम गर्दै गर्दा फेसन डिजाइनिङतिर पनि इन्ट्रेस्ट भयो। त्यसैले कोर्स गरेर बुटिक सञ्चालनमा ल्याएँ', २ सन्तानकी आमा भएर पनि उत्तिकै सुन्दर उनले भनिन्- 'छोरी जन्मेपछि म छोराछोरीहरूलाई पनि टाइम दिनुपर्ने भएकाले केही समय फिल्मदेखि टाढा रहें। अब छिट्टै दुई फिल्ममा काम गर्दै छु। त्यही फिल्मको तयारीका लागि फेरि जिम, फाइट तथा डान्स क्लासहरू लिइरहेको छु', उनी भन्छिन्- 'जुनसुकै फिल्डमा व्यस्त भए पनि जीवनभर अभिनयबाट टाढा रहन सक्दिनँ। नायिकाका रूपमा जस्तोसुकै भूमिकालाई न्याय दिन सक्छु भन्ने लाग्छ। अहिले पनि यी दुई फिल्ममा नायिकाका रूपमा आउँदै छु। फिल्म खेल्ने रहर मेटिएको छैन र कहिल्यै पनि मेटिने छैन।' फिल्ममा काम गर्ने तयारीबाहेक हाल क्षितिजा फेसन हाउसमार्फत आफ्नो बिजनेसलाई अगाडि बढाइरहेकी उनी हाल अनलाइन बिजनेसलाई ध्यान दिइरहेको बताउँछिन्



# निर्देशनसँगै अभिनय पनि गर्छु : झरना थापा

फिल्म दाइजोबाट फिल्ममा डेब्यु गरेकी नायिका झरना थापा धर्म संकट, जीवनसाथी, दुःखसुख, मुग्लान, म तिमीविना मरी हाल्छुगायत दर्जनौं फिल्ममार्फत् दुई दशक अघिदेखि नेपाली फिल्म अभिनयमा बिताएपछि आफ्नै होम प्रोडक्सनमा बनेको फिल्म ए मेरो हजुर २ बाट फिल्म निर्देशनमा समेत डेब्यु गरेकी छिन्। अभिनयबाट दर्शकको मन जित्न सफल उनको डेब्यु निर्देशनमा बनेको फिल्म ए मेरो हजुर २ को ट्रेलर युट्युबमा निकै मन पराइएको छ। आगामी भाद्र १६ मा रिलिज हुने उनको यो फिल्मले भने दर्शकको साथ कतिको पाउने हो त्यो भने फिल्म हलमा नलागेसम्म पर्खनुपर्छ। उनै नायिकासँग ५ प्रश्न यहाँ प्रस्तुत छ :

## ५ प्रश्न



रश्मी थापा

**कलाकारिताबाट निर्देशनमा किन आउनुभयो ?**

दुई दशकदेखि नेपाली फिल्ममा कलाकारीता गर्दै आएको छु। तर सधै समय एउटै हुँदैन र सधैं एउटै काममा मात्र रहेर पनि हुँदैन। यत्रो समय नायिका या कलाकारका रूपमा फिल्ममा बिताएपछि दर्शक र नेपाली सिनेमा क्षेत्रलाई केही नयाँ गरेर देखाऊँ र अर्को विधाबाट पनि यो क्षेत्रमा केही योगदान गरौं भनेर निर्देशनमा आएको हुँ। कलाकार झरनालाई जस्तै गरी दर्शकले निर्देशक झरनालाई पनि साथ दिनुहुनेछ भन्ने विश्वास गरेकी छु।

**कलाकारिता गर्न कठिन रहेछ कि निर्देशन गर्न ?**

पक्कै पनि कलाकारिता भन्दा निर्देशन कठिन कार्य हो। यसको मतलब कलाकारिता सजिलो छ भनेको चाहिँ होइन। म जुन बेला कलाकार भएर कसैको प्रोजेक्टमा काम गरिरहेको हुन्छु, त्यो बेला मलाई केवल आफ्नो कामको मात्र ध्यान हुन्थ्यो। सुटिङ स्पटमा म आरामले छाता ओढेर बस्थैं। अरू कुनै पनि कुराको बारेमा मैले सोच्नु पर्दैनथ्यो। त्यो जरुरी नै हुँदैन थियो। सेटमा गयो, आफ्नो काम गऱ्यो फर्क्यो बस। तर निर्देशन गर्न त्यति सजिलो छैन। निर्देशक भइसकेपछि आफ्नो कामसँगै अन्य कुराको बारेमा पनि सोच्नुपर्छ। निर्देशक भएपछि धेरै कुराको जिम्मेवारी बहन गर्नुपर्छ। फिल्मको सम्पूर्ण व्यवस्था आफैंले हेर्नुपर्छ। कहाँ के भइरहेको छ, सबै जनाले खाना खाए कि खाएनन्लगायत अन्य विभिन्न कुराहरू आफूले ख्याल राख्नुपर्ने भएकाले कलाकारिता गर्नुभन्दा निर्देशक बन्नु कठिन काम हो।

**तपाईं महिला निर्देशक भएकै कारण फिल्म निर्देशनका क्रममा केही कठिनाइ भोग्नुभयो ?**

कुनै पनि काम गर्दा महिला र पुरुष भएर केही फरक पर्दैन। मैले कहिले पनि काम गर्दा म महिला हुँ भन्ने भावनाले गरिनँ। केवल म निर्देशक हुँ भनेर काम गरेँ। कुनै पनि काम गर्दा आफ्नो मेहनत र परिश्रम देखाउने हो। बरु काममा महिला र पुरुष हैन मेहनतले फरक पार्ने हो। मेरो फिल्मको सबै कलाकार तथा श्रीमान् सुनिलकुमार थापाले निकै साथ दिनुभयो। यस कारण मलाई फिल्म निर्देशनका क्रममा महिला भएकै कारण त्यस्तो कुनै कठिनाइ भएन। सबैको सहयोग र साथ पाएँ। यसले मलाई थप उत्साहित पनि बनाएको छ।

**आफ्नो होम प्रोडक्सनबाहेक अन्य फिल्म पनि निर्देशन गर्नुहुन्छ ?**

गर्छु अन्य फिल्महरूमा पनि कुरा आइरहेको छ। केही समय पछाडि फिल्म फ्लोरमा जाँदै छ। त्यसको तयारीमा छु। निर्देशन विधामा आइसकेपछि आफ्नै होम प्रोडक्सनको मात्र फिल्म गर्छु भनेर पनि हुँदैन।

**अब कलाकारितामा फर्किनुहुन्छ कि हुन्न ?**

अवश्य पनि फर्किन्छु। म कलाकारिताबाट संन्यास नै लिएर निर्देशनमा गएको होइन। निर्देशनसँगै कलाकारितालाई पनि अगाडि बढाउँछु। फिल्मका लागि कुरा त आइरहन्छन्। राम्रो खालको कथा र विषयवस्तु भएको फिल्ममा हेरेर मात्र खेल्छु। हुन त मैले धेरै किसिमको क्यारेक्टरमा अभिनय गरिसकेको छु। कस्तो क्यारेक्टरमा खेल्छु, त्यो त मैले सोचेको छैन।

# विद्याले ल्याइन् हेलो हाइ

हेटौंडा, (नेस)। नेपाली संगीतको ठूलो रियालिटी सो *नेपाल आइडल*को टप १८ सम्मकी प्रतिस्पर्धी एवम् हेटौंडालाई चिनाउन प्रयासरत विद्या तिवारीले पहिलो एकल गीत स्रोतामाझ ल्याएकी छन्।

विद्याले *हेलो हाइ* बोलको म्युजिक भिडियो हालै सार्वजनिक गरेकी छन्। माधव ढुंगानाको रचना रहेको गीतमा शिखर सन्तोषको संगीत छ। उनको यो गीतको म्युजिक भिडियोमा अभिनेत्री प्रियंका कार्कीले गीतमा मोडलिङ गरेकी छन्। हेटौंडा२ की २३ वर्षीया विद्यालाई गीतमा र्‍यापर गिरीश खतिवडाले साथ दिएका छन्।

*नेपाल आइडल*को अडिसन राउन्डमै क्लासिकल फ्युजन गाएर चर्चा पाए पनि विद्या टप १८ भन्दा माथि जान सकिनन्। गायन कलामा धनी उनी कम भोट पाएपछि बाहिरिएकी थिइन्। उनले *नेपाल आइडल*मा गएर धेरै कुरा सिकेको बताइन्। 'मैले धेरै कुरा पाएको जस्तो भइरहेको छ' -उनले भनिन्।

यसैबीच उनी बिहीबार हेटौंडामा रहेको मामाघर पुगेकी छन्। पूर्वसडक बालकहरू संरक्षित मामाघरमा संरक्षित भञ्जाहरूका लागि उनले जनैपूर्णिमाको अवसरमा क्वाँटी खरिद गर्नका लागि नगद १५ सय रुपियाँ उपलब्ध गराइन्। बुबा श्याम तिवारीसँग त्यहाँ पुगेकी उनले भाञ्जाहरूलाई गीत सुनाएर मनोरञ्जन दिलाएकी थिइन्। उनले भविष्यप्रति चिन्तित हुन उनले सुझाइन्।



# कुटुमा कुटु गायिका मेलिनाले सकिनन् सुन्न

लोकप्रिय गीत *कुटुमा कुटु*की गायिका मेलिना राईद्वारा स्वरबद्ध नयाँ गीत *सुन्न सकिनँ* म्युजिक भिडियोसहित सार्वजनिक भएको छ।

*कुटुमा कुटु*का साथमा *तिम्ले बाटो फेर्‍यौ अरे*जस्ता लोकप्रिय आधुनिक गीतकी गायिका मेलिनाको *सुन्न सकिनँ* बोलको गीत तथा भिडियोलाई एमएमएस इन्टरटेनमेन्टले सार्वजनिक गरेको हो। *सुन्न सकिनँ* सार्वजनिक भएसँगै मेलिनाले हरेक प्रकारका गीत गाउन सक्छिन् भन्ने उदाहरण पेस गरेकी छन्। यो प्रेम वियोगात्मक गीत हो, जसलाई मेलिनाले गायन प्रस्तुतिमा पनि त्यो भाव पस्केकी छन्।

राजेश अर्यालको शब्द र टंक बुढाथोकीको संगीत रहेको यसमा म्युजिक भिडियो निर्देशक तथा गीतकारसमेत रहेका दर्पण राई र मोडल सम्झना राईले अभिनय गरेका छन्। गीतकार दर्पण र सम्झनाका अलावा यस भिडियोमा रूपा केसीको पनि अभिनय छ। भिडियोमा दर्पण, सम्झना र रूपको त्रिकोणात्मक प्रेमकथा झल्काइएको छ।

यस भिडियोलाई शशांक कँडेलले निर्देशन गरेका छन्। चितवनमा छायांकन गरिएको *सुन्न सकिनँ* गीतको भिडियोलाई राजकुमार लामिछानेले खिचेका हुन् भने सम्पादन प्रेम शर्मा पौडेलको रहेको छ।





# साहित्य

साहित्य कसैको नक्कल पनि होइन, यो फेशन वा नशा पनि होइन। यो जीवनसँगै जन्मन्छ, जीवनसँगै बाँच्छ र जीवनलाई जीवन्त पनि यसैले गर्छ। म साहित्यलाई विशुद्ध जीवन र जगत्को लागि उद्घोष गर्ने सुशील योद्धाको बुलन्द भाषण भन्छु।
-जसराज किराती

राष्ट्रको आत्मा, समाजको प्राण, व्यक्तिको श्वास-प्रश्वास, देशको गौरव र पहिचान। साहित्यको कुनै सीमाबद्ध परिभाषा छैन। प्रकाश पुञ्ज हो, व्यक्तिको भावनाबाट प्रकट भएर समाज र राष्ट्रलाई नै उज्यालो पार्छ।
-डा. तुलसी भट्टराई

# नेपाली शिक्षा परिषद्को सेरोफेरो

मोहन दुवाल

नेपाली भाषा-साहित्यका अनन्य सेवकका रुपमा प्रख्यात लेखक गोपाल पाँडे 'असीम' ले राष्ट्रभाषा साहित्यको समृद्धि र विकासका लागि जे-जति श्रम र पसिना पोखेर गए त्यसको छुट्टै पहिचान र इतिहास बनिसकेको तथ्यलाई कसैले पनि बिर्सिन गाह्रो छ। वि.सं. २००८ मा नै 'नेपाली शिक्षा परिषद्' को स्थापना भएको थियो। नेपाली भाषा-साहित्यलाई अझ व्यापक र प्रभावशाली तुल्याउन यिनले शिक्षा परिषद्मार्फत धेरै खालका रचनात्मक कार्यहरु गरेको देखिन्छ। वि.सं. २००९ मा 'नेपाली उच्च शिक्षालय' को स्थापना गरेर आफ्नो सक्रियतालाई अझ सुदृढ ढङ्गले यिनले देखाएकै हुन्। वि.सं. २०१० मा 'प्रवेशिका परीक्षा' को सञ्चालन गराएको देखिन्छ। २०१० सालतिर नै बृहत् साहित्य सम्मेलनको आयोजना, भानु र मोती जयन्तीको आरम्भ गरेर भाषा-साहित्य क्षेत्रमा उल्लेखयोग्य कार्य गरेर देखाएका छन्। स्वर्गीय कवि-लेखकहरुको सामूहिक जयन्ती र कवि शिरोमणि लेखनाथको रथयात्रासहित अभिनन्दनको आयोजना वि.सं. २०११ देखि यिनले शुरु गरे। यसरी शिक्षा र साहित्यमा योगदान पुर्‍याउँदै जाने उद्देश्यअनुसार नयाँ-नयाँ खालका साहित्यिक गतिविधिहरु गर्दै लान यिनी सफल भए। वि.सं. २०१३ मा 'समस्या पूर्ति कवि सम्मेलन' को आयोजना काठमाडौंमा प्रारम्भ गरेर कविता वाचन गर्ने परम्परामा एउटा नयाँ खालको तरङ्ग यिनले ल्याए। नेपाली शिक्षा परिषद्ले अर्को भानु प्रतिमा स्थापना गरेर गरिमामय कार्य गरेर देखाएको छ काठमाडौंमा। यी यावत् महत्वपूर्ण कार्यहरु वि.सं. २०१६ सम्ममा भएको देखिन्छ।

नेपाली शिक्षा परिषद्को बाह्रवर्षे दीक्षान्त समारोहको आयोजना २०२२ मा भयो। २०२३ मा 'मोती जन्म शताब्दी' र 'लेखनाथ जयन्ती' आयोजना काठमाडौंमा नै भएको र २०२५ सालदेखि काठमाडौंबाहिर स्रष्टाहरुको जयन्ती समारोहहरुको आयोजना आरम्भ गरेर नेपाली शिक्षा परिषद्ले नेपालभर आफू फिँजिँदै जाने सोच बनाएको देखिन्छ। ठाउँ-ठाउँमा प्रतिमा निर्माण गर्ने अभियान २०२९ सालदेखि सञ्चालन गरेको देखिन्छ। रम्घाको साहित्यिक यात्रा २०२९ मा गरेर २०३३ मा रम्घामा नै 'भानु स्मृति भवन' निर्माण गरे। २०३३ मा नै धरानमा पनि 'मोती स्मृतिभवन' निर्माण गरेर नेपाली शिक्षा परिषद्ले आफूलाई चिनाए। त्यहीँ मोती प्रतिमा स्थापना पनि गर्न लगाए। यी माथि उल्लेख भएका सबैजसो महत्वपूर्ण शैक्षिक, साहित्यिक कार्यहरु गोपाल पाँडे आफैं सक्रिय भएर गरेका हुन्। २०३५ मङ्सिरमा काठमाडौंमा यिनको निधन भयो।

भाषासेवी गोपाल पाँडेको अवसानपछि नेपाली शिक्षा परिषद् केही वर्ष सुस्तजस्तो देखिए पनि पछि वि.सं. २०४० देखि पुन: गतिशील ढङ्गको साहित्यिक कार्य पुर्‍याउनेहरुमा कृष्णप्रसाद ढुङ्गाना, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, बद्रीविक्रम थापा, खड्गमान मल्ल र माधव घिमिरे छन्। नेपाली शिक्षा परिषद् राष्ट्रभाषा शिक्षा प्रणालीको निरन्तर प्रयोगबाट वञ्चित हुनुपरेको जस्तो देखिए तापनि अन्य साहित्यिक क्रियाकलापहरुमा सक्रिय नै देखिन्छन्। २०४० सालमा 'लेखनाथ जन्मशताब्दी' समारोहका रुपमा वर्षभरि नै कार्यक्रम सञ्चालन गरे। २०४१ मा 'सम जयन्ती' को आरम्भ गरे। २०४१ मा नै परिषद्का संस्थापक गोपाल पाँडे 'असीम' को जयन्ती समारोहका रुपमा आयोजना गरे। २०४१ मा शिलान्यास भएको 'लेखनाथ साहित्य सदन' २०४६ मा निर्माण पूरा गरे। यसै सालमा नै लेखनाथ सदन, पुरस्कार, २०५२ सालमा स्थापना भएको देखिन्छ। यसै परिषद्को सक्रियतामा बालकृष्ण समको प्रतिमा, लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा ल्हासा (तिब्बत) मा स्थापना भएको देखिन्छ। २०५९ मा गोपाल पाँडेको पनि प्रतिमा स्थापना भयो।

जीवित साहित्यकारहरुको अभिनन्दन र सम्मान, दिवंगत स्रष्टाहरुको सम्झनामा कार्यक्रम, महत्वपूर्ण साहित्यकारहरुको नाममा पुरस्कार स्थापना, साहित्यकारहरुको प्रतिमा स्थापना, पुस्तक प्रकाशन, लेखनाथ सङ्ग्रहालयमा पुस्तकालयको व्यवस्थापन गर्ने ऐतिहासिक कार्यहरु गरेर नेपाली शिक्षा परिषद् धन्य भएको छ। हालसम्म 'आदिकवि भानुभक्त पुरस्कार' बाट सम्मानित हुनेहरुमा माधवप्रसाद घिमिरे, कमलमणि दीक्षित, धवलागिरि साहित्य प्रतिष्ठान, गोपीनारायण प्रधान (भारत), गोमा उपाध्याय, लोकराम पाँडे, प्रेम छोटा, भवानी घिमिरे, कृष्णप्रसाद पराजुली, डा. हर्षबहादुर बुढामगर, पूर्णप्रकाश नेपाल 'यात्री', साहित्यिक पत्रकार संघ, डा. चूडामणि बन्धु, डा. हेमाङ्गराज अधिकारी, भद्रकुमारी घले, अन्तर्राष्ट्रिय साहित्य समाज (अमेरिका), दधिराज सुवेदी, डा. माधवप्रसाद पोखरेल, पद्मराज जोशी, मोहन दुवाल, अच्युतरमण अधिकारी, चितवन साहित्य परिषद्, नगेन्द्रराज शर्मा, आर.सी. रिजाल छन्। साहित्यिक पत्रकारहरुमा भवानी घिमिरे, नगेन्द्रराज शर्मा, मोहन दुवाल, अच्युतरमण अधिकारी सम्मानित भइसकेका छन् र २०७४ श्रावण ३२ गते रोचक घिमिरे सम्मानित हुँदै छन्। राष्ट्रभाषाका अनन्य सेवकहरुको निष्पक्ष मूल्याङ्कन भई सम्मान गरेको पाइन्छ, जुन स्तुत्य र उल्लेखयोग्य छ।

राष्ट्रभाषा साहित्यसेवीप्रति आदर गर्न, राष्ट्रभाषाको प्रचार-प्रसारमा व्यापकता ल्याउन, साहित्य महारथीहरुलाई प्रतिमामा सजाएर सम्मान गर्न, दिवंगत स्रष्टाहरुको परिचय गराउन, 'राष्ट्रभाषा' पत्रिकामार्फत साहित्य-गान गाउन, साहित्यसेवामा आफूसक्दो गरिरहन नेपाली शिक्षा परिषद् सधैं सक्रिय रहेर सेवा गरेको देखिन्छ। गोपाल पाँडे 'असीम' को त्याग, तपस्या र भावनाबाट सिर्जित नेपाली शिक्षा परिषद् नेपालकै साहित्यिक इतिहासमा कुँदिराख्नुपर्ने संस्थाका रुपमा स्थापना भएको इतिहासलाई संरक्षित गर्दै गतिमय बनाउन सक्रिय रहँदै आएकी छिन्- रमा शर्मा। गोपाल पाँडेको बिँडो थाम्दै नयाँ-नयाँ आयाममा संस्थालाई मजबुत तुल्याउन साहित्य-घर निर्माण गरेर, पुरस्कारका लागि २२ सौं लाख नगद अक्षयकोषमा राखेर, नेपाली भाषा-साहित्यको सेवा गर्न तत्पर रहेर रमा शर्मा सक्रिय रहेको देखिन्छ। गोपाल पाँडे र नेपाली शिक्षा परिषद् भनेजस्तै नेपाली शिक्षा परिषद् र रमा शर्मा पर्याय नामजस्तै बन्दै नेपाली शिक्षा परिषद् इतिहास बनिसकेको छ। यसमा गौरवपूर्ण भाषा-साहित्यको नाम जोडिसकेको छ। यसलाई साँच्नु सबै नेपालीहरुको कर्तव्य हुन गएको छ।





गरेर देखा परे। गोपाल पाँडेले आफ्नै सुपुत्री रमा शर्मालाई आफू हिँडेको बाटो हिँडाउन सफल रहेका कारणले नेपाली शिक्षा परिषद्मा रमाको योगदान पनि आफ्नो गतिमा सक्रिय रह्यो। २०२५ सालदेखि नै रमा शर्मा नेपाली शिक्षा परिषद्मा सदस्य भएर सेवा गरेकै कारणले र आफ्नो बुबाको भाषा-साहित्यप्रतिको आगाध माया-प्रेमले गर्दा उनी नेपाली भाषा-साहित्यको सेवामा दत्तचित्त रहेर सेवा गरेको देखिन्छ। रमा शर्मा यस परिषद्को सदस्य-सचिव भएको पनि करिब ४० वर्ष भयो। नेपाली शिक्षा परिषद्मा हालसम्म अध्यक्ष भई सेवा सोह्रखुट्टेमा लेखनाथ पौड्यालको प्रतिमा स्थापना भयो। त्यहीँ साहित्यिक सङ्ग्रहालय पनि बनाए र नेपाली पुस्तकालयको स्थापना पनि गरे। २०४९ देखि गोपाल पाँडे 'असीम' पुरस्कारको स्थापना भयो र २०५१ सालदेखि 'आदिकवि भानुभक्त पुरस्कार' को पनि स्थापना भएको देखिन्छ। रु. ३०,०००।- र रु. १,२५,०००।- नगदराशीसमेत दिई पुरस्कृत गरिने उक्त सम्मानहरु प्रत्येक वर्ष असार २९ गते र श्रावण ३२ गते कार्यक्रमसहित गरेर वितरण गरिँदै आएको देखिन्छ। पछि गोपाल पाँडेको नाममा 'गोपाल पाँडे 'असीम' उत्कृष्ट नेपाली नयराज पन्त, केशरबहादुर के.सी., यदुनाथ खनाल, डा. तुलसीबहादुर क्षत्री अपतन, मदनमणि दीक्षित, भरतराज मन्थलीय, सत्यमोहन जोशी, डा. स्वामी प्रपन्नाचार्य, धर्मराज थापा, भरतराज पन्त, बालकृष्ण पोखरेल, भानुभक्त पोखरेल, अंगुरबाबा जोशी, कृष्णचन्द्रसिंह प्रधान, राजेश्वर देवकोटा, डा. तारानाथ शर्मा, डा. वासुदेव त्रिपाठी, माधवलाल कर्माचार्य, डा. जगमान गुरुङ, आर.डी. प्रभास चटौत, शिवगोपाल रिसाल, डा. राजेन्द्र विमल छन्। 'गोपाल पाँडे 'असीम' पुरस्कारबाट सम्मानित हुनेहरुमा बालकृष्ण पोखरेल,

## पुस्तक चर्चा

# 'घामका छिर्काहरु'मा उभिएर हेर्दा

कमल मिश्र




कवि मोहन दुवाल अथक् साहित्यसेवीको नाम हो। उहाँका २३ थान कृतिहरु प्रकाशित भैसकेका छन। तीमध्ये बालकवितासंग्रह 'घामका छिर्काहरु' बाइसौं कृति हो। कविले ठूलाका लागि पुस्तकहरु लेख्दालेख्दै र 'जनमत साहित्यिक मासिक'को सेवामा अहोरात्र खटिरहेकोले बालकवितासंग्रह प्रकाशित गर्न भ्याउनुभएको थिएन। तर उहाँको बालकविता बेला-बेला पत्रिकामा देख्न पाइन्थ्यो।

सर्वप्रथम मैले बालकवितासंग्रह 'घामका छिर्काहरु'मा उभिएर हेरेँ। त्यसमा १९ वटा छोटा-मीठा सचित्र कविता रहेछन्। सबै कविता मैले दोहोर्‍याएर पढेँ, स्वयं बालपाठक बनी। जसमा शीर्षकअनुसारको चित्रले बच्चाको ध्यानाकर्षण गर्न सफल हुन्छ भन्ने मेरो ठम्याइ छ। कविताले बच्चा र बालबालिकालाई ज्ञान दिन भूमिका खेल्छ। पात्रहरु पनि बालदिमागले टिप्न सक्ने खालका छन्। जस्तै- पुतली, कमिला, काग, देश आदि। सरल शब्दमा मानवोचित ज्ञान बाँड्न प्रयत्न गर्नुहुने मोहन दुवालका पुस्तकमा कवि दुवालले लेख्नुभएको छ- 'बालसाहित्य उत्थान, संवर्द्धन, प्रचारप्रसार गर्ने अभियानमा लागेर नेपाल बालसाहित्य समाजको माध्यमबाट देशको कुनाकाप्चामा लाग्न पाउँदा र त्यस अवसरमा रसास्वादन गर्न पाइएको बालसाहित्यको मर्मले आफूलाई पनि केही बालसाहित्य कोर्ने हौसला र जाँगर खुल्यो।'

कविले बालबालिकालाई यस कवितासंग्रहबाट दूधदेखि क्रमश: ठोस आहार खुवाएझैं गरी साहित्यिक खुराक दिन खोज्नुभएको छ। बालबालिका घामका छिर्काझैं छन्। तिनलाई साहित्य जगत्मा पूर्ण प्रकाशझैं फैलाउन खोज्नुभएको छ। आजका बालबालिकामध्येबाट भोलि धुरन्धर साहित्यकार बन्नको लागि यो पुस्तकले एक साहित्यिक भर्‍याङको खुड्किलाको काम गर्छ। दुवालका 'घामका छिर्काहरु' मा प्रकाशित बालकविताहरुका केही अंशहरु यस्ता छन्-

असल मान्छे बन्न
राम्रो काम गर है।
- मान्छे

झगडा गर्ने बानी हेर
कुकुरको हुन्छ।
- असल बन्न

आज हेर चारैतिर
घाम उदायो।
- घाम उदायो

होस्टे हैंसे गरेर
मिलिजुली खेलौं
- बानी

सबै मिले देश बन्छ
मन्त्र घोकौं ल।
- देशको गीत

यो पुस्तक सानो भए पनि ज्ञानवर्द्धक छ। कवि दुवाललाई हार्दिक बधाई दिँदै अरु बालकृतिको जन्म भैरहोस्। शुभकामना !

## मुक्तक



अधिकार सबैलाई मिल्दै छ कतिसम्म हेप्छौ ?
ढुंगा फोरेर पनि पीपल उम्रिन्छ कतिसम्म चेप्छौ ?
पाप धुरीबाट अवश्य कराउँछ
आफ्नो गल्तीलाई हाम्रो आँखासामु कतिसम्म छोप्छौ?

- भूमिका थारु, कीर्तिपुर

पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल

# साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

साउन १४ दखि २० गतेसम्म

**मेष**
तपाईंका लागि यस हप्ताका धेरैजसो दिनहरु शुभ छन्। आँटेको र अधुरा काम पूरा होलान्। एकपछि अर्को गर्दै सफलताका सिँढीहरु उक्लिने सम्भावना छ। भोजनादि खाद्यान्न सामग्री प्राप्ति होला। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि होला। मंगलबारदेखि बिहीबारसम्म भने बढी नै परिश्रम गर्नुपर्ला। आर्थिक नोक्सानी हुने र तनाव सृजना हुने देखिन्छ।

**वृष**
यो साता तपाईंका लागि धेरै उपलब्धिमूलक छ। गरेका काम सफल हुने, कहीं कतै वंशवृद्धिको सम्भावना, रिसाएका व्यक्तिहरु खुसाएर नजिकिन खोज्ने, मुद्दामामिला भएमा विजयको सम्भावना, पठनपाठनमा सफलता, राम्रै आम्दानी हुने प्रबल सम्भावना, साथीभाइ-इष्टमित्रबाट सहयोग, नेतृत्वदायी भूमिकामा सफलता हुनेछ। तर शुक्रबार भने स्वास्थ्य समस्या, कार्य बाधा हुने प्रबल सम्भावना छ।

**मिथुन**
साता धेरै शुभ फलदायक देखिन्छ। आज शनिबार पेटको समस्या, दौडधुप भए पनि बाँकी सबै दिन उपलब्धिमूलक छन्। कतैबाट धन-पैसा प्राप्तिको योग छ। यसले गर्दा आर्थिक समस्या समाधान हुनेछ। कुनै प्रतियोगिताहरुमा भाग लिएको भए जित्ने सम्भावना अधिक छ। प्रेमप्रसंगले पूर्णता पाउनेछ। जीवनसाथीको सहयोगले ठूलै काम बन्ला। आफन्तबाट सहयोग पाइनेछ।

**कर्कट**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। निर्णय क्षमतामा कमी आउला। के गर्ने, के नगर्ने भन्नेमा अरुको सहायता आवश्यक पर्न सक्छ। मध्यभाग आइतबार र सोमबार चिन्ता, थकावट, विवादको समाना गर्नुपर्ला। रोगव्याधि, चोटपटकको भय छ। मंगलबारदेखि समय शुभ छ। स्वास्थ्यलाभ, गरेका कामको उपलब्धि, आर्थिक लाभ हुनेछ। इज्जत-प्रतिष्ठामा वृद्धि होला।

**सिंह**
तपाईंका लागि यो साताका शुरुका दिनहरु शुभ फलदायक देखिन्छन्। उपलब्धिमूलक कार्यमा लगानी हुने, आम्दानी बढ्नाले घरयासी आवश्यकताका वस्तुहरुको अभाव नहुने, पारिवारिक सुख-सन्तोष हुनेछ। इज्जत-प्रतिष्ठा, मान-सम्मान बढ्नेछ। मंगलबारबाट भने स्वास्थ्य समस्या आउने सम्भावना छ। पारिवारिक विवाद होला। अनावश्यक झमेला आइलाग्नेछ। बिहीबारसम्म धैर्यताको खाँचो छ।

**कन्या**
तपाईंका लागि यो साताका दिनहरु धेरै शुभ फलदायक देखिन्छन्। सानै प्रयासबाट नचिताएका ठूला काम बन्नेछन्। कतैबाट धन, पुरस्कार, उपहार, मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ। पारिवारिक वा साथीभाइसँग राम्रै जमघट होला। आर्थिक लाभ हुनेछ। वैदेशिक होस् वा स्वदेशमै भए पनि रोमान्टिक यात्रा हुन सक्छ। साताको अन्त्य शुक्रबार भने स्वास्थ्यमा समस्या आउन सक्छ।

**तुला**
साता उत्तम फलदायक छ। आँटेका र थालनी गरिएका अधुरा कार्यहरु पूरा हुनेछन्। व्यापारिक क्षेत्रमा लागेका व्यक्तिलाई सोचेभन्दा बढी फाइदा होला। कुनै अचल सम्पत्ति वा भविष्यमा फाइदा दिने शेयर अथवा कुनै व्यवसायमा लगानी होला। पराक्रम, प्रतिष्ठा, इज्जत बढ्नाले मानसिकरुपमा स्वस्थ एवम् तनावरहित भइनेछ। साताको शुरु आज शनिबार भने रोगव्याधि, विवाद नहोला भन्न सकिन्न।

**वृश्चिक**
यो साता तपाईंका लागि धेरै नराम्रो देखिँदैन। आज शनिबार धनलाभ, कार्य सफल हुनेछ भने त्यसपछिका दुई दिन त्यति सन्तोषजनक छैनन्। दिनचर्या अस्तव्यस्त हुने, मानसिक तनाव बढ्ने, अपच-झाडापखालाको सम्भावना देखिन्छ। सजग रहनुहोला। तर मंगलबारदेखि बिस्तारै समस्या समाधान हुँदै जानेछन्। स्वास्थ्यलाभ, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ। राज्यबाट लाभ हुनेछ।

**धनु**
धेरैजसो दिन तपाईंका लागि शुभ छन्। आँटेको काम पूरा होला। विद्यार्थीलाई विद्या, व्यापारीलाई फाइदा र राजनीतिज्ञलाई सफलता प्राप्त होला। भोजनादि सामग्री भित्रिने सम्भावना छ। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि हासिल होला। तर मंगलबारदेखि बिहीबारसम्म भने आर्थिक नोक्सानी हुने र अलि बढी नै परिश्रम गर्नुपर्ने देखिन्छ।

**मकर**
यो साता तपाईंका लागि धेरै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने दुर्घटनाको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**कुम्भ**
साताको शुरुको दिन शनिबार केही खर्च र सामान्य स्वास्थ्य समस्या आउने सम्भावना छ। तर बाँकी दिनहरु भने धेरै लाभदायक छन्। इच्छित कार्यहरु पूरा हुँदा मन प्रफुल्लित हुनेछ। व्यापार, ठेक्कापट्टा वा गरिरहेको व्यवसायले सफलताको सिँढी चढ्नेछ। आम्दानीका स्रोतहरु बढ्नेछन्। नेतृत्व क्षमतामा वृद्धि हुँदा अरुहरु नतमस्तक हुनेछन्। इज्जत-प्रतिष्ठा नयाँ उचाइमा पुग्नेछ।

**मीन**
तपाईंका लागि यस साताको आइतबार र सोमबार त्यति राम्रो देखिँदैन। रोगव्याधि, चोटपटकको सम्भावना छ। तर बाँकी दिनहरु धेरै शुभ छन्। कहीं-कतैबाट आर्थिक लाभ होला। खाद्यान्न, उपहारादि वस्तु प्राप्ति होला। बौद्धिक एवम् कूटनीतिक क्षमताको विकास होला। बुद्धि विवेकले ठूलै काम बन्ला। कार्य सफल, सुख-सन्तोष होला। व्यापारिक कारोबारबाट राम्रै फाइदा होला।

# नेपाल

ज्यान गुमाएका सबै जनाको घर परिवारले आफ्नो गाउँमा रहेको स्वास्थ्यचौकीमा रोग निको पार्ने औषधि र स्वास्थ्यकर्मी नभएको गुनासो गरे।

## अस्पताल ल्याउँदै गर्दा बाटोमै मर्छन् बिरामी

वीरबहादुर बम, गमगढी



जिल्लाको उत्तरी क्षेत्रमा पर्ने सोरु गाउँपालिकामा भरपर्दो यातायात तथा सुरक्षा व्यवस्था नहुँदा जिल्ला अस्पताल पुग्न २ दिन लाग्ने गरेको छ। जटिल समस्या भएका बिरामीको उपचार गर्न जिल्ला अस्पताल ल्याउँदै गर्दा उपचार नै नपाई बाटोमै ज्यान जाने गरेको छ।

हप्ता दिनमै बीच बाटोमै मर्नेको संख्या ३ पुगेको छ। सोरु गाउँपालिका-६ का ३२ वर्षीय हर्क लावडको पेट दुखेपछि उपचार गर्न ६ दिन अगाडि जिल्ला अस्पताल ल्याउँदै गर्दा र सोही गाउँपालिका-२ का हिम्मतनाथ योगीलाई शरीरमा देखा परेको घाउखटिराको उपचार गर्न जिल्ला अस्पताल गमगढी ल्याउँदै गर्दा बुधबार मात्र बाटोमै ज्यान गएको हो भने वडा नं. ९ का सिद्ध जैसीको पनि पेटको बिरामले थला परेपछि उपचारका लागि घरबाट लाँदै गर्दा बीच बाटोमै मृत्यु भएको हो।

ज्यान गुमाएका सबै जनाको घरपरिवारले आफ्नो गाउँमा रहेको स्वास्थ्यचौकीमा रोग निको पार्ने औषधि र स्वास्थ्यकर्मी नभएको गुनासो गरे।

सोरु गाउँपालिकामा रहेको इलाका स्वास्थ्य चौकीसमेत करार अनमीको भरमा हुँदा बिरामीले उचित उपचार पाउन नसकेका करार स्वास्थ्यकर्मी नै बताउँछन्। सरकारी स्वास्थ्य चौकीमा भरपर्दो उपचार नपाएपछि अधिकांशले सोरुकोटमा रहेको जे.एन.आयु मेडिकलमा उपचार गराउने गर्दछन्। स्थानीय मेडिकलले उपचार हुने सम्भावना नदेखेपछि केही दिन अगाडि जिल्ला अस्पताल लिन सल्लाह दिएपछि बीच बाटोमै १२ वर्षीया छोरा हिक्मतको मृत्यु भएको आमा हदेली योगीले बताइन् योगीका अनुसार आर्थिक अभावले बिरामी परेका आफ्ना ४५ वर्षीय दलनाथ योगीलाई सदरमुकाममा रहेको जिल्ला अस्पतालसम्म उपचार गर्न लिन नसक्दा ६ महिना अगाडि अकालमै ज्यान गयो। छोराको गाउँमा रहेका स्वास्थ्य संस्थामा उपचार नभएकाले जिल्ला अस्पताल लिँदालिँदै ज्यान गएको उनले गुनासो पोखेकी छन्।

सोरु गाउँपालिकाको ११ वटै वडामा स्वास्थ्य चौकी छन् सबै स्वास्थ्य चौकीमा १ जना एचएसहित करारमा अन्य दुई स्वास्थ्यकर्मीको व्यवस्था गरिएको छ तर जिल्ला स्वास्थ्य कार्यालयको तालिम र गोष्ठीले प्राय: स्वास्थ्यकर्मी जिल्ला सदरमुकाममै बस्ने गरेकाले सामान्य बिरामी हुँदा यहाँका सर्वसाधारण निजी मेडिकलको भरमा उपचार गराउँदै आएका छन्। मेडिकलमा हुन सक्ने उपचार गर्ने र उपचार हुन नसकेकालाई जिल्ला अस्पतालमा रिफर गर्ने गरेको मेडिकल सञ्चालक धीरेन्द्र शाहीले बताए।

गाउँमा भएका स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नबस्ने कुनै दिन बसेका भए पनि औषधि अभाव हुँदै आएकाले सामान्य बिरामीले बेलैमा उपचार नपाउँदा अकालमै ज्यान गएको सोरु गाउँपालिका-६ का टक्कबहादुर शाहीले बताए। स्थानीय मेडिकलमा उपचार हुन नसकेपछि दुई दिन हिँडेर जिल्ला अस्पताल वा गमगढी बजारमा रहेका मेडिकलमा आउनुपर्ने बाध्यता रहेको छ भने आयस्रोत भएकाहरू उपचारका लागि काठमाडौं, नेपालगन्ज र भारतको लखनउसम्म पुग्छन्।

उता जिल्ला अस्पताल मुगुका डा. जितेन्द्र कट्टेलले जिल्लाभर कार्यरत दरबन्दीअनुसार स्वास्थ्य चौकीमा पठाइएको, अत्यावश्यक तालिम र गोष्ठीमा मात्र बोलाउने गरेको तथा जिल्लामा प्राप्त भएसम्मका औषधि दुर्गमका स्वास्थ्य चौकीमा पठाउने गरेको बताउनुभएको छ।

## छुट्टाछुट्टै महासंघका आ–आफ्नै गतिविधि

नेपाल समाचारपत्र

अछाम




विवादित नेपाल पत्रकार महासंघ अछाम शाखाले विवादका पनि बीच आफ्ना गतिविधिलाई निरन्तरता दिएको छ। विवादकै बीच नेपाल पत्रककार महासंघ जिल्ला शाखा अछामले हिजो मंगलसेनमा 'सूचनाको हकको संरक्षण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। विवादका बीच गठन भएको पत्रकार महासंघ अछाम शाखाद्वारा आयोजित उक्त कार्यक्रममा असन्तुष्ट पक्षका पत्रकारको भने उपस्थिति थिएन।

नेपाल पत्रककार महासंघ केन्द्रीय कार्यसमिति र राष्ट्रिय सूचना आयोगको सहयोगमा अन्तरक्रिया कार्यक्रम भएको भनिए पनि महासंघ केन्द्रीय कार्यसमितिले भने अछाम शाखालाई विवादित शाखाको सूचीमा राखेर सत्यतथ्य छानविनपछि मात्र यसबारे निर्णय लिइने जनाएको छ। यद्यपि अछाममा दुई छुट्टाछुट्टै नेतृत्वले आ-आफ्ना गतिविधि सञ्चालन गर्दै आएका छन्। महासंघको कार्यसमिति एकलौटी रूपमा घोषणा गरिएको भन्दै अर्को पक्षले समानान्तर समिति गठन गरेको थियो।

समानान्तर पक्षले आफ्ना छुट्टै गतिविधिहरू सञ्चालन गर्दै आएको छ। जनकराज भण्डारी अध्यक्ष रहेको महासंघको नेतृत्वले आफू आधिकारिक पत्रकार महासंघ भएको दाबी गर्दै आएको छ भने शिवराज ढुंगाना अध्यक्ष रहेको महासंघको नेतृत्वले पनि आफू आधिकारिक भएको दाबी गर्दै आएको छ। तर महासंघ केन्द्रले भने अछाम शाखालाई विवादितको सूचीमा राखेको र यसबारे छानविन गरेर निर्णय लिइने नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष डा. महेन्द्र विष्टले जानकारी दिनुभयो। यसरी केन्द्रले विवादितको सूचीमा राखे पनि जिल्लामा दुई ओटै नेतृत्वले आ-आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएका छन्। यसले आम नागरिक र सरोकारवालामा अन्योलता सिर्जना भएको छ।

महासंघको एउटा नेतृत्वद्वारा हिजो आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा जोड दिएका थिए। जिल्लास्थित अधिकांश कार्यालयहरूले सूचनाको हकसम्बन्धी ऐन सहज रूपमा कार्यान्वयन नगरिरहेको पाइएको भन्दै सहभागी सरोकारवालाले सूचनाको हकसम्बन्धी ऐन अक्षरश: कार्यान्यवन गर्न सबैलाई सुझाव दिएका थिए। सूचनाको हकको सवालमा विगतको भन्दा धेरै ठूलो परिवर्तन हासिल भएको भए पनि यो अझै पर्याप्त नभएका सहभागीले बताएका थिए। कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं अछामका निमित्त प्रमुख जिल्ला अधिकारी तुलबहादुर काउचाले अछाम जिल्लाका अधिकांश कार्यालयमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा रहेको दाबी गर्नुभयो। उहाँले सम्पूर्ण कार्यालयहरूलाई सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा ध्यान दिन निर्देशनसमेत दिनुभयो।

## ज्याला कम भएको भन्दै रकम बुझेनन् कामदारले

नेपाल समाचारपत्र

जुम्ला

चन्दननाथ नगरपालिका वडा नं १ मा पर्ने ठिन्के जलविद्युत् आयोजनाको कुलो निर्माण कार्यमा सहभागी कामदारले ज्याला कम भएको भन्दै रकम बुझेका छैनन्। आफूहरूले काम गरेको दिनका आधारमा ज्याला निकै कम भएको भन्दै कामदारले ज्याला रकम नबुझेको पाइएको छ।

कुलो निर्माण कार्यमा सहभागी २० जना कामदारले ४० दिनसम्म काम गरे पनि हालसम्म ज्याला बुझेका छैनन्। कुलो निर्माण कार्य सम्पन्न भइसक्दा पनि आफूहरूले गरेको कामको दिनको आधारमा ज्याला नपाएपछि उनीहरूले रकम बुझ्न् नमानेका हुन्। कर्णाली रोजगार कार्यक्रमअन्तर्गत ठिन्के जलविद्युत् आयोजनाको ४० मिटर कुलो कामदारले निर्माण गरेका छन्।

कामदार धनलक्ष्मी खत्रीले भन्नुभयो- 'पहिले प्रतिदिन ४ सय ५६ रुपियाँ ज्याला दिने भनेपछि हामीले काम गर्‍यौं तर अहिले प्रतिदिन ३ सय रुपियाँ ज्याला कटेको छैन। त्यसैले हामीले ज्याला बुझेका छैनौं।'

यता कर्णाली रोजगार कार्यक्रमका इन्जिनियर लेखनाथ उपाध्यायले कामदारले काम गरेको दिनका आधारमा नभई कामको प्राविधिक मूल्यांकनका आधारमा रकम भुक्तानी गरिएकाले कामदारले ज्याला लिन नमानेको बताउनुभयो। उहाँले भन्नुभयो- 'कामको प्राविधिक मूल्यांकनका आधारमा रकम भुक्तानी गर्दा कामदारले सोचेअनुसार दिनको तुलनामा ज्याला कम पर्न सक्छ। हामीले कामको मूल्यांकनका आधारमा रकम भुक्तानी गर्ने हो।'

कामदारले समयमै र छिटो काम नगर्दा दिन धेरै पुगे पनि काम कम भएको प्राविधिक मूल्यांकन रिपोर्टले देखाएको छ। कर्णाली रोजगार कार्यक्रमको ८० लाख लागतमा निर्माण हुने भनिएको ठिन्के जलविद्युत् आयोजनाको कुलो निर्माणमा रकम खर्च हुन नसकेर ६ लाख रुपियाँ फ्रिज गएको छ।

## कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या

जाजरकोट, (नेस)

जाजरकोटका स्थानीय तहमा कर्मचारी समयमा कर्मचारी नपुग्दा कार्यालयबाट सेवा दिन समस्या भएको जाजरकोटका जन प्रतिनिधिले बताएका छन्। कर्मचारीको अभावमा जिल्लाका ३ नगरपालिका र ४ गाउँपालिकाका कतिपय स्थानमा संयुक्त वडा कार्यालय सञ्चालन भएका छन्। जिल्लाका केही वडाहरूमा वडा कार्यालयको आवश्यक व्यवस्थापन भइरहेको छ।

सरकारले कृषि, पशु, महिला तथा बालबालिका कार्यालय, वन, जिल्ला समन्वय समिति, सिँचाइ स्वास्थ्यलगायतका कार्यालयमा कार्यरत जनशक्तिलाई विभिन्न स्थानीय तहमा खटाएर पठाइसकेको छ। तर अझै आवश्यक प्रक्रिया पूरा नभएको तथा विभिन्न समस्या देखाएर स्थानीय तहमा कर्मचारी पुग्न सकेका छैनन्। सरकारले समयमा स्थानीय तहमा कर्मचारी नपठाउँदा स्थानीय स्तरमा सेवा प्रवाह गर्न समस्या भएको कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले बताए। 'कर्मचारी अभावमा एउटै वडा सचिवले ५ वटा वडासम्म हेनुपर्छ, कसरी सबैको काम गरेर जनतालाई सेवा दिन सकिन्छ' -उनले भने। भौगोलिक विकटताका कारण स्थानीय तहमा कर्मचारी जान नमानेपछि काम गर्न निकै समस्या भएको अध्यक्ष बस्नेतले बताए।

## अखेटोपहारसहित एक जना पक्राउ

दोलखा, (नेस)

जिल्ला प्रहरी कार्यालय दोलखाले भीमेश्वर नगरपालिका-९ लाकुरीडाँडा जसमन्तेका बमबहादुर श्रेष्ठलाई विभिन्न वन्यजन्तुको अखेटोपहारसहित घरबाटै पक्राउ गरेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसनधान ब्युरोले भक्तपुरबाट चितुवाको छालासहित पक्राउ परेका एक जना पुरुषसँग गरिएको प्रारम्भिक अनुसन्धानपछि दोलखा जसमन्तेका बमबहादुर श्रेष्ठलाई घरबाटै नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताउनुभयो।

भक्तपुरबाट पक्राउ परेका अभियुक्तको बयानको आधारमा दोलखा खरीढुङ्गा प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले श्रेष्ठको घरमा खानतलासी गरेको थियो। खानतलासीका क्रममा श्रेष्ठको घरको छानामुनि तन्ना ठोकीभित्र लुकाई राखेको संरक्षित चितुवाको ढाडको हड्डी १ थान, चितुवाको सुकुटी बनाएको मासु १ सय ५० ग्राम, दुम्सीको दाँतसहितको दाह्रा १ थान, दुम्सीको काँडा १ सय २५ वटा र दुम्सीको भुँडी बरामद गरिएको प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो।

पक्राउ परेका श्रेष्ठको बारेमा थप अनुसन्धान भइरहेको र उनलाई बरामद गरिएको अखेटोपहारसहित जिल्ला वन कार्यालयमा बुझाइने प्रहरीले जनाएको छ।

## ३ हजार बढी बोट गाँजा नष्ट

नेपाल समाचारपत्र

दोलखा

जिल्ला प्रहरी कार्यालय दोलखाले बिहीबार जिल्लाको विभिन्न नगरपालिका र गाउँपालिकामा लगाइएको ३ हजार ३ सय २५ बोट अवैध गाँजा फँडानी गरेको छ।

जिल्लाको भीमेश्वर नगरपालिका, जिरी नगरपालिका, बैतेश्वर गाउँपालिका र मेलुङ गाउँपालिकाको विभिन्न वडामा अवैध रूपमा लगाइएको ३ हजार ३ सय २५ बोट गाँजा फडानी गरिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताउनुभयो।

प्रहरीले भीमेश्वर नगरपालिकाको वडा नम्बर ५, ६ र ७, जिरी नगरपालिकाको वडा नम्बर ४, ५ र ६, बैतेश्वर गाउँपालिकाको वडा नम्बर ४ र ६ तथा मेलुङ गाउँपालिकाको वडा नम्बर ५ मा विभिन्न व्यक्तिले लगाएको उक्त परिमाणको गाँजा नष्ट गरिएको प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो।

विभिन्न व्यक्तिले बारी, करेसा, सामुदायिक वनमा गरी झन्डै १० रोपनीमा लगाइएको उक्त गाँजाको बोट स्थानीय बुद्धिजीवी, समाजसेवीको रोहवरमा रोपिएकै ठाउँमा नष्ट गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय दोलखाले बुधबार पनि भीमेश्वर नगरपालिका-६ लेखटोलमा लगाइएको ५ सय बोट अवैध गाँजा फडानी गरेको थियो।

अवैध घरेलु मदिरा, अवैध गाँजा खेती, जुवातासजस्ता कुराले अपराध बढाउन सहयोग पुग्ने भएकाले यस्ता कुरा नियन्त्रणको लागि प्रहरीले निरन्तर सक्रियता बढाइरहने प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो।



## दुई घण्टामै ३० बढी मोटरसाइकल कारबाहीमा

सीताराम चौधरी, चन्द्रौटा

जिल्ला ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुले शुक्रबारदेखि थालेको सादा पोसाक अप्रेसनसँगै ट्राफिक नियम उल्लंघन गर्ने सवारी धमाधम कारबाहीमा पर्न थालेका छन्।

ट्राफिक नियमको ज्ञान भएर पनि लापरबाही गर्ने र ट्राफिक प्रहरीलाई नटेर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न एकमहिने अभियानसँगै ट्राफिकले सादा पोसाक अप्रेसन थालेको हो। अप्रेसनका क्रममा शुक्रबार बिहान दुई घण्टामै ३० बढी मोटरसाइकल कारबाहीमा परेको जिल्ला ट्राफिक प्रहरी निरीक्षक अमरबहादुर कार्कीले जानकारी दिनुभयो। ट्राफिक नियमको उल्लंघन गर्ने चालकलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याउने र सहज ट्राफिक व्यवस्थापनद्वारा सवारी दुर्घटनामा कमी ल्याउन अप्रेसन शुरू गरिएको ट्राफिक प्रहरी निरीक्षक कार्कीले बताउनुभयो।

जिल्लाका विभिन्न स्थानमा सादा पोसाकमा ट्राफिक प्रहरी परिचालन गरिएको छ। 'यस अप्रेसनमा सादा पोशाकमा खटिएका ट्राफिक प्रहरीले ट्राफिक नियम उल्लंघन गर्ने सवारी चालकलाई रोक्ने गर्छन् र उनीहरूको सम्बन्धित कागजात तथा सवारीसाधन समेत नियन्त्रणमा लिई जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरुसिंगेमा ल्याइन्छ', प्रहरी निरीक्षक कार्कीले बताउनुभयो- 'कारबाहीमा परेका सवारी चालकहरूलाई अडियो तथा भिडियोसमेतको ट्राफिक सचेतना कक्षापश्चात नियमानुसारको जरिवाना गरी छाडिन्छ।'



विशेष गरी हेलमेट नलगाउने र तीन जना चढाउने मोटरसाइकलमा केन्द्रित रही अप्रेसन सञ्चालन गरिएको ट्राफिक प्रहरी निरीक्षक कार्कीको भनाइ छ। शुक्रबार बिहान बुद्धभूमि नगरपालिकाको बुड्ढी चोकमा सञ्चालन गरिएको सादा पोसाक अप्रेसनमा मात्र ३० बढी मोटरसाइकल आवश्यक कारबाहीका लागि नियन्त्रणमा लिइएको ट्राफिक प्रहरी कार्कीले जनाउनुभयो।

'स्लो डाउन सेभ लाइफ' भन्ने मूल नाराका साथ गत असार २५ गतेदेखि जिल्ला ट्राफिक प्रहरीले एकमहिने ट्राफिक सचेतना अभियान सञ्चालन गरेको हो। अभियानका क्रममा जिल्लाका विभिन्न स्थानमा ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। ट्राफिकले बुद्धभूमि १०, बिजगौरीमा ट्राफिक सचेतनामूलक भिडियो प्रदर्शन गरेको थियो। जसमा झन्डै २ सय स्थानीयको उपस्थिति रहेको ट्राफिकले जनाएको छ।

चालक र सहचालकलाई लक्षित गरी ट्राफिकले वाणगंगा नगरपालिका चार नम्बर जितपुर चोकमा ट्राफिक जनचेतनामूलक प्रशिक्षण सम्पन्न गरेको जनाएको छ। जसमा बुटवल यातायात समिति, लुम्बिनी ई-रिक्सा समिति, नेपाल किसान ट्याक्टर समितिका एक सय बढी चालक र सहचालकको सहभागिता रहेको ट्राफिक प्रहरी निरीक्षक कार्कीले बताउनुभयो। ट्राफिक सचेतना अभिवृद्धि गरी दुर्घटना न्यूनीकरण गर्न चालक र सहचालकलाई प्रशिक्षण दिइएको उहाँले बताउनुभयो।

कार्यालयका अनुसार र जिल्ला कृषि विकास कार्यालयबाट ४४ जना, जिल्ला समन्वयन समितिबाट ३७ जना, पशुसेवा कार्यालयबाट ३७ जना, जिल्ला शिक्षा कार्यालयबाट २५ जना, महिला तथा बालबालिका कार्यालयबाट १२ जना खटाइएको छ।

# नेपाल

## दुई मिनेट

### ३ महिने सुत्केरीको मृत्यु

सल्यान, (नेस)

सल्यानको बन्गाड कुपिण्डे नगरपालिका-६ माथिल्लो डुडाखोलामा एक सुत्केरी महिलाको मृत्यु भएको छ। स्थानीय ३ महिने सुत्केरी २१ वर्षीया पार्वती विकको मृत्यु भएको हो।

१ महिनादेखि बिरामी परेकी विक स्थानीय मेडिकल साथै धामीझाँक्रीको भर पर्दा उहाँको अकालमै ज्यान गएको स्थानीयले बताएका छन्। विकको मृत्युपछि ३ महिनाकी छोरीको बिचल्ली भएको छ। विकलाई औषधी उपचार गर्नुको सट्टा झारफुक र धामीझाँक्रीको विश्वास गर्दा समयमा उपचार नपाई ज्यान गएको हो।

### ५४ वर्षमा ८ पास

सल्यान, (नेस)

भन्छन् मानिस बूढो भए पनि पढाइ बूढो हुँदैन सिकाइ भनेको कहिल्यै पनि सकिँदैन। सल्यानमा एक जनाले ५४ वर्षको उमेरमा ८ कक्षा पास गरेका छन्। जिल्लाको छत्रेश्वरी गाउँपालिका-७ पानीखोलाका बुद्धिराम बुढाथोकीले यो वर्ष प्रथम श्रेणीबाट ८ कक्षा पास गरेका हुन्। पहिले बाल्यकालमा सामान्य लेखपढ गरेका बुढाथोकीले यस वर्ष श्री आधारभुत विद्यालय त्रिवेनी गाउँपालिका-३ दाङचुलीबाट ८ कक्षा उत्तीर्ण भएका हुन्।

५४ बर्षको उमेरमा ८ कक्षा पास गरेका बुढाथोकीले अहिले त्रिवेणी मावि सरिकोटमा कक्षा ९ मा भर्ना भएर आफ्नो अध्ययनलाई अगाडि बढाउँदै छन्। दुई सन्तान रहेका कक्षा ९ मा पढ्ने उनका छोराले भने कक्षा १० मा अध्ययन गर्दै छन्। पहिले बाल्यकालमा बिभिन्न समस्या र उति बेलाको जमानामा स्कुल टाढा भएकाले आफूले पढाइ छोडेको उनले बताए।

### जिल्ला सभाको उद्घाटन

खोटाङ, (नेस)

खोटाङमा भव्यताका साथ ऐतिहासिक प्रथम जिल्ला सभाको उद्घाटन गरिएको छ। स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिलाई विकासको चाबी हस्तान्तरण तथा स्थानीय तहको कार्यान्वयनका लागि विभिन्न सांस्कृतिक झाँकीसहितका र्‍यालीले सदरमुकाम दिक्तेल बजार परिक्रमा गर्दै हर्षोल्लासका साथ प्रथम जिल्ला सभाको उद्घाटन गरिएको हो।

'सिर्जनशील खोटाङको चाहना : समतामूलक, आत्मनिर्भर र सम्वृद्ध समाजको स्थापना', राम्रो खोटाङ ! हाम्रो खोटाङ !! जय खोटाङ !!! भन्ने नारासहित जिल्ला समन्वय समितिको आयोजनामा ऐतिहासिक प्रथम जिल्ला सभाको बिहीबार उद्घाटन गरिएको स्थानीय विकास अधिकारी राजनकुमार बिसीले जनाउनुभयो। कार्यक्रमको अवसरमा पञ्चेबाजा, किरात राई समुदायको साकेला शिली नाच, नेवार समुदायको लाखे नाचका साथमा नेपाल सितोरियो कराते संघ खोटाङका खेलाडीको खेल कौशलसमेत प्रस्तुत गरिएको थियो।

### हेपाटाइटिस 'सी' को निःशुल्क परीक्षण

हेटौंडा, (नेस)

लागूऔषध नियन्त्रण शाखा मकवानपुरले रिकभरी नेपालसँगको समन्वयमा हेटौंडामा शुक्रबार हेपाटाइटिस 'सी' को निःशुल्क परीक्षण गरेको छ। 'सुषुप्त हत्यारा' का रूपमा चिनिने हेपाटाइटिस 'सी' को परीक्षणमा स्थानीय समाजसेवीले सघाएका थिए।

हेटौंडाका समाजसेवी सिद्धिलाल श्रेष्ठको सहयोगमा सञ्चालित उक्त कार्यक्रममा ८७ पुरुष, २१ महिला र २ जना अन्य गरी १ सय १० जनाले परीक्षण गराएका थिए। नेपालमा करिब ३ लाख व्यक्ति यसको भाइरसबाट संक्रमित छन्। तर, यो विशेषज्ञहरूद्वारा अनुमानित आँकलन मात्र हो। यो तथ्यांक अझ भयावह हुन सक्छ। हेपाटाइटिसको अर्थ संक्रमण वा अन्य कारणले कलेजो सुन्निनु हो। हेपाटाइटिस 'सी' हुँदा शुरूमा कुनै लक्षण देखिँदैन। लक्षण देखिन थाल्दा मृत्यु नै सामुन्ने आइसकेको हुन्छ।

## १ हजार बढीद्वारा नाम दर्ता

नेपाल समाचारपत्र
जाजरकोट

जाजरकोटमा फोटोसहितको मतदाता नामावलीमा १ हजार ८ जनाले आफ्नो नाम दर्ता गराएका छन्। जिल्ला निर्वाचन कार्यालय जाजरकोटमा दैनिक मतदाता नामवलीमा नाम दर्ता गराउनेको भीड लाग्ने गरेको छ। यसअघि फोटोसहितको नामावलीमा नाम छुटेर भोट हाल्न नपाएका जाजरकोटका मतदाताहरू केही दिन यता मात्रै प्रत्येक दिनमा नामावलीमा निर्वाचन कार्यालयमा १ सय ५० बढी आउँदा दैनिक भीड लाग्ने गरेको हो।

सदरमुकाम समेत रहेको भेरी नगरपालिकाबाट मात्रै दैनिक १ सय बढी मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न कार्यालयमा आउने गरेको जिल्ला निर्वाचन कार्यालय जाजरकोटका प्रमुख हरिबहादुर बुढाथोकीले बताए। मतादाता नामावलीमा नाम दर्ता गराउनका लागि बिहीबारसम्म १ हजार ८ जनाले नाम दर्ता गराएको बुढाथोकीले जनाकारी दिए। बुढाथोकीका अनुसार ५ सय ८६ महिला र ४ सय २२ पुरुषले नाम दर्ता गराएका छन्। साथै उक्त अवधिमा जिल्लाका विभिन्न गाउँ तथा नगरपालिकाका ४८ जना मतदाताले नामावलीमा भएको त्रुटि सच्याउन र बसाइसराइँ तथा विवाह भएर ठेगाना परिवर्तन भएकाले मतदाताको ठेगाना परिवर्तनका लागि निवेदन दिएको प्रमुख बुढाथोकीले बताए।

छुटेका फोटोसहितको मतदाता नामावली संकलन गर्नका लागि यही साउन १६ देखि ३२ गतेसम्म जिल्लाका ७ वटै स्थानीय तहमा फोटोसहितको मतदाता नामावली संकलनका लागि डेस्क स्थापना गरिने जिल्ला निर्वाचन कार्यालय जाजरकोटले जनाएको छ।



जाजरकोटका ७ वटै स्थानीय तहमा फोटोसहितको मतदाता नामावली सूचीकृत गर्नेहरूको संख्या ७८ हजार ९ सय ५४ जना रहेको छ। जसमा ३६ हजार ५ सय ४३ महिला र ४२ हजार ४ सय १० पुरुषको संख्या रहेको छ भने १ जना तेस्रो लिंगी रहेका छन्।

## ४ हजार सवारीसाधन ट्राफिक कारबाहीमा

नेपाल समाचारपत्र
म्याग्दी

म्याग्दीमा वार्षिक ४ हजारको हाराहारीमा सवारीसाधन कारबाहीमा पर्ने गरेका छन्। गत आर्थिक वर्ष २०७३/७४ मा ट्राफिक नियम उल्लङ्घन गरी चलेका विभिन्न प्रकृतिका गरी कुल ४ हजार ९९ ओटा सवारीसाधन कारबाहीमा परेका हुन्।

ट्राफिक नियम उल्लङ्घन, मादक पदार्थ सेवन, रुट परमिट नलिने, विना लाइसेन्स सवारी हाँक्ने, क्षमताभन्दा बढी यात्रु तथा लोड बोक्ने, जथाभावी पार्किङ गर्ने, ओभरस्पिडलगायतका विभिन्न कारण ती सवारीसाधनलाई कारबाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। कारबाहीमा परेका सवारीबाट कुल ३२ लाख ६३ हजार रुपियाँ राजस्व संकलन गरिएको ट्राफिक प्रमुख शिवप्रसाद पाठकले जानकारी दिनुभएको छ।

गतभन्दा अघिल्लो आर्थिक वर्षमा कुल ४ हजार ८ सय ३९ ओटा सवारीसाधन कारबाहीमा परेका थिए भने १८ लाख ५२ हजार ३ सय रुपियाँ राजस्व संकलन भएको थियो। तर, गत वर्ष राजस्वको दरमा वृद्धि हुनुले कारबाही सङ्ख्या कम भए पनि राजस्वको दर हवात्तै बढेको ट्राफिक कार्यालयका प्रहरी जवान बैकुण्ठ पौडेलले बताउनुभयो।

गत आवमा ट्राफिक कारबाहीमा परेका सबैभन्दा धेरै १ हजार ८३ ओटा जिप तथा कारबाट ८ लाख ५८ हजार ५ सय रुपियाँ राजस्व संकलन भएको छ। यसै गरी ९ सय ९३ ओटा मोटरसाइकलबाट ७ लाख ५६ हजार, ७ सय २३ ओटा बसबाट ६ लाख ५९ हजार ५ सय र ७ सय २५ ओटा ट्याक्टरबाट ५ लाख ५ हजार रुपियाँ राजस्व संकलन भएको छ। सो अवधिमा सबैभन्दा कम कारबाहीमा पर्ने ५ सय ७५ ओटा ट्रकबाट ४ लाख ८४ हजार रुपियाँ राजस्व संकलन गरिएको ट्राफिक प्रहरी जवान पौडेलको भनाइ छ।

गत वर्ष सबैभन्दा धेरै कात्तिक महिनामा ५ सय ५६ ओटा सवारीसाधन कारबाहीमा परेकोमा ती साधनबाट ५ लाख १८ हजार राजस्व संकलन गरिएको ट्राफिक प्रहरीले जानकारी दिएको छ। त्यस्तै सोही अवधिमा सबैभन्दा कम साउन महिनामा २ सय १७ ओटा सवारी कारबाहीमा परेकोमा १ लाख ३८ हजार रुपियाँ राजस्व संकलन भएको छ। गत वर्ष सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने सख्त घाइते २५ र सामान्य २७ जना रहेको तथ्यांकमा उल्लेख गरिएको छ।

## स्थानीय तहमा कर्मचारी खटिए

नेपाल समाचारपत्र
सल्यान

सल्यानका १० वटा स्थानीय तहमा कर्मचारीहरू खटाइएको छ। पहिलो चरणमा वैशाख ३१ गते सम्पन्न भएको स्थानीय निर्वाचनबाट स्थानीय तहमा जनप्रतिनिधिहरू आइसकेपछि जिल्लाका १० वटै स्थानीय तहमा १ सय ८१ जना कर्मचारी खटाइएको जिल्ला प्रशासन कार्यालय सल्यानले जनाएको छ। जिल्ला प्रशासन कार्यलयमा बसेको बैठकले जिल्लाको विभिन्न सरकारी कार्यालयबाट स्थानीय तह अन्तर्गत नगरपालिका तथा गाउँपालिकामा कर्मचारी खटाएको हो।

कार्यालयका अनुसार र जिल्ला कृषि विकास कार्यालयबाट ४४ जना, जिल्ला समन्वयन समितिबाट ३७ जना, पशुसेवा कार्यालयबाट ३७ जना, जिल्ला शिक्षा कार्यालयबाट २५ जना, महिला तथा बालबालिका कार्यालयबाट १२ जना खटाइएको छ। त्यसै गरी जिल्ला प्राविधिक कार्यालयबाट ६ जना, जिल्ला वन कार्यालयबाट ६ जना, खानेपानी तथा सरसफाइ डिभिजनबाट ५ जना, जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रबाट ४, जिल्ला युवा समितिबाट ३ र जिल्ला भूसंरक्षणबाट २ जना गरी १ सय ८१ जना कर्माचारी स्थानीय तहमा पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी श्रीधर टण्डनले जानकारी दिनुभएको छ।

जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकबाट स्थानीय तहमा हाल सदरमुकाममा रहेका विषयगत सरकारी कार्यालयबाट गाउँस्तरमा कर्मचारी खटिएसँगै स्थानीयले संघीयता लागू भएको तथा गाउँस्तरमै सिंहदरबारको सेवा गाउँमै प्राप्त गर्ने महसुस हुने उहाँले बताउनुभयो।

## गाउँपालिकाको जस्ता उप्काएर फरार

हेटौंडा, (नेस)

मकवानपुरको अतिबिकट राक्सिराङ गाउँपालिका-१, सरिखेतमा रहेको निर्माणाधीन वडा कार्यालयको जस्तापाता निकालेर युवाहरू फरार भएका छन्। करिब पाँच लाख रुपियाँ लागतमा निर्माणाधीन वडा कार्यालयको दुई कोठे ट्रष्टको जस्तापाता निकालेर सोही स्थानका युवाहरू फरार भएको वडा अध्यक्ष कान्छा रुम्बाले जानकारी दिए।

मदन लामा र सन्तकुमार रुम्बाको नेतृत्वमा आएका सुरेश भ्लोन, विवेक थिङ र ध्वस्त गोलेसहित टोलीले ट्रष्टको आधाभन्दा बढी जस्तापाता निकालेको बताइएको छ। उनीहरूले मंगलबार साँझ करिब पाँच बजे १२ वटा जस्तापाता निकालेर लिएर गएको वडाअध्यक्ष रुम्बाले बताए। 'ट्रष्टबाट जस्तापाता निकालेर लिएर फरार भएका छन्', वडा अध्यक्ष रुम्बाले भने-स्थानीले प्रतिबाद गर्न खोजेपछि उनीहरू १२ वटा जस्तापाता लिएर फरार भए।

यस विषयमा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद शर्मा दुवाडीलाई जानकारी गराइएको छ। 'हामीले साविक वडा कार्यालय हिँडेर पाँच घण्टामा पुग्ने स्थानबाट सारेर दैलोमै कार्यालय स्थापना गरिदिएका छौं। जनतालाई दिएको सेवालाई देख्न नसकेर यस्तो कदम चालिएको हो', वडा अध्यक्ष रुम्बाले घटनामा संलग्नलाई कारबाहीका लागि सम्बन्धित पक्षमा अनुरोध गरिएको बताए।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले घटनाको भत्सर्ना गरेका छन्। उनले घटनामा संलग्नलाई कारबाही माग गरेका छन्। 'वडा कार्यालयको जस्तापाता लैजानु गैरकानुनी हो', अध्यक्ष मल्लले भने।

मल्लका अनुसार दुई कोठे ट्रष्ट गाउँपालिकाको पाँच वटा वडामा निर्माण भइरहेका छन्। असारको पहिलो साता ट्रष्ट निर्माण थालिएको थियो। 'कोठा भाडामा लिनुभन्दा ट्रष्ट निर्माण गर्नु सस्तो पर्ने भएकाले निर्माण गरेका हौं', मल्लले गाउँपालिकाको सवै वडामा आषनै भवन बनाउने योजना रहेको बताए। साविक खैराङ, राक्सिराङ, सरिखेत र काँकडा मिलाएर राक्सिराङ गाउँपालिका बनाइएको हो।

### स्कुलको कमिसन खेल

## रूपैडिहाको अग्रवालकहाँ पोसाक किन्न पठाइन्छ

बाँके, (नेस)

बाँकेका स्कुलहरूले 'कमिसन' को चक्करमा विद्यार्थीको पोसाक किन्न भारतको रूपैडिहास्थित अग्रवाल फेन्सी स्टोरमै पठाउने गरेका छन्।

नेपालगन्जमै किन्न पाइने भए पनि स्कुलहरूले विद्यार्थीलाई अग्रवालको नामै तोकेर 'त्यहींबाट ल्याउन' भनिरहेका छन्। स्कुलहरूको कमिसनको चक्करले गर्दा अभिभावकहरू अग्रवालको पसलमै जान बाध्य भएका छन्।

कमिसनको चक्करले कतिपय स्कुलले छिट्टै 'हाउस ड्रेस' परिवर्तन गर्ने गरेका छन्। सबैजसो स्कुललाई आफ्नो मुठ्ठीभित्र पारे पनि अग्रवालका एजेन्टहरू स्कुल-स्कुलमा पुगेर प्रचारप्रसार गर्न छोडेका छैनन्। स्कुलमै पुगेर अग्रवालका एजेन्टले नेपालगन्जबाटै पोसाक किनेका विद्यार्थीलाई यहाँ भन्दा रूपैडिहामा आधा सस्तोमा पाइने बताइरहेका छन्।

नेपालगन्जमा स्कुले पोसाक नपाइने भने होइन। स्कुल पोसाक बेच्नकै लागि केही युनिफर्म स्टोरहरू खुलेका छन्। स्कुलहरूले नै अग्रवालको मै जान भन्ने गरेकाले यहाँका पसलमा धेरै अभिभावक गएको पाइँदैन। आदर्श युनिफर्मका सञ्चालक चन्द्र श्रेष्ठ केही स्कुलको बाहेक सीमित अभिभावकहरू मात्रै आफूकहाँ आउने बताउनुहुन्छ। 'हामीले पनि हाउसड्रेस राखेका छौं, स्कुलले नै अग्रवालको पसलमा जानु भनेकाले अधिकांश अभिभावक उतै जान्छन्', श्रेष्ठले भन्नुभयो- 'स्कुलले पसलको नाम नलिने हो भने अभिभावकहरूले यतै किन्थे।'

रूपैडिहा र यहाँ किन्दामा केही मूल्य फरक पर्छ नै। किनकि भन्सार तिरेर ल्याउनुपर्छ। रूपैडिहामा नेपालीलाई गर्ने तुच्छ व्यवहार, भीडभाड, नाकामा भन्सार र प्रहरीको जाँच र हैरानी खेपेर एउटा पोसाकमा लिन अग्रवालको पसलमै जानुपर्ने स्कुलको उर्दीविरुद्ध कतिपय अभिभावकले मुख खोल्ने गरेका छन्। तर, सिन्डिकेट त सिन्डिकेट नै हो, तोडिन सकेको छैन।

अग्रवालले यहाँका ठूल्ठूला स्कुललाई वर्षौंदेखि खुसी बनाएर राखेको छ। नेपाली व्यापारीलाई बेवास्ता गरेर स्कुलहरूले सिधैं भारतमा पोसाक किन्न पठाइरहेका छन्। 'ठूलै कमिसनको खेलले गर्दा स्कुलले यस्तो गरिरहेका छन्, स्रोत भन्छ, कमिसन नआउने भए त पसलको नामै किटेर किन पठाइन्थ्यो र ?' स्कुलहरूले विद्यार्थी संख्याको आधारमा पहिले नै अर्डर दिने र अग्रवालले त्यहीअनुरूप पोसाक तयार पार्ने गर्दछ। यदि व्यवहार यहीका व्यापारीलाई गर्ने हो भने उसले पनि समयमै पोसाक तयार गरिदिन सक्छ। तर, यहाँ भन्दा उता ठूलो कमिसन आउने भएकाले स्कुलहरू पारितिर नै आकर्षित भइरहेका छन्। रूपैडिहाबाट पोसाक ल्याउँदा भन्सार लाग्दैन। भन्सार नलागेपछि निश्चित रूपमा यहाँभन्दा सस्तो पर्छ।

नेपालगन्ज उद्योग वाणिज्य संघलगायत यहाँका व्यापारीले हरेक सामान रूपैडिहा नै किन्न जाने प्रवृत्तिको विरोध गर्दै आएको छ। प्रमुख जिल्ला अधिकारीले बेलाबेलामा सरकारी कर्मचारीहरूले भारतमा गएर सामान नकिन्ने उर्दी जारी गरेको पाइन्छ।


## बोलपत्र आह्वानको सूचना

**नेपाल सरकार**
**नेपाली सेना**
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय,**
**जंगी अड्डा, काठमाण्डौं ।**

**(प्रथम पटक प्रकाशित मिति २०७४/०४/१४ गते)**

१. आ.व. ०७४/७५ मा यस निर्देशनालयबाट खरिद/निर्माण गरिने विभिन्न सामाग्रीहरु तथा भवन निर्माण बोलपत्रको माध्यमबाट गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनीहरुबाट बोलपत्र आह्वानको लागि यो सूचना प्रथम पटक प्रकाशित मितिले ३०औं दिन (मिति २०७४/०५/११ गते) सम्मको कार्यालय समय भित्र बोलपत्रमा तोकिएको शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । बोलपत्रदाताहरुले बोलपत्र खरिदको लागि निवेदन साथ जंगी अड्डाको मुलगेटमा प्रकाशित सूचनामा उल्लेखित कागजादहरु सहित पेश गरी यस निर्देशनालयको लेखा शाखा र को.ले.नि.का.बाट तोकिएको नगदै रकम (फिर्ता नहुने गरी) बुझाई बोलपत्र खरिद गर्न सकिने छ ।

**शिलबन्दी बोलपत्रको विवरण**

| क्र.सं. | ठेक्का प्याकेज नं. | कामको विवरण | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|
| १ | रा.नि.जि.एस ०७४/७५/१ | विभिन्न पोशाक सामाग्री आपुर्ति | रा.नि. तथा ब.ज.आ.नि./अन्तर्गत युनिटहरुको लागि । |
| २ | रा.नि.जि.एस ०७४/७५/२ | कार्यालय/तालिम/विविध सामाग्री आपुर्ति | रा.नि. तथा ब.ज.आ.नि./अन्तर्गत युनिटहरुको लागि । |
| ३ | रा.नि.जि.एस ०७४/७५/३ | विभिन्न मेशिनरी औजार/दैवी प्रकोपका सामाग्री आपुर्ति | रा.नि. तथा ब.ज.आ.नि. र अन्तर्गत युनिटहरुको स्थान विशेषमा । |
| ४ | रा.नि.जि.एस ०७४/७५/४ | विभिन्न सार्वजनिक निमाण सामाग्री आपुर्ति | रा.नि. तथा ब.ज.आ.नि. र अन्तर्गत युनिटहरुको स्थान बिशेषमा । |
| ५ | रा.नि.जि.एस. ०७४/७५/५ | विभिन्न फर्निचरका सामाग्री आपुर्ति | रा.नि.तथा ब.ज.आ.नि.अन्तर्गत रहेका युनिटहरुको स्थान विशेषमा । |
| ६ | रा.नि.जि.सि. ०७४/७५/६ | भवन निर्माण | चितवन, बर्दिया, बांके, कञ्चनपुर, संखुवासभा र बागलुङ जिल्लाहरुमा रा.नि. तथा शिकार आरक्ष सुरक्षाको लागि तैनाथ फौजको लागि व्यारेक घर निर्माण । |

२. विद्युतिय बोलपत्र **(E-Tendering)** को माध्यमबाट बोलपत्र पेश गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस निर्देशनालयको ईमेल:**greendnpwr@gmail.com** मार्फत पनि बोलपत्र पेश गर्न सकिने छ ।

३. विस्तृत जानकारी यस निर्देशनालयले तयार गरेको बोलपत्रमा उल्लेख हुनेछ ।

2017, JULY
Saturday
29

# विश्व

**क्रूरता**

चीनको सिचुआन प्रान्तको छेङ्दुस्थित पान्डा संरक्षण केन्द्रमा पान्डाको बच्चालाई जबरजस्ती समातेर फाल्दै गरेका दुई कर्मचारीको सीसीटीभी फुटेको दृश्य। उक्त फुटेज चीनमा भाइरल भएको छ।



**चुनौती**

बेलायतको अत्याधुनिक हतियारले सुसज्जित 'कोलोजल' सैन्य बेडा। दक्षिण चीन सागरमाथि चीनको दाबीलाई चुनौती दिँदै बेलायतले उक्त बेडा सागरमा पठाएको छ।



**विश्व २ मिनेट**

**इरान**

## रकेट सफल प्रक्षेपण

तेहरान, (एजेन्सी)

इरानले उपग्रहलाई अन्तरिक्षको कक्षमा स्थापित गर्न सक्षम एक रकेटको सफल प्रक्षेपण गरेको दावी गरेको छ। उत्तरी इरानको सेमनान स्थित नयाँ अन्तरिक्ष केन्द्रबाट फिनिक्स नामक उक्त रकेट प्रक्षेपण गरिएको हो। अमेरिकाले उक्त प्रक्षेपणको निन्दा गर्दै त्यसलाई उक्साउने कदम भएको बताए। सन् २००९ देखि अहिलेसम्म इरानले पाँचवटा रकेट प्रक्षेपण गरिसकेको छ। उक्त रेकेटले २ सय २० किलोग्राम तौलको उपग्रह ५ सय किलोमिटर उचाइसम्म पुऱ्याउन सक्छ। अमेरिकी विदेशमन्त्रालयका प्रवक्ता हेदर नाएर्टले यदि यसको पुष्टि भएमा संयुक्त राष्ट्रको प्रस्तावको उल्लंघन हुने बताए।

**अमेरिका**

## सिनेटबाट पनि पारित

वासिङ्टन, (एजेन्सी)

हालै मात्र अमेरिकी संसद् हाउस अफ रिप्रिजेन्टेटिब्सपछि सिनेटले पनि इरान, रुस र उत्तर कोरियामाथि नयाँ प्रतिबन्ध लगाउने विधेयकलाई पारित गरेको छ। उक्त विधेयकलाई लिएर ह्वाइट हाउसको कडा आपत्तिका बाबजुद दुवै सदनबाट पारित भएको हो। अब उक्त विधेयक अन्तिम अनुमोदनका लागि राष्ट्रपति डोनाल्ड ट्रम्पसमक्ष पठाइनेछ। ट्रम्पसँग उक्त विधेयकविरुद्ध भिटो लगाउन सक्ने विकल्प रहेको छ तर सिनेटबाट पनि पारित भएकापछि उनी अत्यन्त अप्ठ्यारोमा परेका छन्। इरान र रुसले अमेरिका तर्फबाट लगाइएका प्रतिबन्धको जवाफ दिने बताइसकेको छ।

**अमेरिका**

## पत्नीको हत्या

युताह, (एजेन्सी)

आफूमाथि उपहास गर्न नछाडेकै झोंकमा एकजना अमेरिकी पुरुषले अमेरिकी अलास्का राज्यको एउटा क्रुज जहाजमा आफ्नी पत्नीको हत्या गरेको आशंका गरिएको छ। केन्नेथ म्यान्जानारेसलाई उनकी ३९ वर्षीया पत्नीको हत्याको अभियोग लगाइएको छ। शरीरभरि चोटै चोट रहेको अवस्थामा तिनीहरू बस्ने क्याविनमा ती महिलाको शव फेला परेको थियो। केन्नेथको हात र लुगामा रगत लतपतिएको भेटिएपछि सुरक्षकर्मीले उनलाई तत्काल नियन्त्रणमा लिएको थियो। मारिने महिला युताह निवासी क्रिस्टि म्यान्जानारेस भएको अमेरिकी सञ्चार माध्यमले जनाएको छ।

**भारत**

## अदालतको अस्वीकार

नयाँदिल्ली, (एजेन्सी)

भारतको सर्वोच्च अदालतले आफ्नै काकाबाट बलात्कृत भई गर्भवती हुन पुगेकी एक दश वर्षीया बालिकालाई गर्भपतन गराउन अनुमति दिन शुक्रबार अस्वीकार गरेको छ। उनको गर्भको भ्रुण निकै हुर्किसकेको कारणले सो अनुमति नदिइएको बताइएको छ। अदालतमा डाक्टरहरूको एक आयोगले गर्भवती भएको ३२ साता भइसकेकोले गर्भपतन गर्नु निकै खतरापूर्ण रहेको जनाएको छ। दुई साता अघि पेट दुखेको गुनासो गर्न थालेकाले डाक्टर कहाँ जचाउन लग्दा उनी गर्भवती रहेको रहस्य खुलेको थियो। यसअघि तल्लो अदालतले पनि गर्भपतनको अनुमति दिन अस्वीकार गरेको थियो।

## पानामा पेपर्स चुहावट प्रकरण

# दोषी ठहरिएपछि सरिफद्वारा पदबाट राजीनामा

### प्रधानमन्त्रीमा को आउन सक्छ ?

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको सर्वोच्च अदालतले पानामा पेपर्स चुहावट प्रकरणमा दोषी ठहऱ्याएपछि प्रधानमन्त्री नवाज सरिफले पदबाट राजीनामा दिएका छन्। उक्त फैसलालगत्तै उनी प्रधानमन्त्री पदका लागि अयोग्य बनेका हुन्।

प्रधानमन्त्री नवाज सरिफ परिवारविरुद्ध ज्ञात स्रोतभन्दा अधिक सम्पत्ति राखेकोमा फैसला हुनुअगाडि नै सत्तारूढ दल मुस्लिम लिग (नवाज) भित्र भविष्यको रणनीतिमाथि महत्त्वपूर्ण निर्णय गरिसकेको छ।

मुस्लिम लिगका सूत्रका अनुसार नवाज सरिफलाई अयोग्य ठहऱ्याएको अवस्थामा मुस्लिम लिग र सरकारको नेतृत्व कसलाई सुम्पने भन्ने विषयमा सरिफ परिवार र पार्टीका प्रमुख नेताहरूले केही नाम तय गरिसकेको र आवश्यक भएमा घोषणा गरिने छ।

सरिफ परिवारको सम्पत्ति छानबिन गरेको ज्वाइन्ट इन्भेस्टिगेसन टिम (जेआइटी)को प्रतिवेदनमा आफ्नो पिताको कारोबारमा प्रस्ट हिसाब किताब नराखेको कारण नवाज सरिफ कानुनी दायरामा परेका हुन्। तर उनका भाइ शाहबाज सरिफले यो मामिलाबाट सफाइ पाएका छन्।







शाहबाज सरिफको पाकिस्तानी राज्य संयन्त्रसँग आफ्ना दाजुको तुलनामा राम्रो सम्बन्ध रहेको मानिन्छ। परवेज मुसरफले समेट शाहबाज सरिफलाई प्रधानमन्त्री बनाउन जोड गरेको मुस्लिम लिगका नेताहरूमै चर्चा बनेको थियो। उनको राहिल सरिफसँग पनि कुराकानी भइरहने र अहिलेको जनरल कमर जावेद वाजवा पनि उनको प्रत्यक्ष सम्पर्कमा रहेको बताइन्छ। प्रधानमन्त्रीको दाबेदारका रूपमा उनको नाम अगाडि रहेपछि विगतमा शाहबाजले दाजुको अनुमतिबिना प्रधानमन्त्री बन्ने प्रस्तावलाई अस्वीकार गर्दै आइरहेका थिए। अबको स्थितिमा उनको सम्भावना बलियो भनिए पनि शाहबाज नेसनल एसेम्ब्लीको सदस्य नरहनुले तत्कालका लागि प्रधानमन्त्री बन्न योग्य नहुने प्राविधिक समस्या रहेको छ।

नवाज सरिफले आफ्नी छोरी मरियमलाई आफ्नो राजनीतिक उत्तराधिकारीका रूपमा तयार गरिरहेको तर अदालतको फैसलाले उनलाई पनि दोषी ठहऱ्याइएकोले उनको सम्भावना पनि न्यून बनेको छ।

अर्का दाबेदारका रूपमा परिवारबाट बाहिर नवाज सरकारमा वित्त मन्त्री इसहाक डार उपप्रधानमन्त्रीको हैसियतमा रहेका थिए। डार, नवाज सरिफका सम्धी हुनुले पनि नजिक मानिन्छन्। नवाज सरिफ आफ्ना सबै उपलब्धिहरूमा इसहाक डारको योगदान रहेको मान्छन्।

त्यसैले पनि सत्तारूढ दलका नेताहरू उनलाई नवाज सरिफको अन्तरिम उत्तराधिकारीका रूपमा हेरिरहेका छन्। तर उनी पनि नेसनल एसेम्ब्लीको सदस्य छैनन्, तर उनी पार्टी प्रमुख बन्न सक्ने अनुमान गरिएको छ।

अर्को प्रमुख दाबेदारमा नेसनल एसेम्ब्लीका सभामुख अयाज सादिक देखिएका छन्। उनी नवाज सरिफका सबैभन्दा विश्वास पात्र मध्येमा पर्छन्। उनी राष्ट्रिय सभामा सरिफप्रति आफ्नो बफादारी देखाउन कहिल्यै चुकेका छैनन्। त्यसैले उनी विपक्षको आलोचनाको निसाना पनि बनिरहे।

अर्का प्रमुख दाबेदारमा नवाज सरिफकै पत्नी बेगम कुलसुम नवाज अगाडि छिन्। तर उनको स्वास्थ्य स्थितिलाई लिएर थुप्रै प्रश्न उठिरहेको अवस्था छ। नवाज सरिफको निर्वासनका क्रममा मुस्लिम लिगका नेताहरू र कार्यकर्ताहरू बीच कुलसुम अत्यन्त सक्रिय र लोकप्रिय थिइन्।

### ६ महिनाभित्र फैसला दिन आदेश

अदालतले यस मामिलामा ६ महिनाभित्र जवाफदेही अदालतबाट फैसला दिन पनि आदेश दिएको छ। सरिफलाई फैसलालगत्तै प्रधानमन्त्री पद छोड्नु बाध्यकारी थियो। उनलाई स्रोत नखुलेको कालोधन जम्मा गरेको आरोपमा दोषी ठहऱ्याइएको हो।

सर्वोच्च अदालतमा न्यायाधीशहरू एजाज हसन, एजाज अफजल, सइद सेख, आसिफ सइद खोसा र ग्नुलजार अहमद गरी पाँच जना सदस्यको बेन्चले नवाजलाई दोषी ठहऱ्याइएको हो।

न्यायाधीश खोसा र गुलजारले पानामा प्रकरणमा प्रारम्भिक निर्णयका क्रममा यसअघि नै प्रधानमन्त्री सरिफलाई अयोग्य बताइसकेका थिए। तर बाँकी तीन जना न्यायाधीशले यस मामिलामा थप जाँचको आदेश दिएका थिए। अहिले पाँचैजना न्यायाधीशले एक मतले सरिफलाई दोषी ठहऱ्याएका हुन्।

सर्वोच्च अदालतको बेन्चले सरिफलगायत उनकी छोरी र ज्वाइँलाई पनि दोषी ठहऱ्याएको छ। पाकिस्तानको संविधानमा देशको प्रधानमन्त्री स्वच्छ र इमान्दार हुनु कानुनीरूपमा अनिवार्य छ र अदालतको फैसलापछि नवाज सरिफ स्वच्छ र इमानदार रहेनन्। सरिफ तीन पटक पाकिस्तानको प्रधानमन्त्री बनिसके।

यो फैसलापछि नवाज सरिफ अब अर्को पटक प्रधानमन्त्री बन्न नपाउने भएका छन्। यसअघि परवेज मुसर्रफले सन्य विद्रोह गरी सत्ताच्यूत गरेपछि नवाज सरिफलाई देश छोड्नुपरेको थियो।

विपक्षी पार्टी पाकिस्तान तहरिक ए इन्साफका अध्यक्ष इमरान खान पनामा मुद्दामा याचिका दायर गर्ने मध्येका एक हुन। इमरान खानले विगतका दिनमा सर्वोच्च अदालतसँग यस मामिलामा चाँडै फैसला दिन अपिल गरेका थिए।

# जापानी रक्षामन्त्री इनादाद्वारा राजीनामा




टोक्यो, (एजेन्सी)

जापानको पहिलो महिला प्रधानमन्त्री बन्ने अनुमान गरिएकी तोमोमी इनादाले शुक्रबार रक्षामन्त्री पदबाट राजीनामा दिएकी छिन्। प्रधानमन्त्री सिन्जो आवेको निकै निकट मानिने इनादाले विवादास्पद शान्तिसेना तैनाथीसम्बन्धी संवेदनशील कागजातहरू लुकाएको अभियोग लागेपछि राजीनामा दिएकी हुन्।

उनलाई आवेको राष्ट्रवादी दृष्टिकोणलाई पालना गर्ने व्यक्तिको रूपमा चिनिन्छ। आफ्ना आसेपासेहरूलाई रोजगार मिलाइदिएको अभियोगमा प्रधानमन्त्री आवेले जनमानसमा लोकप्रियता गुमाउँदै गइरहेको अवस्थामा इनादाले राजीनामा दिएकी हुन्।

हुनत आफ्नो छवि सुधार्ने उद्देश्यले आवेले आगामी साता गर्न लागेको मन्त्रिमन्डलको पुनर्गठनमा ५८ वर्षीया इनादा नपर्न सक्ने ठूलो सम्भावना रहेको राजनीतिक विश्लेषकहरूको ठम्याइ रहेको थियो। साउथ सुडानको शान्ति सेना तैनाथ अभियान माथिको विवाद गत डिसेम्बरमा शुरु भएको थियो।

त्यहाँको सुरक्षा स्थिति खराब नरहेको बताइए तापनि रक्षा मन्त्रालयले जुलाई पुन: त्यसतर्फ परिचालन गर्ने शान्ति सेनाको तथ्यांक र कागजात सम्बन्धी विवाद उठेको हो। तर त्यसको दुई महिनापछि रक्षा मन्त्रालयले एउटा कम्प्युटरमा आवश्यक तथ्यांक फेला परेको घोषणा गरेको थियो।

युद्ध विरोधी संविधान भएको जापानमा शुरुदेखि नै शान्ति सेनाको मिसन विवादास्पद रहँदै आएको थियो। जापानी शान्ति सेनाहरू विशेष स्थितिहरू जस्तै युद्ध विराम अनिवार्य रहेको अवस्थामा मात्र खटाइने गरिएको छ। इनादा सन् २०१६ मा रक्षा मन्त्रीमा नियुक्त भएकी हुन्।

उनले एउटा भाषणमा सेनाले मतदाताहरूलाई सत्तारूढ पार्टीलाई समर्थन गराउन चाहेको बताएपछि विवादमा परेकी थिइन्। इनादाले पदबाट राजीनामा दिनासाथ प्रधानमन्त्री आवेले हिजो जनतासँग माफी मागेका थिए।

साथै आवेले अब विदेश मन्त्री फुमियो किसिदाले रक्षा मन्त्रालयको पनि कार्यभार सम्हाल्ने बताएका छन्। लामो समयदेखि सत्तामा रहने क्रममा आवेले राष्ट्रको युद्ध विरोधी संविधानलाई परिवर्तन गरी सेनाको अस्तित्वलाई औपचारिकता दिनुपर्नेमा जोड दिँदै आएका थिए।

# हतियार भण्डारमा आगलागी, अर्बौं डलरको क्षति

किभ, (एजेन्सी)

एउटा शक्तिशाली ग्रिनेड बोकेको ड्रोन विमान युक्रेनको हतियार भण्डारमा प्रवेश गरी विस्फोट गराउँदा अर्बौं अमेरिकी डलर बरारको क्षति भएको युक्रेनी सुरक्षा सूत्रले शुक्रबार जनाएको छ।

यस घटनाले युद्धका बेला हुने ड्रोन आक्रमणको स्मरण गराएको बताइएको छ। युक्रेनको आन्तरिक गुप्तचर निकाय एसबियुले पूर्वी युक्रेनको बालाक्लियामा रहेको एउटा सैनिक अखडामा लगातार विशाल विस्फोटन हुने गरी भएको आक्रमणका लागि उक्त ड्रोनले रुसी थर्माइट ह्यान्ड ग्रिनेड बोकेको विश्वास गरेको छ।

यस घटनामा एक व्यक्तिको ज्यान जानुका साथै अन्य पाँचजना घाइते भएका छन्। यु-ट्युबमा राखिएको विस्फोटको फुटेजमा अनियन्त्रित ढंगले हातहतियार भण्डारमा आगो लागेको र स्थानीय बासिन्दा निकै त्रसित रहेको देखिन्छ।

उक्त ड्रोनले जेडएमजि-१ थर्माइट ग्रिनेड राखिएको बताइएको छ। थर्माइट आइरण अक्साइड र अलुमुनियम पाउडरको मिश्रण हो। सन् २०१५ को डिसेम्बरमा बालाक्लिया सैनिक अखडामा ड्रोन प्रयोग गरी १४ वटा ग्रिनेड खसालिएको थियो।



# उत्तर कोरियामाथि जापानको नयाँ नाकाबन्दी

टोक्यो, (एजेन्सी)

जापानी विदेश मन्त्री फुमियो किसिदाले शुक्रवार जापानले उत्तर कोरियामाथि नयाँ नाकाबन्दी लागू गर्ने क्रममा दुईवटा चिनियाँ संस्थालगायत उत्तर कोरियासँग सम्बन्धित पाँचवटा संस्थाको सम्पत्ति रोक्का गरेको जानकारी दिएका छन्।

उत्तर कोरियामाथि अटेर गरी आणविक र क्षेप्यास्त्र परीक्षण गरिरहेको आरोपमा हिजै नयाँ नाकाबन्दी लगाउन अमेरिकाको सिनेटमा मतदान भएलगत्तै जापानले यो कदम उठाएको हो।



गुप्तचर अधिकारीहरूलाई हवाला दिँदै अमेरिकी सञ्चारमाध्यमले यसअघि सोचिएभन्दा अघि अर्थात् आगामी वर्ष नै प्योङयाङ आणविक हतियार बोक्न सक्ने अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र (आईसीबीएम) विकास गर्न सफल हुने जनाएको थियो।

एकजना वरिष्ठ अमेरिकी अधिकारीले मंगलबार नै अमेरिकी नयाँ नाकाबन्दीको उद्देश्य चिनियाँ वित्तीय संस्थाहरूलाई समेत कारबाही गर्नु रहेको बताएका थिए। तर चिनियाँ विदेश मन्त्रालयले जापानको यस निर्णय अस्विकार्य र गलत रहेको भन्दै भत्सर्ना गरेको छ।

नियमित पत्रकार सम्मेलनको क्रममा विदेश मन्त्रालयका प्रवक्तता लु कांगले विशेष गरी चिनियाँ संस्था एवं व्यक्तिविशेषमाथि लक्षित गर्दै संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को ढाँचाबाहिर रहेर गरिने यस्तो एकपक्षीय नाकाबन्दीको चीनले कडा विरोध गर्ने बताएका छन्।

‘अब तत्काल पुनर्निर्माण गर्नुको विकल्प छैन’, नक्साको विषयमा जानकारी गराउँदै भन्नुभयो- ‘मैले एक वर्षअघि नक्सा हस्तान्तरण गरिसकेको छु, काण्ठमण्डपलाई सबैले मिलेर बनाउनुपर्छ अब विरोध गर्नुहुँदैन, बन्नुपर्छ।’

# राजपासँग सहकार्य गर्न फोरम तयार

## पहाडमा मत नपाएको भन्दै मधेसी नेताहरू आक्रोसित

बीपी साह, काठमाडौं

संघीय समाजवादी फोरम नेपालको तीन दिनदेखि जारी केन्द्रीय समिति बैठक शुक्रबार सम्पन्न भएको छ। फोरम नेपालको केन्द्रीय समिति बैठकले आगामी असोज २ गते हुने स्थानीय निकायको निर्वाचनमा राष्ट्रिय जनता पार्टीसँग सहकार्य गर्ने प्रस्ताव गरेको छ। स्थानीय निकायको पहिलो र दोस्रो चरणको निर्वाचनमा अपेक्षाकृत मत नपाएको भन्दै अब दुई नम्बर प्रदेशको निर्वाचनमा राजपासँग सहकार्य गर्ने फोरमले प्रस्ताव गरेको छ।

केन्द्रीय समितिले स्थानीय निकायको निर्वाचनको समीक्षा गर्दै २ नम्बर प्रदेशको निर्वाचनका लागि रणनीति तयार पारेको छ। बैठकको अन्तिम दिन पहाडमा संगठन भए पनि निर्वाचनमा मत नपाएको भन्दै पहाडका नेताहरूप्रति मधेसी नेताहरू आक्रामक रुपमा प्रस्तुत भएका थिए। ‘पहाडमा संगठन छ भनेर निर्वाचनमा सहभागी भए तर पहाडबाट मत आएन’, नेता जयराम यादवले भन्नुभयो- ‘पहाडको कारणले निर्वाचनमा गयौं, जसकारण मधेसी जनताले पनि मत दिएनन्।’

पहाडका नेताहरूले पनि मधेसीले भोट नदिएको आरोप लगाउँदै नेताहरूले काम गर्न नसकेको गुनासो गरे। ‘मधेसमा बलियो संगठन छ भन्ने भाषण दिन्छन् तर भोट आउँदैन। मधेसका नेताहरूले जवाफ दिनुपर्छ।’ -बैठकमा धनप्रसाद गुरुङले प्रश्न गर्नुभएको थियो।

नेपाल समाचारपत्रसँग कुराकानी गर्दै नेता अभिषेक प्रताप साहले भन्नुभयो- ‘अपेक्षाकृत मत नआएपछि मधेसका नेता पहाडका नेतासँग रुष्ट छन् भने पहाडका नेता मधेसका नेतासँग रुष्ट छन्। अब संगठन निर्माणमा जोड दिएपछि आफै समस्या समाधान हुनेछ।’

केन्द्रीय समिति बैठकबाट आगामी निर्वाचनका लागि राजपासहित नयाँ शक्ति नेपालसँग पनि सहकार्य गर्ने प्रस्ताव गरिएको साहले बताउनुभयो।

त्यस्तै राजनीतिक समिति सदस्य रेखा यादवले केन्द्रीय समिति बैठकबाट एकीकरण भएका पार्टीका पदाधिकारीहरूलाई समायोजनको निर्णय भएको बताउनुभयो। उहाँले सरिता गिरीसहित लिम्बुवान पार्टीका दुई जना पदाधिकारीलाई राजनीतिक समितिमा ल्याइएको बताउनुभयो।

# डा. केसीसँगको वार्ता निष्कर्षहीन

काठमाडौं, (नेस)

चिकित्सा क्षेत्रमा देखिएका बेथिति अन्त्यको माग गर्दै अनशनमा बस्नुभएका डा. गोविन्द केसी र सरकारी प्रतिनिधिबीच शुक्रबार भएको वार्ता बिनानिष्कर्ष सकिएको छ।

डा. केसीका मागबारे प्रारम्भिक रुपमा छलफल भएको वार्तामा सहभागी डा. केसीका प्रतिनिधि वाईपी सिंहले बताउनुभयो।

सिंहका अनुसार डा. केसीका तर्फबाट विभिन्न माग राखेपछि सरकारी वार्ता टोलीले भने भोलि थप छलफल गर्ने सहमति भएको छ।

चिकित्सा सेवामा सुधारको माग गर्दै डा. गोविन्द केसी ६ दिनदेखि आमरण अनशनमा हुनुहुन्छ। उहाँ आमरण अनशन बसेको यो ११औं पटक हो।

# काष्ठमण्डपबारे सबै तात्दै

ईश्वरराज ढकाल, काठमाडौं



सरोकारवाला निकायले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी काण्ठमण्डप पुनर्निर्माण कार्यलाई अघि बढाउने भएको छ।

भूकम्प गएको दुई वर्ष पुगिसक्दा पनि इतिहास बोकेको काष्ठमण्डप बन्न नसकेर आलोचना खेपिरहेको काठमाडौं महानगरपालिकाले सबैको सहयोगमा एक हप्ताभित्र पुनर्निर्माणको टुङ्गो लगाउने भएको छ। नेपाली कांग्रेस काठमाडौं क्षेत्र नम्बर ८ का सांसद नवीन्द्रराज जोशीको पहलमा गत बिहीबार भएको बैठकमा तत्काल काष्ठमण्डप बनाउने विषयमा छलफल भएको थियो।

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले जनप्रतिनिधि आइसकेको अवस्थामा अन्य निकायले भन्दा पनि महानगरपालिकाले नै पुनर्निर्माण गर्ने बताउनुभएको थियो। उहाँले कामपाले रकम विनियोजना गरिसकेको अवस्थामा विदेशीको सहयोग नलिईकनै आफैले बनाउने योजना सुनाउनुभएको थियो।

पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहाल, कामपाका मेयर शाक्य, उपमेयर हरिप्रभा खड्गी, काष्ठमण्डप इन्जिनियरद्वय सुदर्शनराज तिवारी र प्रेमराज मास्के, प्राधिकरणका प्रतिनिधि र कामपा वडा नम्बर १९, २०, २३ र २४ का वडा अध्यक्षसहितको बैठकले तयार भएको नक्सा महानगरपालिका, प्रधिकरण र पुरातत्त्व विभागले पुन: केही अध्ययन गर्ने निर्णय गरेको थियो।

सांसद जोशीले कुनै पनि बहानाबाजी गर्नुभन्दा पनि तत्काल पुनर्निर्माण गर्नु अत्यावश्यक रहेको बताउँदै त्यसका लागि विभागले सम्पूर्ण ड्रइङ तथा डिजाइन उपलब्ध गराउनुपर्ने बताउनुभएको थियो। उहाँले स्थानीयलाई सहभागी गराई यसको पुनर्निर्माण गरिनुपर्ने बताउनुभयो। काष्ठमण्डपको नक्सा इन्जिनियर मनोहरलाल राजभण्डारीले करिब ३ महिना लगाएर निर्माण गर्नुभएको हो। ७४ वर्षीय वरिष्ठ इन्जिनियर भण्डारीले सबैको सल्लाहअनुसार नक्सा तयार गरेको जानकारी गराउनुभयो। ‘अब तत्काल पुनर्निर्माण गर्नुको विकल्प छैन’, नक्साको विषयमा जानकारी गराउँदै भन्नुभयो- ‘मैले एक वर्षअघि नक्सा हस्तान्तरण गरिसकेको छु, काण्ठमण्डपलाई सबैले मिलेर बनाउनुपर्छ अब विरोध गर्नुहुँदैन, बन्नुपर्छ।’

बैठकमा मेयर शाक्यले सबै सरोकारवालाको सहयोगमा पुनर्निर्माण शुरु हुने बताउनुभयो। विभागले यो साता प्राधिकरणसँग समन्वय गरी निर्माण प्रक्रिया अघि बढाउने विषयमा छलफल गर्ने भएको छ। विभागका महानिर्देशक दाहालका अनुसार अबको एक साताभित्र पुरातत्त्व विभागले सबै सरोकारवालासँग छलफल गरी नक्सामा केही परिवर्तन गर्न आवश्यक भए सोसमेत सम्पन्न गरेर ड्रइङ तथा डिजाइन कामपालाई हस्तान्तरण गर्नेछ।


‘हामी सबै विज्ञसँग पुन: छलफल गर्नेछौं। काष्ठमण्डप पुनर्निर्माण अभियानका संयोजक वीरेन्द्रभक्त श्रेष्ठलगायतका अभियानकर्तासँग समेत छलफल गरेर निर्णय गर्ने तयारी गरेका छौं।’ -विभागका महानिर्देशक दाहालले भन्नुभयो। कामपाका उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठले पुनर्निर्माणमा राजनीति गर्न नहुने बताउँदै सबै मिलेर तत्काल पुनर्निर्माण गर्नुको विकल्प नभएको जानकारी दिनुभयो।

छलफल कार्यक्रममा विभागका महानिर्देशक दाहालले पोल्यान्डमा हालै सम्पन्न विश्व सम्पदा सम्मेलनमा काष्ठमण्डपको वरिपरिका मठमन्दिर पुनर्निर्माण नभएको कारणबाट विश्व सम्पदा सूचीबाट हटाउन लागेको स्मरण गराउँदै अहिले एक वर्षका लागि जोगिएको खतराको सूची पुन: दोहोरिन नदिन सबै सरोकारवाला एकजुट हुनुपर्ने बताउनुभयो। उता अभियान कर्ताका संयोजक वीरेन्द्रभक्त श्रेष्ठले अभियान आफैले पुनर्निर्माण गर्ने बताउनुभएको छ।

‘हामीले सबै निकायबीच समझदारी गरिसकेका छौं, स्थानीयबासीको सहयोगमा आफै पुनर्निर्माण गर्नेछौं’, उहाँले दोहोऱ्याउनुभयो- ‘अभियानले नै हो बनाउने, हैन भने कसले बनाउने हो, स्पष्ट धारणा आउनुपऱ्यो।’ उहाँले प्राधिकरणसँग भएको समझदारी भंग हुन नसक्ने जिकिर गर्नुभयो। गत वैशाख २९ गते यसअघि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका तथा काष्ठमण्डप पुनर्निर्माण अभियानबीच भएको समझदारीमा काष्ठमण्डपको पुनर्निर्माण अभियानले गर्ने उल्लेख छ।

काण्ठमण्डप पुनर्निर्माणमा विवाद देखिएपछि तत्काल पुनर्निर्माण रोक्न माग गर्दै स्थानीयले काष्ठमण्डम छिर्ने गेटमा तालाबन्दी गरेका छन्। कामपाको सम्पत्तिको रूपमा रहेको काष्ठमण्डप पुनर्निर्माण गर्न महानगरपालिकाले १९ करोड रुपियाँको टेन्डर आह्वान गरिसकेको थियो। तर स्थानीयले ठेक्कामा दिन नहुने भन्दै विरोध गरेका कारण पुनर्निर्माण हुन सकेको छैन। काठमाडौंलाई परिचय दिने काण्ठमण्डप २०७२ साल वैशाख १२ को शक्तिशाली भूकम्पबाट ध्वस्त भएको थियो। सातौं शताब्दीमा बनेको राजधानीको मुख्य सम्पदा अब जुनसुकै हालमा निर्माण हुनुपर्ने सरकारी निकायको धारणा छ।

# गोसाइँकुण्डमा मेला



रसुवा, (नेस)

रसुवाको गोसाइँकुण्डमा रक्षाबन्धन (जनैपूर्णिमा)को अवसरमा ३ हजारभन्दा बढी तीर्थयात्रीले मेला भरेका छन्। जनैपूर्णिमाको अवसरमा यही साउन १० गतेदेखि लागेको मेलामा करिब ३ हजारले मेला भरेका हुन्।

मेला भर्न आएका तीर्थयात्रीले शुक्रबार नागपञ्चमीको अवसरमा राखी बाँध्ने तथा जनै फेर्ने कार्य गरेका छन्। साउन शुक्ल पञ्चमी अर्थात् नागपञ्चमीदेखि शुरू भई साउन शुक्ल पूर्णिमा अर्थात् जनैपूर्णिमासम्म मेला लाग्ने गरेकामा यो वर्ष भने नागपञ्चमीमा नै राखी बाँध्ने तथा जनै फेर्ने कार्य गरिएको हो।

गोसाइँकुण्ड जान नसक्नेले धुन्चेस्थित मिनिगोसाइँकुण्डमा समेत मेला भरेका छन्। यसअघि १० दिनसम्म मेला लाग्ने भए पनि यो वर्ष पूर्णिमाको दिन ग्रहण लाग्ने भएकाले नागपञ्चमीसम्म मात्र विशेष मेला लाग्ने समितिका अध्यक्ष सञ्जीव डीएमले बताउनुभयो। मेला भर्नका लागि तीर्थयात्री जनैपूर्णिमासम्म आउने भएकाले अहिले निर्माण भएका थर्पु र घोडा व्यवसायीलाई २३ गतेसम्म सेवा प्रवाह गर्न समितिले आग्रह गरेको छ।

यो वर्ष गोसाइँकुण्डमा करिब १० हजारले मेला भर्ने अनुमान गरिएको छ। गत वर्ष जनैपूर्णिमा मेलामा करिब ७ हजार ५ सयले मेला भरेका थिए।

मेलाको अवरसरमा तीर्थयात्रीलाई खान तथा बास बस्नका लागि अस्थायी थर्पु निर्माण गरिएको छ। तीर्थयात्री ठगीमा पर्नसक्ने सम्भावनालाई मध्यजनर गर्दै खाना, बास तथा घोडाका लागि निश्चित शुल्क निर्धारण गरिएको छ।

त्यसैगरी मेला अवधिभर तीर्थयात्रीको सुरक्षालाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था कडा पारिएको प्रहरी नायब उपरीक्षक फणिन्द्र प्रसाईंले बताउनुभयो।

# मकवानपुरमा बढ्दै अपराध

हेटौंडा, (नेस)

मकवानपुरमा बिगतको तुलनामा अपराधका मुद्दा बढेका छन्। तीन वर्ष अवधिको तुलना गर्ने हो भने गत आर्थिक वर्षमा जिल्लामा अपराधका घटना बढेसँगै मुद्दा पनि वृद्धि भएका हुन्।

जिल्लाप्रहरी कार्यालय मकवानपुरमा परेका उजुरी र मुद्दा चलाइएको संख्या गत आर्थिक वर्षमा ८ सय ६६ पुगेको छ। यो संख्या विगत वर्षको तुलनामा बढी हो। विभिन्न अपराध, सार्वजनिक अपराध र लागूऔषध मुद्दा पहिलेको तुलनामा वृद्धि भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक वसन्तकुमार लामाले बताए।

आर्थिक वर्ष २०७२/०७३ माजिल्लामा अपराधका ६ सय ९३ मुद्दा परेका थिए। आव २०७१/०७२ मा ५ सय ५३ वटा मुद्दा परेका थिए। अपराध न्यूनीकरणका विविध गतिविधि गरिँदै आए पनि सार्वजनिक अपराध गर्नेलाई छुट नदिने र कानुनी दायरामा ल्याउने अभियान प्रहरीले चलाएका कारण मुद्दा संख्यामा वृद्धि भएको हो।

# स्कुले बालक बेपत्ता



काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१७ छत्रपाटीमा रहेको सरस्वती सेकेन्डरी बोर्डिङ स्कुलमा अध्ययनरत विशाल चौधरी बिहीबार दिउँसोदेखि हराएका छन्। बुटवल घर भई हाल असन नासननी बस्दै आएका विजय चौधरी र निर्मला चौधरीका छोरा विशाल चौधरी बिहीबार स्कुलबाटै बेपत्ता भएको प्रहरीले जानकारी दिएको छ।

# अब प्रतिनिधिसभाको चुनाव गरौं : ओली

काठमाडौं, (नेस)

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले प्रदेशसभाभन्दा पहिला प्रतिनिधि सभाको निर्वाचन हुनुपर्ने बताउनुभएको छ। उहाँले संविधानमा प्रदेशसभापछि प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने व्यवस्था गरेको भए पनि समय अभावका कारण प्रतिनिधिसभाको निर्वाचन हुनुपर्ने बताउनुभएको हो।

चीनको स्वशासित क्षेत्र तिब्बतको एक साता लामो भ्रमणपछि स्वदेश फर्कने क्रममा शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले दुवै तहको एकैपटक निर्वाचन गर्दा पनि आफ्नो पार्टीको आपत्ति नहुने बताउनुभएको थियो।

उहाँले प्रतिनिधिसभाको निर्वाचन समयमा हुन सकेन भने संविधान कार्यान्वयनमा जटिलता उत्पन्न हुने बताउँदै अध्यक्ष ओलीले भन्नुभयो- ‘यो समय पर सर्नुहुँदैन, कम्तीमा संघीय संसद्को निर्वाचन हुनुपर्छ, दुवै निर्वाचन एकै पटक गर्दा मतपत्रको प्राविधिक समस्या पर्ने भए एउटै मतपत्र राखी प्रत्यक्ष प्रणालीमा प्राप्त मतलाई सम्बन्धित दलले समानुपातिक प्रणालीमा पनि उत्तिकै मत प्राप्त गरेको प्रावधानमा पनि जान सकिन्छ।’

संविधान संशोधन नभए निर्वाचनमा नजाने राष्ट्रिय जनता पार्टीको अडानबारे ओलीले भन्नुभयो- ‘राजपाले साना साना विषयमा निहुँ खोजेर लोकतान्त्रिक पद्धतिलाई अस्वीकार गर्नु हुँदैन।’

उहाँले राजपासँग सम्झौता गर्ने नेपाली कांग्रेसकै कारण सो दलले दोस्रो चरणको निर्वाचनमा भाग नलिएको बताउँदै उहाँले भन्नुभयो- ‘कांग्रेस अहिले पनि दाउपेचको राजनीतिमा छ, ऊ राजपालाई निर्वाचनभन्दा बाहिर राख्न चाहन्छ तर राजपा एमालेका कारण माग पूरा भएन भनिरहेको छ।’

## पहिरोको...

कामीगाउँ पहिरोको उच्च जोखिममा रहेको स्थानीय शिक्षक सञ्जय ढकालले जानकारी दिए। ‘कामीगाउँ त पहिरोको उच्च जोखिममै छ’, उनले भने- ‘साविकको वडा नं. १ को तल्लो गाउँको १५ घर र २ को ५०/६० घर धरापमा छन्। पहिरो गाउँतिर बढ्दै आइरहन्छ। कति बेला गाउँ बगाउँछ थाहा छैन।’

## पेल्दै...

‘संविधानले स्थानीय तहलाई दिएका अधिकार खोस्ने गरी विधेयक ल्याइएको छ’, स्थानीय तह पुनर्संरचना आयोगका अध्यक्षसमेत रहनुभएका पूर्वसचिव बालानन्द पौडेलले भन्नुभयो- ‘संविधानको दायरा नाघेर स्थानीय तहको अधिकार खोस्ने गरी विधेयकहरू तर्जुमा गरिएको छ।’

ऐनमा घरजग्गा, मनोरञ्जनलगायतका करको दर प्रदेशले निर्धारण गर्ने भनिएको छ। यो स्थानीय सरकारको अधिकार क्षेत्र हो। यस्तै विशेष कार्यक्रम संघीय सरकारले स्थानीय सरकारसँग समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्थामा गरिएको छ। ऐनमार्फत केन्द्रले स्थानीय तहको अधिकारमा हस्तक्षेप गर्न खाजेको स्थानीय शासन विज्ञहरूको भनाइ रहेको छ।

प्राकृतिक स्रोत तथा वित्त आयोगलाई केन्द्र सरकारको प्रभावमा राख्ने किसिमले विधेयक बनाइएको पौडेलको भनाइ रहेको छ। ‘वित्त आयोग संवैधानिक आयोग हो’, उहाँले भन्नुभयो- ‘यसको काम कर्तव्य र अधिकार सबै संविधानले व्यवस्था गरेको छ। अहिलेको विधेयकले यसमा ध्यान दिएको छैन। संविधानभन्दा फरक व्यवस्था गर्न खोजिएको छ।’

अहिले संसद्मा गएको ऐनमा प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको ५ प्रतिशत मात्रै स्थानीय तहले पाउने प्रावधान राखिएको छ। साविकको स्थानीय तह स्वायत शासन ऐनमै ३० देखि ५० प्रतिशत राजस्व पाउने उल्लेख गरिएको छ। बन्न लागेको ऐन साविकको ऐनभन्दा अनुदार रहेको स्थानीय शासन विज्ञहरूको भनाइ रहेको छ।

‘नेपाल राज्यको मुख्य संरचना संघ र प्रदेशसँगै स्थानीय तह हुनेछ भनी संविधानमा उल्लेख गरिएको छ। राज्यशक्तिको प्रयोग पनि तीन तहले गर्ने भनिएको छ। तर अहिले एकपछि अर्को आदेश, परिपत्र र निर्देशनले स्थानीय तहमा निहित अधिकार केन्द्रबाट खोस्न खोजिएको आरोप लगाउन थालिएको छ। स्थानीय तहलाई हेर्न माथिल्लो निकायका रुपमा मन्त्रालय प्रस्तुत भइरहेको छ। यो संविधान विपरीत रहेको छ।’ -स्थानीय तह पुनर्संरचना आयोगका सदस्यसमेत रहिसकेका सुनीलरञ्जन सिंहले भन्नुभयो।

केन्द्र र स्थानीय तहबीच द्वन्द्व क्रमश: बढ्दै जाने अवस्थामा संविधानले परिकल्पना गरेअनुसार स्थानीय तह सञ्चालन हुन्छ त? भन्ने प्रश्नमा सिंहको जवाफ छ- ‘विभिन्न ऐन, नियम र आदेशले स्थानीय तहको अधिकार संकुचन गरिए संविधानबमोजिम अधिकार प्रयोग हुने नै छ। जनप्रतिनिधिहरूले अदालतबाटै भए पनि संविधानसँग बाझिएका ऐन र नियम खारेजी गराएर अधिकार उपभोग गरेर छाड्ने सम्भावना रहेको छ।’

केन्द्र र स्थानीय तहको द्वन्द्वले स्थानीय जनतालाई झन् निरास बनाएको छ। शुरूमा सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने नारा लगाइएकोमा दंग परेका जनप्रतिनिधि र स्थानीय जनता अहिले अन्योलमा परेका छन्। स्थानीय तहको निर्वाचनपछि के के न होला जस्तो गरिएकोमा दुई चरणमा निर्वाचन भइसकेको अवस्थामा पनि जनप्रतिनिधिलाई माथिल्लो तहबाट चेप्नु र आवश्यक ऐन कानुनको तर्जुमा गरेर काम गर्न नदिइनुले सर्वसाधारणलाई भने पहाड खन्दा मुसा भेटिएजस्तो भइरहेको छ।

स्थानीय शासन सञ्चालनसम्बन्धी विधयेक, २०७३ व्यवस्थापिका संसद्मा विचाराधीन रहेको छ। गत वैशाख मसान्तमा संसद्मा दर्ता गराइएको सो विधयेकबारे सासंद्हरूबाट धेरै संशोधनको प्रस्ताव आएका छन्। संसद्मा विचाराधीन विधयेकमध्ये सम्भवत: सबैभन्दा बढी संशोधनको प्रस्ताव पनि सोही विधयेकबारे आएको छ। सो विधयेक फास्टट्र्याकबाट पारित गर्ने तयारी बारे छलफल भइरहेको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जनाएको छ।

सो विधयेकबारे छलफल गर्ने क्रममा कतिपय सांसद्हरूले सो ऐनको नाम परिर्वतन गर्नुपर्नेसमेत संशोधन प्रस्ताव हालेका थिए। स्थानीय शासन भन्नाले केन्द्र वा संघबाट शासन गर्ने नियतले आएको भन्ने अर्थ लाग्दछ। त्यसैले यसलाई स्थानीय तह सञ्चालनसम्बन्धी ऐन भन्नुपर्नेसमेत संशोधन आएको मन्त्रालयले जनाएको छ।

## आगोमा...

‘अस्पतालसँग नभएको औषधि बिरामीलाई उपचार गर्नका लागि जिल्ला जनस्वास्थ्य कार्यालयसँग माग्दा छैन भनेर पाइएको थिएन, अस्पताललाई छैन भनेको औषधि यति मात्रामा म्याद गएर नष्ट गर्नुपऱ्यो, जिल्ला अस्पताललाई छैन भनेर नदिएको औषधि आखिर जलाउनुपऱ्यो, दिएको भए जिल्लाकै नागरिकले उपचार पाउँथे।’ -उनले भने। विगतमा अस्पतालमा नभएको औषधि माग्दा गाँउमा पठाउने भन्दै जिल्ला जनस्वास्थ्य कार्यालयले औषधि नदिने गरेको डा. रेग्मीले बताए।

जाजरकोट अस्पतालमा उपचार गराउन आएका बिरामीहरूलाई विगतमा कहिलेकाहीँ अस्पतालका स्वास्थ्यकर्मीहरूले म्याद नाघेको औषधि दिने गरेको पाइएको छ।

**श्री भूमिसुधार कार्यालय ललितपुरबाट जारी भएको ल.पु.जि. साविक सैवु गा.वि.स. वडा नं. ४ बस्ने मोही टेकबहादुर चनेका नामको जोत हक दावी सम्बन्धी दिन ३० को सार्वजनिक सूचना ।**

का.जि.का.म.पा. वडा नं. २३ को हाल ल.पु.जि.म.न.पा वडा नं. २५ बस्ने सुलोचना जोशीले निजको नाममा दर्ता रहेको ललितपुर जिल्ला सैवु गा.वि.स. वडा नं. ३ (ख) कि.नं. ४१३ क्षे.फ. ०-४-०-० जग्गाको मोही महलमा उल्लेख भएका टेक बहादुर चनेको मिति २०३५/११/०४ र निजको पत्नी कृष्ण कुमारी चन्दको समेत मृत्यु भै निजहरुको तर्फबाट छोरा छोरीको जायजन्म नभई निजको हकदार कोही नभएकोले उक्त कित्ता जग्जा म आफैले जोत कमोद गरी आएकाले जोत लगतकट्टा गरी पाउँ भनि निज ज.ध.बाट निवेदन पर्न आएको हुँदा उक्त कित्ता जग्गाका दर्तावाला मोही टेक बहादुर चनेका भू.सं. ऐन बमोजिमका कोही हकदार भई जोत लगतकट्टा हुन नपर्ने कोही कसैको जोत हक दावी भए यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले बाटाका म्याद बाहेक ३० दिन भित्र स-प्रमाण जोत हकदावी गर्न आउनु होला अन्यथा नियमानुसार जोत लगतकट्टा तर्फ कारवाही भै जाने व्यहोरा समेत यसै द्वारा जानकारी गराइएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म: २०१९/०७/०४

स्वर्गारोहण: २०७४/०४/०२

स्व. गौरीशंकर थारु

यस कम्पनीका बुटवल शाखाका कर्मचारी श्री रिम प्रसाद चौधरीज्यूका पुजनीय पिता **गौरीशंकर थारु**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दु:खद घडिमा शोकाकुल परिवारजन, इष्टमित्र र शुभेच्छुक सबैमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी इश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
LUMBINI GENERAL INSURANCE COMPANY LIMITED
परिवार

विद्युत्गृह, टर्वाइन, जेनेरेटर, कन्ट्रोलर उपकरण जडान गर्ने काम भइरहेको छ। इलेक्ट्रोमेकानिकल ठेकेदार झेजियाङले २०७३ पुस १६ गते काम सक्ने गरी प्राधिकरणसँग चौथोपटक म्याद थप गरेको थियो।

नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग
कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त
अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट
... कण कणमा शक्ति भरएको
ISO 9001:2000

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन १३ जुलाई २८ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।३० | १०२।९० |
| युरो १ का रु. | ११९।९२ | १२०।६२ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।४३ | १३५।२२ |
| स्विस फ्रन्क १ का रु. | १०६।९६ | १०७।५९ |
| अस्ट्रेलियन डलर १ का रु. | ८२।०२ | ८२।५० |
| क्यानाडियन डलर १ का रु. | ८२।२२ | ८२।७१ |
| सिङ्गापुर डलर १ का रु. | ७५।३५ | ७५।७९ |
| जापानी यन १० का रु. | ९।१९ | ९।२५ |
| चिनियाँ युआन १ का रु. | १५।१९ | १५।२७ |
| साउदी अरब रियाल १ का रु. | २७।२८ | २७।४४ |
| कतारी रियाल १ का रु. | २८।१० | २८।२६ |
| थाई भाट १ का रु. | ३।०७ | ३।०९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८५ | २८।०२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९२ | २४।०६ |
| दक्षिण कारियन वन १०० का रु. | ९।१८ | ९।२३ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।५२ |
| डनिस क्रानर १ का रु. | १६।१३ |
| हङकङ डलर १ का रु. | १३।१० |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अन्तिममा घटे पनि बीमाका लगानीकर्तालाई सुखद् साता

नेपाल धितोपत्र बोर्डले बोर्डमा रहेको लगानीयोग्य रकमलाई नेपालका 'क' वर्गका मुद्दती खातामा लगानी गर्ने भएको छ। यसका लागि नेपाल धितोपत्र लगानी सम्बन्धी नीति, २०६७ को अधिनमा इच्छुक बैंकलाई नीति बमोजिम योग्यता खुल्ने आवश्यक कागजातसहित शिलबन्दी प्रस्ताव दर्ता गर्न आग्रह गरेको छ।

**नेपाल समाचारपत्र**

काठमाडौं

आर्थिक वर्ष २०७४/७५ को दोस्रो हप्ता पनि लगानीकर्ताका लागि शेयर बजार फलदायी बनेको छ। नयाँ आर्थिक वर्षसँगै नयाँ बजेट, मौद्रिक नीति कार्यान्वयनमा आउनु तथा सरकारले स्थानीय तहलाई पहिलो किस्ता निकासा गर्नु जस्ता गतिविधिले शेयर बजारलाई साथ दिएको छ।

ब्रोकरले मार्जिन कर्जा वितरण गर्न सक्ने व्यवस्था, नि:शुल्क आस्बा, सहज तथा छिटो बाँडफाँडको व्यवस्थाले अघिल्लो सातामा आएको सकारात्मक भाइवले निरन्तरता पाएको छ। बैंक तथा वित्तीय संस्थाले गत आवको वार्षिक प्रतिवेदन प्रकाशन गर्न शुरु गरेका छन्। तसर्थ, लगानीकर्ता राम्रो लाभांश दिने कम्पनीतर्फ लगानी आकर्षित हुने पक्का छ। तर, अपेक्षाकृत रुपमा यसको प्रभाव बजारमा देखिएन।

साताभर बीमा कम्पनीका कारोबार उच्च रहे पनि साताको अन्तिम दिन भने यो समूहमा करेक्सन देखियो। सो अवधिमा उच्च कारोबार गर्ने १० मध्ये ८ वटा बीमा कम्पनी रहे। बीमा कम्पनीहरूले हकप्रद र बोनसमार्फत् आफ्नो चुक्ता पुँजी वृद्धि गर्ने योजना बीमा समितिमा पेस गरेको खबर सार्वजनिक भएपछि लगानीकर्ता बीमा कम्पनीतर्फ आकर्षित भएका थिए। बीमा समितिले पुँजी वृद्धिको योजना माग गर्दा अधिकांशले हकप्रद र बोनस वितरण गर्ने प्रस्ताव पेश गरेका हुन्।

साताको पहिलो चार दिन सकारात्मक देखिए पनि बीमा समूहमा बिहीबार भने सामान्य करेक्सन देखिएको थियो। यस हिसाबले अबका दिनमा पनि बीमा कमपनीको परिसूचक सोही गतिमा अगाडि बढ्नेमा सरोकारवालाको मनमा प्रश्न उठेको छ।

त्यस्तै नयाँ मौद्रिक नीति र बजेटले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखेपछि उत्पादन मूलक समूहले पनि उल्लेखनीय सुधार हासिल गरे। चुनावी माहोलपछि बजारमा लगानीयोग्य तरलताको अभाव नहुँदा सबै समूहमा सुधार आएको जानकारहरूको बुझाइ छ।

साताको पहिलो दूई दिन बजार ओरालो लागे पनि त्यसपछि बजारमा सुधार आयो। तसर्थ, आउने दिनमा पनि बजार यही गतिमा बढ्ला भन्ने अपेक्षा गर्न सकिन्छ।

यस साता पाँचै दिन कारोबार भएको बजारमा नेप्से परिसूचक १० दशमलव ७८ अंकले बढेको थियो। यस साता १ हजार ६ सय ३५ दशमलव ३७ अंकबाट शुरु भएर १ हजार ६ सय ४६ दशमलव ५३ को अंकमा आएर रोकियो। अघिल्लो साता बजार परिसूचक ५३ दशमलव शून्य ८ अंकले बढेको थियो।

यस साता बजारमा १ सय ७० कम्पनीका ९० लाख ५८ हजार ७० कित्ता शेयर ५ अर्ब ५३ करोड १८ लाख ६६ हजार रुपियाँमा कारोबार भए। कारोबार रकम अघिल्लो साताको तुलनामा १६ दशमलव ७५ प्रतिशत बढी हो। अघिल्लो साता बजारमा ४ अर्ब ७३ करोड ८२ लाख ७६ हजार रुपियाँ बराबरको कारोबार भएको थियो। त्यसक्रममा ८७ लाख ५३ हजार ८ सय ८० कित्तँ शेयर किनबेच भएका थिए।

सातभरि कूल ४३ हजार ३ सय ६८ कारोबार भएका थिए। यस साता शेयर बजारमा पहिलो दुई दिन क्रमश: गिरावट आएको थियो। आइतबार बजार परिसूचक शून्य दशमलव १९ अंकले घटेको थियो भने सोमबार पनि ६ दशमलव ४८ अंकको गिरावट आएको थियो। तर, मंगलबार, बुधबार र बिहीबार भने परिसूचक क्रमश: ७ दशमलव ११, ८ दशमलव ८४ र १ दशमलव ५ अंकले बढ्दै बजार थेगेको हो।

कारोबारमा आएका ९ समूहमध्ये ६ समूहका परिसूचकमा सुधार आए। सुधार आउनेमध्ये सबैभन्दा धेरै बीमा समूहको परिसूचकमा ६ सय ४४ दशमलव ४४ अंकको सुधार आयो। त्यस्तै उत्पादनमुलक समूह, विकास बैंक, वित्त र होटल समूहका परिसूचकमा क्रमश: २ सय २६ दशमलव १३, ३८ दशमलव ३, १३ दशमलव ८७ र १३ दशमलव ७७ अंकले बढे। नयाँ वर्षयता पहिलोपटक करोबारमा आएको व्यापार समूह पनि १ दशमलव ३५ अंकले बढ्यो।

यस साता गत आवको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने क्रममा रहेका बैंकिङ समूह, जलविद्युत् र अन्य समूहमा भने गिरावट आए। ती समूहका परिसूचक क्रमश: २९ दशमलव ३१, ११ दशमलव २३ र ३ दशमलव १८ अंकले ओरालो लाग्यो।

कारोबार रकमको आधारमा यस साता प्रभु इन्स्योरेन्स अग्रस्थानमा रह्यो। कम्पनीको कुल २७ करोड ७८ लाख ५० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको हो। त्यस्तै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको २४ करोड ९२ लाख रुपियाँ, राष्ट्रिय बीमा कम्पनी लिमिटेडका संस्थापक शेयरको २१ करोड ३० लाख रुपियाँ, नेपाल इन्स्योरेन्स कम्पनी कम्पनीको १८ करोड ४६ लाख रुपियाँ र प्राइम लाइफ इन्स्योरेन्स कम्पनी कम्पनीको १५ करोड ४५ लाख रुपियाँ बराबरको शेयर कारोबार भएका थिए।

कारोबार भएको शेयर संख्याको आधारमा नेसनल हाइड्रोपावर कम्पनीले शीर्ष स्थान ओगटेको छ। यस साता कम्पनीका ८ लाख ६४ हजार कित्ता शेयर कारोवार भए। त्यसैगरी कारोबार संख्याको आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रह्यो छ। कम्पनीका कुल ३ हजार २ सय ५ वटा कारोबार भएका थिए।

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँचै दिन खुला रह्यो। साथै ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन। यस्तै 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक अघिल्लो साताको तुलनामा १ दशमलव २२ अंकले घटेर ३ सय ४६ दशमलव २३ अंकमा आइपुगेको छ।

साताभरि ९ कम्पनीका शेयर नेप्सेमा सूचीकृत भए। नेप्सेमा लक्ष्मी इक्विटी फन्डको १२ करँड ५० लाख कित्ता, छ्याङ्दी हाइड्रोपावरको २७ लाख कित्ता साधारण शेयर नेप्सेमा सूचीकृतभए। त्यस्तै सूचीकृत हुने हकप्रद शेयरमा नेपाल बंगलादेश बैंकका ३ करोड २२ लाख ७३ हजार ३ दशमलव ८ कित्ता, नेपाल बैंकका १ करोड ५४ लाख ३१ हजार ८ सय ४० कित्ता र लक्ष्मी बैंकका ५६ लाख ८६ हजार ४ सय ३० कित्ता रहेका छन्। नेरुडे लघुवित्त विकास बैंकका ३ लाख ६० हजार कित्ता, साांग्रिला डेभलपमेन्ट बैंकका १७ लाख २५ हजार २ सय कित्ता, महाकाली विकास बैंकका १ लाख ३७ हजार ६ सय ६२ दशमलव २ कित्ता र भार्गव विकास बैंकका २ लख ४० हजार कित्ता बोनस शेयर पनि नेप्सेमा सूचीकृत भएको छ।

यसैबीच नेपाल धितोपत्र बोर्डले बोर्डमा रहेको लगानीयोग्य रकमलाई नेपालका 'क' वर्गका मुद्दती खातामा लगानी गर्ने भएको छ। यसका लागि नेपाल धितोपत्र लगानी सम्बन्धी नीति, २०६७ को अधिनमा इच्छुक बैंकलाई नीति बमोजिम योग्यता खुल्ने आवश्यक कागजातसहित शिलबन्दी प्रस्ताव दर्ता गर्न आग्रह गरेको छ।

### नेप्सेमा नयाँ सूचीकृत शेयर

| सि.नं. | कम्पनीको नाम | सूचीकृत धितोपत्रको किसिम | सूचीकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | लक्ष्मी इक्विटी फन्ड | साधारण | १२५००००००० इकाई |
| २ | छ्याङ्दी हाइड्रोपावर | साधारण | २७००००० कित्ता |
| ३ | नेपाल बंगलादेश बैंक | हकप्रद | ३२०७३००३.८ कित्ता |
| ४ | नेरुडे लघुवित्त विकास बैंक | बोनस | ३६०००० कित्ता |
| ५ | नेपाल बैंक | हकप्रद | १५४३१८४० कित्ता |
| ६ | लक्ष्मी बैंक | हकप्रद | ५६८६४३० कित्ता |
| ७ | सांग्रिला डेभलपमेन्ट बैंक | बाोनस | १७२५२०० कित्ता |
| ८ | महाकाली विकास बैंक | बोनस | १३७६६२.२ कित्ता |
| ९ | भार्गव विकास बैंक | बोनस | २४०००० कित्ता |

## कुलेखानी तेस्रोको फेरि म्याद थप्ने तयारी

हेटौंडा, (नेस)

हेटौंडामा निर्माणाधीन १४ मेगावाटको कुलेखानी तेस्रो जलविद्युत् आयोजना निर्माणका लागि ४ महिना थप गर्ने गर्ने तयारी गरिएको छ। साउनसम्म काम सम्पन्न गर्ने गरी पछिल्लोपटक थपिएको म्याद सकिनलाग्दा आयोजनाको म्याद पुन: ४ महिना थप्ने तयारी गरिएको हो।

'विविध कारणले तोकिएको समयमा काम हुन नसकेपछि ४ महिना म्याद थप्नुपर्ने भएको छ,' आयोजना प्रमुख सुवास मिश्रले भन्नुभयो। आयोजनाले मंसिरसम्ममा काम सक्ने गरी म्याद थप्ने तयारी भएको छ।

आयोजनाको ७५ प्रतिशत काम सकिएको मिश्रले जानकारी दिनुभयो। जसमा इलेक्ट्रोतर्फ ७० प्रतिशत काम भएको छ भने सिभिलतर्फ ९८ प्रतिशत काम सम्पन्न भइसकेको छ। चिनियाँ कम्पनी झेजियाङले विद्युत् निकाल्न जेनेरेटर आपूर्ति, जडान र प्रसारण लाइनसम्म पहुँच विस्तारको जिम्मा लिएको थियो। सिभिलतर्फ चिनियाँ ठेकेदार कम्पनी सिनो हाइड्रोले विद्युत्गृह निर्माण गरिसकेको छ।

विद्युत्गृह, टर्वाइन, जेनेरेटर, कन्ट्रोलर उपकरण जडान गर्ने काम भइरहेको छ। इलेक्ट्रोमेकानिकल ठेकेदार झेजियाङले २०७३ पुस १६ गते काम सक्ने गरी प्राधिकरणसँग चौथोपटक म्याद थप गरेको थियो।

यसअघि सन् २०१४ सेप्टेम्बर, सन् २०१५ को जून र सन् २०१५ को अक्टोबरमा म्याद थप गरिएको थियो। एकअर्कालाई दोष दिएर काम गर्न नसकिएको भन्दै पटकपटक म्याद थपिँदै गर्दा आयोजनाको लागत झण्डै दुई गुण बढेको छ।

## व्यवसायीको सुरक्षामा ध्यान दिन जोड

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डल र प्रहरी महानिरीक्षक प्रकाश अर्यालबीच बिहीबार भेटवार्ता सम्पन्न भएको छ। सो अवसरमा मुलुकको समसामयिक विषय एवम् व्यवसायीहरूले भोग्नुपरेका समस्याका विषयमा छलफल भयो।

सो अवसरमा महासंघका अध्यक्ष राणाले मुलुकभित्र शान्ति सुरक्षाको व्यवस्थालाई अझ बढी चुस्तदुरुस्त राख्ने काममा महानिरीक्षकको कार्यकालमा महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास प्रकट गर्नुभयो। उद्यमी व्यवसायीको अपहरण, हत्या, लुटपाट, कार्यस्थलमै आक्रमण जस्ता गतिविधिहरू अहिले पनि भइरहेकोतर्फ ध्यानाकर्षण गराउँदै शान्ति सुरक्षाको व्यवस्थालाई प्रभावकारी पार्न र सुरक्षाको प्रत्याभूति दिलाउन अध्यक्ष राणाले आग्रह गरिन। साथै अनुगमनका नाममा हुने धरपकडबाट उद्यमी व्यवसायीहरू पीडित हुनु परेकाले यस्ता समस्या समाधानमा आपसी सहकार्यमा जोड दिनुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक अर्यालले प्रहरी सदैव मुलुकको समस्या समाधानमा लागिपरेको र सफल भइरहेको भन्दै द्वन्द पश्चात जनतामा सुरक्षाको अनुभूति एवं व्यवसायीहरूमा व्यावसायिक सुरक्षा अनुभुति गराउने काममा प्रहरी खटिरहेको विश्वास दिए।

## नवीकरणीय ऊर्जाका परियो जनालाई व्यावसायिक बनाउन जोड

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल नवीकरणीय ऊर्जा परिसंघको स्थापना भएको छ। ऊर्जा क्षेत्रमा आबद्ध विभिन्न संघ तथा संस्थाको छाता संगठनको रुपमा परिसंघको स्थापना भएको हो। राजधानीमा एक कार्यक्रमका बीच परिसंघको स्थापना भएको हो। परिसंघ यसअघि नवीकरणीय ऊर्जा समन्वय समितिका नामले ५ वर्ष परिचित थियो। समितिले नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनका लागि विभिन्न सरकारी, गैरसरकारी र दातृ निकायका साथ समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको थियो।

स्थापनाको अवसरमा परिसंघले चालू आवका लागि सरकारको बजेटमा रहेको व्यवस्थाका बारेमा विज्ञ र व्यवसायीको सहभागितामा संवाद कार्यक्रम सञ्चालन गरेको छ। त्यस्तै कार्यक्रममा नवीकरणीय ऊर्जा प्रविधिबाट कृषि क्षेत्रमा उपयुक्त उपलब्धि हासिल गर्न सकिने गरी प्रविधि र उपकरण सुलभ तुल्याउनका लागि पनि विज्ञ र व्यवसायीबीच संवाद पनि भएको थियो।

यसका साथै नवीकरणीय ऊर्जा प्रविधि उपयोग गर्ने लक्षित वर्गले प्रविधि र उपकरण प्राप्त गर्नका लागि अनुदान सहयोग र ऋणको उत्कृष्टतम व्यवस्थापन गर्न बैंकिङ क्षेत्रका लगानीकर्ताबीच पनि छलफल भएको छ।

स्थापनाको अवसरमा चालू आवका लागि नेपाल सरकारको बजेटमा भएको व्यवथाका बारेमा विज्ञ तथा व्यवसायीको सहभागितामा संवाद कार्यक्रम सञ्चालन भएको थियो। मुलुक संघीय स्वरुपमा अघि बढिसकेको सन्दर्भमा केन्द्रीय, प्रादेशिक र स्थानीय निकायबाट नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धन गर्दै सबैको लाभको लागि उपर्युक्त नीति र विधिका विषयमा छलफल केन्द्रित थियो। त्यसका लागि नवीकरणीय ऊर्जा प्रविधिबाट कृषि क्षेत्रमा उपलब्ध हुने प्रविधि र उपकरण सुलभ तुल्याउनका उपस्थितले धारणा राखेका थिए।

छलफलमा प्रविधि र उपकरण प्राप्तिका लागि अनुदान सहयोग र ऋणको उत्कृष्टतम् व्यवस्थापन गर्न बैंकिङ क्षेत्रका लगानीकर्तालाई पनि समावेश गराइएको थियो।

नवस्थापित परिसंघले पर्यावरण संरक्षण, लैंगिक समानता र समावेशीताको सिद्धान्तको आधारमा रही ग्रामीण तथा शहरी जनजीवनका लागि आवश्यक ऊर्जामा सबैको पहुँच पुऱ्याउनका निम्ति काम गर्ने बताइएको छ। विकासका आर्थिक सामाजिक जस्ता महत्त्वपूर्ण सवल तुल्याउन सचेतना, उत्प्रेरणा र समन्वयका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र त्यसलाई निरन्तरता दिने नवीकरणीय ऊर्जा परिसंघले बताएको छ।

परिसंघमा समान उद्देश्यका छाता संस्थाको रुपमा रहेका संघ संस्था आबद्ध हुनसक्ने प्रावधान रहेको छ। हाल नेपाल नवीकरणीय ऊर्जा परिसंघमा नेपाल बायोग्यास प्रवर्द्धन संघ, नेपाल ग्रामीण प्रविधि प्रवर्द्धन संघ, नेपाल लघु जलविद्युत विकास संघ, नेपाल सौर्य विद्युत् उत्पादक संघ, नेपाल सौर्य तापीय ऊर्जा संघ, नेपाल जल तथा ऊर्जा परामर्शदाता संघ र फोरम अफ रिन्युवल इनर्जी एसोसियसनस जस्ता संस्था आबद्ध रहेका छन्।

परिसंघले नवीकरणीय ऊर्जाका स्रोतहरू परिचालन गर्ने, प्रविधिहरू अध्ययन गर्ने, अनुसन्धान गर्ने, विकास गर्ने, प्रवर्द्धन गर्ने, आवश्यकताअनुसार सो सम्बन्धमा व्यवसायीहरू, प्राविधिकहरू र सर्वसाधारणलाई समेत तालिम दिने बताइएको छ। त्यस्तै वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धनका लागि आवश्यक विभिन्न कार्यक्रम सञ्चालन, परामर्श र सहकार्य गर्ने परिसंघले उद्देश्य लिएको छ।

सरकारले नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यसका लागि प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गर्न सरकारबाट स्थापित वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग नेपाल नवीकरणीय ऊर्जा परिसंघले समन्वय गर्दै आएको छ।

नेपाल नवीकरणीय ऊर्जा परिसंघ नेडरल्यान्डसको हिभोक संस्था र इनर्जियाले हरित तथा समावेशी ऊर्जा कार्यक्रमको एक साझेदार पक्षको रुपमा क्रियाशील छ। कार्यक्रमका लागि महिला तथा गरिब र पिछडिएका वर्गका लागि ऊर्जामा पहुँच जोड दिँदै नेपालमा सेन्टर फर रुरल टेकनोलोजी नेपालसँग सहकार्य गरिएको छ।

कार्यक्रमबाट प्राप्त परामर्श र निष्कर्ष सम्बन्धित निकायलाई उपलब्ध गराई आवश्यक नीति निर्माण र कार्यक्रम सञ्चालन गर्नका लागि समन्वय गर्नका लागि परिसंघले आवश्यक तयारी गरिरहेको बताइएका छ। परिसंघले आगामी दिनमा अझ सशक्त कार्यक्रम सञ्चालन गर्दै नविकरणीय ऊर्जा प्रविधि उपलब्ध गराउँदै सबैका लागि दिगो ऊर्जा, दिगो विकास लक्ष्य, धुँवारहित चूल्हो जस्ता कार्यक्रम सफलताका लागि विभिन्न कार्यक्रम सञ्चालनको लागि तयारी गरिरहेको छ ,

## कृषिसम्बन्धी समस्या समाधानका लागि कार्यदल गठन

काठमाडौं, (नेस)

कृषिमन्त्री रामकृष्ण यादवले तराईका जिल्ला सुख्खाग्रस्त अवस्थामा रहेको र उक्त समस्यालाई तत्काल समाधान गर्न तथा कृषि विकास मन्त्रालयको तत्कालीन, मध्यकालीन र दीर्घकालीन सोचसहितको रुपरेखा तयार गर्न निर्देशन दिनुभएको छ।

हाल तराईका २ नंम्बर प्रदेश तथा बाँके, बर्दियालगायतका जिल्लाका वर्षा हुन नसकी किसानले धान रोप्न नसकेको देखिएकाले उक्त क्षेत्रका देखिएको समस्या तत्काल समाधान गर्ने विषयमा जिल्ला कृषि विकास कार्यालयका प्रमुखले जिल्लामा स्थानीय प्रशासनको उपस्थितिमा सर्वदलीय र सर्वपक्षीय तथा सम्बद्ध कार्यालय प्रमुखसहितको बैठक राखी समस्या समाधानका लागि उपायबारे छलफल गरी कार्ययोजना सहितको सुझाव ३ दिनभित्र मन्त्रालयमा पठाउन निर्देशन दिएको छ।

कृषि विकास मन्त्रालयका वरिष्ठ कृषि प्रसार अधिकृत रवीन्द्र सुवेदीको संयोजकत्वमा ४ सदस्यीय कार्यदल गठन गरी ती जिल्लामा सुख्खाग्रस्त क्षेत्रमा खटिएर यथार्थ स्थितिको जानकारी लिई स्थलगत प्रतिवेदन लिन कृषि विकास मन्त्रालयका कर्मचारीसहितको अनुगमन टोलीको रुपमा खटाउने र अनुगमन टोलीले जिल्लामा सबै पक्षसँग समन्वय गरी तत्काल समाधान गर्न सकिने विषयमा रायसहितको प्रतिवेदन ७ दिनभित्रमा मन्त्रालयमा पेश गर्न निर्देशन दिनु भएको छ। त्यस्तै योजना महाशाखाले कृषि विकास मन्त्रालयको तत्कालीन, मध्यकालीन र दीर्घकालीन सोच सहितको रुपरेखा ५ दिनभित्र पेश गर्न कृषि विकास मन्त्रालयका सहसचिव डा. योगन्द्रकुमार कार्कीको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको छ। मन्त्री यादवले कृषि सम्बन्धी सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको हो।

सडक विस्तारमा तगारो बन्ने काम त सरकारी निकायले नै गरिरहेका छन् र जनतासँग सहकार्य गरी गरिएको काममा सरकारको सहयोगको कमी हामीले महशुस गरेका छौं। सधैं बाधा अड्चन ल्याएर अल्झाउने झुक्याउने काम भइरहेको छ।

अर्थ

# सडकका विस्तारको पौने ७६ करोड भुक्तानी गर्न अर्थ र प्राधिकरणबीच जुहारी

दीपेन्द्र थापा/हेमन्त जोशी, काठमाडौं

उपत्यकामा सडक विस्तारको जिम्मा पाएको काठमाडौं उपत्यका विकास प्राधिकरणले गत आर्थिक वर्षमा गरेका कामको असार २९ गते राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत गरी अर्थ मन्त्रालयसँग रकम माग गरेको छ। गत आर्थिक वर्षमा सडक विस्तारका लागि छुट्याएको रकम पहिलो चौमासिकमा नै सकिएपछि प्राधिकरणले स्वीकृत कार्यक्रमभन्दा बढी काम गरेको भन्दै थप रकम माग्न राष्ट्रिय योजना आयोगसँग कार्यक्रम स्वीकृतका गरी असार अन्तिम साता अर्थ मन्त्रालयसँग बजेट माग गरेको हो।

गत आर्थिक वर्षमा स्वीकृत भएको सबै रकम प्रथम चौमासिकमा सकिएको र बजेट अभावमा काम अगाडि बढ्न नसकेको प्राधिकरणका प्रमुख आयुक्त डा. भाईकाजी तिवारीले बताउनुभयो। 'दोस्रो र तेस्रो चौमासिकमा थप बजेट नपाएपछि हामीले अर्थ मन्त्रालयसँग माग गर्दा तत्कालीन सचिव र सहसचिवले काम नरोक्नु र निरन्तर रुपमा अगाडि बढाउनु भन्ने निर्देशनअनुसार नै हामीले काम गर्‍यौं तर हामीले अहिलेसम्म उक्त रकम पाउन सकेका छैनौं।

काम गरेको रकम नै नपाउने भएपछि हामी पनि काम नगरेरै बस्छौं'- डा. तिवारीले भन्नुभयो। 'मन्त्रालयले काम गर्दै जानुस पैसाको खाँचो हुँदैन भन्ने प्रतिबद्धता आएको थियो। कति ठाउँमा लिखित प्रतिबद्धता नै जनाएर हामीले काम अघि बढायौं। निकासा रकम माग्दा बिल भपाई मागियो र भपाई बुझाउँदा पनि पैसा पाइएन। त्यसपछि योजना आयोगको स्वीकृत ल्याउनुहोस भनियो। योजना आयोग जाँदा तपाईं अर्थबाट पैसा ल्याउनुहोस् त्यसपछि मात्र हामी योजना स्वीकृत गर्छौं नत्र भने स्वीकृत गर्दनौं भनियो। यो दोहोरी खेलसँगै हामीलाई झुक्याउने काम भयो।' डा. तिवारीको भनाइ छ।

अर्थ मन्त्रालयका सचिव डा. शान्तराज सुवेदीले भने मुलुकको कुनै पनि आयोजनामा बजेट नपाएर काम नरोकिने बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्नु हुँदै सुवेदीले भन्नुभयो- 'काठमाडौ उपत्यका विकास प्राधिकरणले असारको २९ गते योजना आयोगबाट कार्यक्रम स्वीकृत गरेर अर्थ मन्त्रालयमा ल्याएको थियो।

प्राधिकरणले गरेको काम निश्चित सीमासम्म मात्र स्वीकृत गरेको कार्यक्रम थियो र बाँकी काम अर्थ मन्त्रालयको सहमतिबिना नै आफुखुशी अगाडि बढाएको छ।' स्वीकृतिबिना नै काम गरिसकेपछि थप भुक्तानी माग्दा आयोगबाट कार्यक्रम स्वीकृत गरेर ल्याउन अथ 'मन्त्रालयले सुझाएको सुवेदीले बताउनुभयो। 'जिम्मेवारी नलिने र पन्छाउने तर केही पर्दा अर्थ मन्त्रालयलाई औंला देखाउने परिपाटी हावी भएको छ। आर्थिक अनुशासन सबैले मान्नुपर्ने हो तर खर्च गर्ने पदाधिकारीहरू नै जिम्मेबार छैनन् जसकारण कामको गुणस्तर पनि राम्रो नहुने र अर्कातर्फ पुँजीगत खर्च बढाउन पनि सकिरहेका छैनौं।' उहाँले भन्नुभयो।

उपत्यकाका तीनै जिल्लामा विस्तार भएका सडकका विस्तारको कामको प्राधिकरणले ७५ करोड ७६ लाख ८० हजार रुपियाँ ठेकेदारलाई भुक्तानी गर्न बाँकी रहेको भन्दै अर्थ मन्त्रालयलाई अतिरिक्त रकम माग गरेकोमा उक्त रकम नपाएको हो। शुरुमा प्राधिकरणले क्षतिपूर्ति र मुआब्जामार्फत्को समेत रकम माग गरेर ९५ करोड रुपियाँ माग गरे पनि अन्तिममा समयमा कार्यक्रम स्वीकृत नै नहुने अवस्था आएपछि मुआब्जामार्फत्को रकम समावेश गरेको थिएन।

अर्थ मन्त्रालयका प्रवक्ता रामशरण पुडासैनीले मन्त्रालयले स्वीकृत गरेका योजना भए मात्र रकम विनियोजन गर्न मिल्ने र मन्त्रालयसँग सहमति नै नभएको विषयमा जति पैसा माग्यो दिन नमिल्ने बताउनुभयो। पुडासैनीले भन्नुभयो-'योजना आयोगले कार्यक्रम स्वीकृत गरेको हुन पर्‍यो र मन्त्रालयले हामी यति रकम दिन सक्छौं काम गर भनेर निर्देशन दिएको हुनुपर्‍यो। तब मात्र निकासा रकम माग्नुको अर्थ रहन्छ।'

प्राधिकरणले भने आफूले जतिपटक योजना आयोग र अर्थ मन्त्रालय धाए पनि अल्झाउने काम मात्र भएको र जनताको आँखामा छारो हाल्ने काम भएको जनाएको छ। प्राधिकरणका एक अधिकारीले आयोग र मन्त्रालयका कर्मचारीको उल्झनका बीच प्राधिकरणका पूर्वनिर्धारित कार्यक्रमलाई समेत संशोधनका लागि दबाब आएको बताए।

'प्राधिकरणका कार्यक्रम संशोधनका लागि आर्थिक वर्षको शुरुदेखि नै कुरा चलिरहेको थियो तर पछि तेस्रो चौमासिकपछि मात्र संशोधन गर्ने भनियो। हामीले त्यसको लागि पनि पर्खियौं। तेस्रो चौमासिक आउँदासम्ममा निर्वाचन घोषणा भयो र आचासंहिता लागू भइसकेपछि कार्यक्रम पनि स्वीकृत हुन पाएनन्।' ती अधिकारीको भनाइ छ।

यसै वर्ष सबै काम गरिसक्ने लक्षका साथ काम शुरु गरेको प्राधिकरणले सडक बिस्तारका क्रममा हालसम्म २ अर्ब ७० करोड रुपियाँ खर्च गरिसकेको छ भने ६ सय किलोमिटर सडक विस्तारको सबै काम सक्न अझै २ अर्ब रुपियाँ लाग्ने जनाएको छ। ६ वर्षमा प्राधिकरणले १ सय ५५ किलोमिटर बाटो विस्तारसहित कालोपत्रेको काम सम्पन्न भइसकेको जनाएको छ। त्यस्तै १ सय ९५ किलोमिटर सडक चौडा भएर बसेको अवस्थामा रहेको र सय किलोमिटर बाटोमा चिना लगाउने काम भइसकेको जनाएको छ।

'बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेलादेखि नै शुरु भएको सडक विस्तारमा हामीले बजेट अभावको समस्या झेल्दै आएका छौं। सडक विस्तारमा तगारो बन्ने काम त सरकारी निकायले नै गरिरहेका छन् र जनतासँग सहकार्य गरी गरिएको काममा सरकारको सहयोगको कमी हामीले महशुस गरेका छौं। सधैं बाधा अड्चन ल्याएर अल्झाउने झुक्याउने काम भइरहेको छ। विकास कसरी हुन नदिने भन्ने कुरामा लागेको अनुभव मैले गरेको छु।' आयुक्त तिवारीले बताउनुभयो।

तिवारीका अनुसार सडक विस्तारको काम ढिलाई हुनुमा स्थानीयको अवरोध प्रमुख रुपमा देखिए पनि सरकारी ऐन नियमले पनि समस्या निम्ताएको छ। उपत्यका विकास प्राधिकरण र नगर विकास ऐन २०४५ को व्यवस्था अनुसार सडक विस्तारले लाभांवितलाई नै लाभ पुग्ने हुँदा त्यस्तोलाई क्षतिपूर्ति दिन हुँदैन भन्ने एकतर्फी रहेको र सोही कारणले विस्तारित सडकबाट केही मानिस घरबारविहीनको अवस्थामा पुग्नसक्ने डा. तिवारीको तर्क छ। अहिले निर्वाचित जनप्रतिनिधिले पनि त्यहाँका बासिन्दालाई उचित क्षतिपूर्ति दिलाउन सकेमा सडक विस्तारमा सहयोग गर्ने प्रतिबद्धता जनाएको र यस्तो अवस्थामा पनि सरकारले न्यून क्षतिपूर्ति दिएर पनि सडक विस्तार गर्न सकिने उहाँले बताउनुभयो। अहिले महानगरपालिका र नगरपालिकाहरूको पनि क्षेत्र विस्तार भएको र गाविस मातहतमा रहेका क्षेत्र पनि अहिले नगरपालिकामा समावेश भएका छन्। मापदण्ड लागू भएपछि निर्माण भएका संरचनालाई गैरकानुनी नै भए पनि त्योभन्दा पहिला सरकार नै मुकदर्शक भएर बसेको र जनताले अन्जानमा बनाएका संरचनालाई क्षतिपूर्ति दिनुपर्ने तिवारीको भनाइ छ।

प्राधिकरण अहिले अर्थ मन्त्रालय रकम निकासाका लागि हरियो बत्ती देखायो भने कामलाई तीव्र गतिमा अगाडि बढाउने जनाएको छ। चालू आर्थिक वर्षका लागि भने साउन १ गते रकम विनियोजन भएअनुसार नै ८८ करोड रुपियाँ छुट्याइएको छ। ज

ुन रकम निकै कम रहेको प्राधिकरणले जनाएको छ। सडक विस्तारको मात्रै क्षतिपूर्ति दिने हो र पैसा हालेर किन्ने हो भने राज्यको एक वर्षको बजेटले नपुग्ने सडक विस्तार भएको दाबी प्राधिकरणले गरेको छ। सरकारी निकाय र अदालतमा रहेका मुद्दा मामिलाका विषयमा न्यायालयले जग्गा अधिग्रहण भएका स्थानीयलाई रकम दिनु भन्ने आदेश आएमा मुआब्जा दिएर काम गर्न तयार रहेको बताएको छ। अहिले सडक विस्तारका लागि सबैभन्दा छोटो ठेक्का पनि १ वर्षभन्दा बढीका ठेक्का छन्। ती बाहेक स्रोत साधन उपलब्धता, मुद्दा मामिला र व्यवहारिक कठिनाईहरू रहेका भन्दै सडक विस्तारको क्रम अझै तीन चार लाग्ने प्राधिकरणले जनाएको छ।

'कार्यक्रम नै स्वीकृत नगरेर गरेको कामको रकम निकासा गर्न मिल्दैन। प्राधिकरणको हकमा असारको अन्तिम दिन कार्यक्रम स्वीकृत गरेर ल्याएको छ, अन्तिम समयमा उनीहरूले भनेकै बेला नगद भुक्तानी गर्न हामीले नसकेकै हो। तर, पैसा नपाएर काम भएन भन्नु गैरजिम्मेवारीपूर्ण भनाइ हो।'

**-अर्थ मन्त्रालय**

अर्थ मन्त्रालयले पैसा नै नदिने भएपछि हामीले किन काम गर्नु ?

**-उपत्यका विकास प्राधिकरण**

## अब प्रहरीलाई बैंकिङ तालिम

काठमाडौं, (नेस)

नेपाल प्रहरीलाई वित्तीय अपराधका विभिन्न पक्षमा नेसनल बैंकिङ इन्स्टिच्युट (एनबीआई) ले तालिम दिने भएको छ। शुक्रबार नेपाल प्रहरीका महानिरीक्षक प्रकाश अर्याल र नेसनल बैंकिङ इन्स्टिच्युटका प्रमुख सञ्जीव सुब्बाले एमओयुमा हस्ताक्षर गर्नुभयो।

प्रहरीलाई एनबीआईले वित्तीय अपराधसम्बन्धी विभिन्न विषयमा तालिम दिइने सम्झौतामा उल्लेख गरिएको छ। तालिममा सम्पत्ति शुद्धीकरण र आतंकवादमा वित्तीय प्रयोगको विषयमा तालिम दिइने छ।

## १५ अर्बको खाद्यान्न आयात

वीरगन्ज, (नेस)

वीरगन्जको सिर्सिया सुख्खा बन्दरगाह भन्सारबाट र वीरगन्ज भन्सारबाट भारी मात्रामा खाद्यान्न नेपाल भित्रिइएको छ। भारत तथा तेस्रो मुलुकबाट गएको आर्थिक वर्षमा वीरगन्जको सिर्सिया सुख्खा बन्दरगाहको नाका तथा वीरगन्ज भन्सार नाका हुँदै १५ अर्बको खाद्यान्न नेपाल भित्रिएको हो।

खासगरी वीरगन्ज भन्सार तथा सिर्सिया सुख्खा बन्दरगाह हुँदै आर्थिक वर्ष २०७३/७४ मा धान, चामल, गहुँ मकैलगायत खाद्यान्न आयातका लागि १४ अर्ब ९० करोड ४८ लाख ९७ हजार रुपियाँ बाहिर गएको भन्सार कार्यालयले जनाएका छन्। वीरगन्ज भन्सार तथा सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयका अनुसार धान चामल, गहुँ मकै, मुसुरो, भटमास, कोदो, बोडी, केराउ, फापरलगायतका खाद्यान्न भारत तथा अन्य तेस्रो मुलुकबाट आयात भएको छ।

वीरगन्ज नाकाबाट गत आर्थिक वर्षमा तीन अर्ब बराबरको धान, साढे २ अर्व मूल्य बराबरको मकै, २ अर्ब मूल्य बराबरको चामल आयात भएको भन्सार ती भन्सार कार्यालयहरूले जनाएका छन्। नेपाल खाद्यान्नमा अझै पनि परनिर्भर भएको कुरा भन्सार तथ्यांकले स्पष्ट पारेको वीरगन्ज भन्सार कार्यालयका प्रमुख सेवन्त पोखरेलले जानकारी दिन्भयो।

## सुनचाँदीको मूल्य घट्यो

काठमाडौं, (नेस)

शुक्रबार सुन मूल्य घटेर प्रतितोला ५४ हजार ४ सय रुपियाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। बिहीबार प्रतितोला ५४ हजार ५ सयमा रुपियाँमा कारोबार भएको थियो। चाँदीको मूल्यमा १० रुपियाँ घटेर ७ सय ३५ रुपियाँमा कारोबार भएको छ। बिहीबार चाँदी ७ सय ४५ रुपियाँमा कारोबार भएको थियो।

## जापानी प्रविधि र लगानी भित्र्याउन आग्रह

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणासहित महासंघका पदाधिकारी र नेपालका लागि जापानी राजदूत मसाही ओगावा, जापानी सांसदद्वय हिनाको टाकाहासी र यूको नाकागावासहित जापानको कृषि औजार, ड्राई क्लिनिङ व्यवसाय र भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित जापानी उद्यमी व्यवसायीहरूको प्रतिनिधिमण्डलबीच बिहीबार काठमाडौंमा व्यावसायिक भेटवार्ता सम्पन्न भयो।

सो अवसरमा महासंघका अध्यक्ष भवानी राणाले उक्त टोलीको स्वागत गर्दै नेपालमा लगानीको वातावरण बन्दै गएकाले जापानी उद्यमी व्यवसायीलाई लगानीका लागि आग्रह गरिन। अध्यक्ष राणाले नेपालमा राजनीतिक वातावरण सुध्रिदै गएका कारण थुप्रै विदेशी लगानी भित्रिरहेको बताउनुभयो।

अध्यक्ष राणाले नेपालले जापानसँग सिक्ने धेरै विषयहरू भएको बताउँदै जापानी प्रविधि नेपालमा प्रयोग गरेर व्यवसाय गरेमा निकै नै लाभावित हुने समेत स्पष्ट पार्नुभयो। साथै, अध्यक्ष राणाले नेपालमा प्रचुर लगानीका सम्भाव्यताहरू रहेका र विशेष गरी कृषि, पर्यटन, ऊर्जा र पूर्वाधारलगायतको क्षेत्रमा लगानी गर्न आग्रहसमेत गर्नुभयो।

## ७० हजार पर्यटकद्वारा म्याग्दीको भ्रमण

प्रताप बानियाँ, म्याग्दी

पर्यटकीय सम्भावना बोकेको पहाडी जिल्ला म्याग्दीमा एक वर्षको अवधिमा झण्डै ७० हजार पर्यटकले म्याग्दी जिल्लाको भ्रमण गरेका छन्। गत आर्थिक वर्ष २०७३/७४ को साउनदेखि असार महिनासम्म कुल ६९ हजार ८१६ जनाले भ्रमण गरेको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष २६ हजार बढी बाह्य पर्यटकले जिल्लाको भ्रमण गरेका छन्।

प्रहरीको तथ्यांक अनुसार भ्रमण गर्नेमा पुरुष पर्यटकको संख्या ३७ हजार १७ रहेको छ भने महिलाको ३२ हजार ७९९ रहेको छ। भ्रमण गर्नका लागि जिल्ला भित्रिनेमा कुल ४० हजार ७०६ जना रहेका छन् भने २९ हजार ११० जना बाहिरिएका छन्। २० हजार ४२ ९ जना पुरुष पर्यटक जिल्ला भित्रिएका छन् भने १६ हजार ५८८ जना बाहिरिएका छन्।

यसैगरी २० हजार २७७ महिला पर्यटक म्याग्दी भित्रिएकोमा १२ हजार ५२२ जना बाहिरिएको प्रहरी कार्यालयको कार्य विशेष शाखाले जानकारी दिएको छ। प्रहरीले उपलब्ध गराएको विवरणअनुसार गत वर्ष सबैभन्दा धेरै कात्तिक महिनामा १० हजार ९३७ र सबैभन्दा कम असारमा २ हजार ५०६ जनाले म्याग्दीको भ्रमण गरेका छन्। अघिल्लो आर्थिक वर्ष २०७२/७३ मा कुल ४३ हजार ६३२ पर्यटकले म्याग्दी भ्रमण गरेका थिए। म्याग्दीमा भित्रिने कुल पर्यटकमध्ये करिब ६० देखि ७० प्रतिशतको हाराहारीमा अन्नपूर्ण गाउँपालिकामा पुग्ने गरेको तथ्यांकले देखाउँछ। म्याग्दीको भ्रमणमा अमेरिका, बेलायत, जर्मनी, अष्ट्रेलिया, भारत, दक्षिण कोरिया, चीन, मलेसिया, थाइल्यान्डलगायतका देशका नागरिकहरू आउने गरेका छन्।

जिल्लामा रहेका विभिन्न पर्यटकीय, धार्मिक तथा ऐतिहासिक क्षेत्रको विदेशी पर्यटकहरूले भ्रमण गरेका हुन्। पछिल्लो समय स्वदेशी पर्यटकहरू समेत म्याग्दीको भ्रमणमा आउने गरेको पर्यटन व्यवसायीहरू बताउँछन्। उत्तरी म्याग्दीको भुरुङ-तातोपानी, सदरमुकाम बेनीबजार र पश्चिम म्याग्दीको दरबाङ क्षेत्रको नाका भएर पर्यटकहरू म्याग्दी भित्रिने गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दिवाकर घिमिरेले बताउनुभयो। कास्कीको घान्द्रुक, हिमालपारीको जिल्ला मुस्ताङ र कतिपय पर्यटकहरू ट्रेकिङ एजेन्सीमार्फत् सिधै हेलिकप्टरको सहायताले जिल्ला भित्रिने गरेको उहाँले जानकारी दिनुभयो।

म्याग्दीको भ्रमणमा आउने अधिकांश पर्यटकहरू घोरेपानी, पुनहिलबाट मनोरम दृश्यावलोकन, खोप्रालेक, महरेडाँडा, राउन्ड धौलागिरि र अन्नपूर्ण पदमार्गमा यात्रा तथा धौलागिरि-अन्नपूर्ण हिमाल आरोहण गर्न आउने गरेका छन्। त्यस्तै भूरुङ-तातोपानीको तातोपानी कुण्डमा स्नान गर्न, पर्यटकीय क्षेत्र टोड्के, राखुभगवतीको रुइसे भेडीओढार, भकिम्लीको स्वर्गाश्रम, धार्मिक क्षेत्र गलेश्वर, पुलहाश्रम, जगन्नाथ एवम् मालिका मन्दिरलगायत अन्य क्षेत्रको दर्शन गर्न र ती ठाउँबाट अन्य ठाउँको अवलोकन गर्न समेत पर्यटकहरू आउने गरेको स्थानीयबासी बताउँछन्।

उता हिमालपारीको जिल्ला मुस्ताङ र प्रसिद्ध मुक्तिनाथ मन्दिर दर्शनका लागि मनाङ र म्याग्दीको बेनी हुँदै हजारौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आवतजावत हुने गर्दछ। भूकम्प र नाकाबन्दीपछि भारतीय पर्यटकको संख्यामा कमी आए पनि आन्तरिक पर्यटक बढिरहेको बेनीका होटल व्यवसायी बाबुराम आचार्यले बताउनुभयो। पछिल्लो समय पर्यटकको उपस्थिति राम्रो रहेको हुँदा पर्यटकीय एवम् धार्मिक क्षेत्रको प्रचारप्रसार गर्न सकेमा जिल्लामा पर्यटक आवागमन बढ्ने र होटल व्यवसाय समेत फस्टाउने उहाँको भनाइ छ।


### संकल्प बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### कालिमाटी-१३, काठमाडौं

**तोकिएको म्यादभित्र कर्जा चुक्ता नगर्ने ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्रि गर्न शिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना**

तपसिलमा उल्लेखित संस्थाका शेयर सदस्यले निम्न लिखित अचल सम्पत्ति धितो राखी यस सहकारी संस्थाबाट कर्जा लिएकोमा पटक पटक ताकेता गर्दा तोकिएको म्याद भित्र कर्जा चुक्ता नगरी अन्तिम पटक मिति २०७३/०९/२३ मा सार्वजनिक सूचान प्रकाशित गरी ३५ (पैंतिस) दिन भित्र कर्जा चुक्ता गर्न आह्वान गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता हुन नआएकोले सो कर्जाको धितो सुरक्षण वापत यस सहकारी संस्थामा रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुले राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सहकारी संस्था समक्ष कार्यालय समय भित्र आई पुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु संस्थाको कार्यालय कालिमाटी काठमाडौंमा ३६ (छत्तिस) औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

**तपसिल:**

| कर्जा शिर्षक | कर्जा नं. | ऋणीको नाम थर र ठेगाना | धितोको विवरण |
|---|---|---|---|
| व्यावसायीक कर्जा | B.B.L १, २, ७, ८, १४ र २८ | **ऋणी :** रमेश बहादुर मालाकार<br>**ना.प्र.प.नं. :** ४९६९/४२९५/१९२८<br>**जारी मिति :** २०३३/०७/१६ जि.प्र.का. का.जि<br>**ठेगाना :** का.जि.का.म.न.पा. वडा नं. १३ कालिमाटी, सोल्टीमोड, काठमाडौं ।<br>**पत्नि :** अनिता मालाकार<br>**बुवा:** रत्त बहादुर मालाकार<br>**बाजे :** बिर बहादुर मालाकार<br> | काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १३ कि.नं. ८७, ८९ र १०० को जग्गा कित्ताहरुको जम्मा क्षेत्रफल ५१८.२ ब.मि. जग्गा र जग्गामा निर्मित घरले चर्चेको लिगलगापात समेत । |

**शर्तहरू:**

१. बोलपत्र फाराम यस सहकारी संस्थाको कार्यालयबाट रु. ५,०००/- तिरी संस्थाबाट प्रमाणित बोलपत्र फाराम खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. बोलपत्र फाराम आफुले लिन चाहेको अचल सम्पत्तिको बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ ।
३. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा १० (दश) प्रतिशतले हुने रकम धरौटी वापत यस सहकारी संस्थामा जम्मा गरेको भौचर वा सहकारी संस्थाको नाममा खिचिएको ड्राफ्ट सक्कल प्रति पेश गर्नुपर्नेछ ।
४. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र कबोल गरेका सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
५. बोलपत्र दाखिला भईसकेछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
६. रीत नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
७. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्था निहित रहनेछ ।
८. बोलपत्र सदर/बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।
९. संस्थाले लिलाम गर्न चाहेको सम्पत्ति उपर तोकिएको समयावधी भित्र कोही कसैको बोलपत्र पर्न नआएमा संस्था आफैले धितो रहेको सम्पत्ति सकार गर्न सक्नेछ ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।




# धवनको सानदार ब्याटिङ



नयाँदिल्ली, (एजेन्सी)

भारतीय ओपनर ब्याटसम्यान शिखर धवनका लागि श्रीलंकाविरुद्धको पहिलो टेस्ट हरेक कोणबाट सानदार बनेको छ। उनलाई टिममा फर्काइएको थियो। उनले यसको भरपूर फाइदा उठाए पनि। धवनले आफ्नो करिअरकै उत्कृष्ट प्रदर्शन गरेका छन्। उनले अस्ट्रेलियाका लिजेन्ड ब्याटसम्यान सर डन ब्रेडम्यान र पूर्वभारतीय आक्रामक ब्याटसम्यान वीरेन्द्र सेहवागसँग बराबरी गरेका छन्।

गाले टेस्टको पहिलो इनिङमा धवनले १ सय ६८ बलमा १ सय ९० रनको सानदार ब्याटिङ प्रस्तुत गरे। यो इनिङपछि धवनले ब्रेडम्यान र सेहवागसँग बराबरी गरेका हुन्। उनी एकै सेसनमा १ सय वा सोभन्दा बढी रन बनाउनेमा विश्वका तेस्रो खेलाडी बने। उनले पहिलो दिनको दोस्रो सेसनमा ९० बलमा १ सय २६ रन जोडे।

यसअगाडि धवनले सन् २०१२ मा मोहालीमा भएको डेब्यु टेस्टमा अस्ट्रेलियाविरुद्ध दोस्रो सेसनमा १ सय ६ रन बनाएका थिए। यसअघि सेहवाग र ब्रेडम्यानले यो उपलब्धि हासिल गरिसके। सेहवागले सन् २००५मा पाकिस्तानविरुद्ध र फेरि २००७ मा दक्षिण अफ्रिकाविरुद्ध यस्तै उपलब्धि हासिल गरेका थिए। यसैगरी डन ब्रेडम्यानले सन् १९३० मा र १९३४ मा यस्तो ब्याटिङ गरेका थिए।

तर धवनले गालेमा जारी टेस्टअन्तर्गत दोस्रो इनिङमा भने आफ्नो ब्याटिङलाई सोही अनुरूप ढाल्न सकेनन्। उनी १४ रन बनाएर आउट भएका थिए। उनी दिलरुवान परेराको बलिङमा गुणतीलकाद्वारा क्याच भएका थिए। यो टेस्टमा भारतले पहिलो इनिङमा ३ सय ९ रनको अग्रता लिएको छ। भारतले ६ सय रन बनाएको विरुद्धमा उत्रेको घरेलु टोली पहिलो इनिङमा २ सय ९१ रनमा समेटिएको थियो।

तेस्रो दिनको खेल समाप्तिसम्म भारतले तीन विकेटको क्षतिमा १ सय ८९ रन बनाएको छ। जसअनुसार भारतले श्रीलंकामाथि ४ सय ९८ रनको अग्रता लिएको छ। भारतका लागि कप्तान विराट कोहली ७६ रनमा नटआउट रहेका छन्। अभिनव मुकुन्द ८१ रनमा आउट भएलगत्तै खेल समाप्तिको घोषणा भएको थियो। मुकुन्द र विराटबीच चौथो विकेटका लागि १ सय ३३ रनको साझेदारी भएको थियो।

# जाङ र आन्त्रोपोभलाई तीन-तीन स्वर्ण

काठमाडौं, (नेस)

कोरियाका जाङ येवन हकले काठमाडौंमा जारी युथ तथा जुनियर एसियन भारोत्तोलन च्याम्पियनसिप २०१७ अन्तर्गत तीन स्वर्ण हात पारेका छन्। जाङले ८५ केजी तौलको जुनियर विधामा स्नाचमा १ सय ६२ केजी, क्लिन एनड जर्कमा १ सय ८५ केजी गरी कुल ३ सय ४७ केजी भार बहन गर्दै तीन स्वर्ण जिते। उक्त विधामा ताइपेईका चेन पो जेनले स्नाचमा १ सय ५५ केजी र कुलमा ३ सय ३६ केजीसहित रजत र क्लिनमा १ सय ८१ केजीका साथ कांस्य पाए।

सोही तौल समूहको युथमा काजाकिस्तानका आन्त्रोपोभ एत्रेमले स्नाच, क्लिन एन्ड जर्क र कुलमा गरी तीन स्वर्ण पाए। यस स्पर्धामा इरानका अमिरेजा अस्कारिदुनले स्नाच र कुलमा गरी रजत पाए। यस विधामा नेपाली खेलाडी विशाल सिंह विष्टले आफ्नो भार वहनमा सुधार गरे। उनले स्नाचमा ९३ केजी, क्लिन एन्ड जर्कमा १ सय १८ केजी गरी कुल २ सय ११ केजी भार उचालेका थिए। यसअघि उनले सातौं राष्ट्रिय खेलकुदमा स्नाचमा ८७, क्लिनमा १ सय १० केजीका साथ १ सय ९७ केजी भार वहनको रेकर्ड रहेको संघका सहसचिव सञ्जय महर्जनले जानकारी गराए।

९४ केजी तौल समूहको युथमा उज्वेकिस्तानका लियालेखसेन्दरले स्नाच, क्लिन र कुलमा गरी तीन स्वर्ण पाए। उनले १ सय ४० केजी, १ सय ८९ केजी र कुलमा १८९ केजी भार वहन गरे। यस्तै उज्वेकिस्तानकै सिभाखरोरोभ सैदमुख्तारले स्नाचमा १ सय ३४, क्लिनमा १ सय ७५ र कुलमा ३ सय ९ केजीका साथ रजत पाए। उक्त स्पर्धामा दुई जनाको मात्र सहभागिता रहेको थियो।

९४ केजीमाथिको तौलमा कुलतर्फ कतारका फेरसेलबाखले ३ सय ७५ केजी भारका साथ स्वर्ण पाए।

## धरहरा

### आफ्ना र अर्काका



स्थानीय चुनावअघि धरहराले जनअपेक्षा थुप्रै सुन्दै आएको हो। तर, शुक्रबार यसले आफ्नो दूरबिन घुमाउँदा दुई युवा विरक्त मान्दै हिँडेको देखियो। उनीहरु बेकारमा अपेक्षा गरिएछ भन्दै थिए।

शुक्रबार दुई युवाले आफ्ना प्रतिनिधिले कर्तव्यभित्र पर्ने काम पनि नगरिदिएपछि विरक्त मान्दै गरेको संवाद धरहरालाई पनि सुन्न मन लाग्यो। होइन, हामीले जे अपेक्षा गरेका थियौं त्यो नै गलत रहेछ। हामीले जनताबाट निर्वाचित प्रतिनिधि त पक्कै पनि जनताका पक्षमा होलान् भनेको कहाँ हुनु उनीहरुले देखाएको रवाफले हैरान भएका ती युवाले भनेको एउटा संवादचाहिँ धरहरालाई पनि घत परेको छ।

हिजो आफ्ना हुँदा त केही गरिदिएनन् आज आफ्ना होइनन् अर्काका मान्छे के को जनताका काम गरून्। उनको काम नभएको चाहिँ के भन्ने धरहराले भेउ पाउन सकेन। तर हुनुपर्ने काम नभएको भन्दै उनीहरुले गनगन गरेको भने देखियो है पाठकवृन्द।

# इनोभेटिभ र एचएचसीए सेमिफाइनलमा

काठमाडौं, (नेस)

इनोभेटिभ र डिफेन्डिङ च्याम्पियन एचएचसीए ११औं श्रीदिवा मन्सुन मिट अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन्।

श्रीदिवा इन्टरनेसनल स्कुलको आयोजनामा भइरहेको प्रतियोगिताको क्वाटरफाइनलमा इनोभेटिभले हिम्सलाई ३६-२४ ले पराजित गऱ्यो। इनोभेटिभको जितमा अनिश महर्जनले ८ अंक योगदान गरे। एचएचसीएले विल्सन एकेडेमीलाई ७३-५० को फराकिलो अन्तरले हरायो। एचएचसीएका राजकुमार राईले १७ अंक जोडे।

सेमिफाइनलमा इनोभेटिभको भेट ज्ञान निकेतनसँग हुनेछ भने एचएचसीएले ओडिसी इन्टरनेसनल एकेडेमीविरुद्ध खेल्नेछ।

गर्ल्समा पनि इनोभेटिभ सेमिफाइनलमा पुग्न सफल भयो। इनोभेटिभले सेन्ट जेभियर्सको चुनौती २२-२० को झीनो अन्तरले समाप्त पाऱ्यो। इनोभेटिभका लागि ममता गुरुङले ८ स्कोर गरिन्।

गर्ल्सकै अर्को क्वार्टरफाइनलमा स्किब्सले ज्ञानोदयमाथि ४०-३४ को जित निकाल्यो। स्किब्सकी देबुना केसीले सर्वाधिक १० अंक जोडिन्। सेमिफाइनल स्किब्स र आयोजक श्रीदिवा तथा इनोभेटिभ र ड्याफोडिलबीच हुनेछ।

# विश्व पाराका लागि खेलाडी छनोट

नेपाल समाचारपत्र

काठमाडौं

लन्डनमा हुने सातौं विश्व पारा तेक्वान्दो च्याम्पियनसिपका लागि नेपाली खेलाडी छनोट भएका छन्। उक्त च्याम्पियनसिपका लागि २ महिला र १ पुरुष खेलाडीको छनोट गरिएको हो। शुक्रबार कोटेश्वरस्थित कोटेश्वर तेक्वान्दो डोजाङ एन्ड फिटनेस क्लबमा भएको महिलातर्फको के-४४ विधामा रन्जना धामी र पलेसा गोवर्द्धन छनोट भएको पारा तेक्वान्दो प्रशिक्षक कल्याण कुँवरले बताए। यद्यपि, खुला छनोटको फाइनलमा रन्जनाले पलेसालाई १३-१२ को रोमाञ्चक स्कोरमा पराजित गरेकी थिइन्।



पुरुषतर्फको के-४२ विधामा रोहित हाङ राई छनोट भए। रोहितले फाइनलमा रामबहादुर अधिकारीलाई ३४-१६ ले सहजै पराजित गर्दै विश्व च्याम्पियनसिपका लागि छनोट भएको पारा तेक्वान्दो प्रशिक्षक कविराज नेगी लामाले जानकारी दिए। लन्डनमा आगामी १९ अक्टोबरदेखि हुने विश्व च्याम्पियनसिपमा पदक जित्ने लक्ष्यका साथ तयारीमा लाग्ने नेपाल पारा तेक्वान्दो टिमका प्रशिक्षक कल्याण कुँवरले बताए।

# प्रहरी र आर्मीलाई स्वर्ण

काठमाडौं, (नेस)

नेपाल प्रहरी क्लब र नेपाल आर्मी क्लबले राष्ट्रव्यापी जुनियर तथा भेट्रान टेबलटेनिस प्रतियोगिताको टिम स्पर्धामा शुक्रबार स्वर्ण जितेका छन्। प्रहरी पुरुष र आर्मी महिलामा पहिलो भयो। सुनसरीको धरानमा भएको पुरुष फाइनलमा प्रहरीले आर्मीलाई ३-० ले पराजित गऱ्यो। महिलाको उपाधि भिडन्तमा आर्मीले ललितपुरलाई ३-० ले नै हरायो। शनिबारसम्म चल्ने प्रतियोगितामा १ सय ५० खेलाडीले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गरिरहेका छन्।


# कर्मचारी आवश्यकता

यस संस्थाको लागि केही कर्मचरीहरुको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद: वितरक (केही)**

**योग्यता:**

१. साधारण लेखपढ जानेको ।
२. साइकल चलाउन जान्ने तथा साइकल भएको ।
३. काम गर्ने समय विहान ५ देखी ८ बजेसम्म ।
४. उमेर १८ देखी ३० वर्ष सम्मको हुनुपर्ने ।

**स्थान** : बालाजु, स्वयंभू, कलंकी तथा कीर्तिपुर को लागी ।

**पद: ड्राइभर (१ जना)**

**योग्यता:**

१. कक्षा १० वा +२ पास गरेको ।
२. सवारीसाधन चलाउन लाइसेन्स प्राप्त ।
३. ३ वर्ष सवारीसाधन चलाएको अनुभव भएको ।
४. उपत्यकाभित्रको बाटो र ठाउँहरुको राम्रो जानकारी हुनुपर्ने ।

इच्छुक व्यक्तिहरुले आफ्नो ***Biodata*** हाम्रो ईमेल : ***hrkamana@gmail.com*** मा पठाउन सक्नुहुनेछ ।

अन्य जानकारीका लागि सम्पर्क

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
भीमसेनस्थान, काठमाडौं
सम्पर्क: ०१-४२६११७९, ९८०१००३७३७
९८५१०६९८३०


# नेयमारको जुनियरसँग झगडा



झगडा हुनु केही दिनअघि नेयमार बक्सिङ पोजमा थिए

न्युयोर्क, (एजेन्सी)

नयाँ सिजनमा क्याम्प नउबाट बाहिर चलान हुने धुनमा रहेका ब्राजिलियन फरवार्ड नेयमारले आफ्नै टिमका जुनियर साथीसँग झगडा गरेका छन्।

शुक्रबार मायामी मैदानमा अभ्यास भइरहेका बेला नेयमारले बार्सिलोनामा नयाँ आएका खेलाडी नेल्सन सेमेडोसँग झगडा गरेका हुन्। डेली मेलमा देखाइएको भिडियो फुटेजअनुसार झगडा छुट्याउन जेभिइर मास्केरानोले छिट्टै पहल गरेको थिए। नेयमार रिसाउँदै सेमेडोमाथि चिच्याएका थिए। बेन्फिकाका खेलाडी बार्सिलोनामा २ करोड ६८ लाख पाउन्डमा आएका हुन्।

नेयमारले झगडा गर्न नपाएपछि निरास हुँदै बललाई हिर्काएका थिए। उनले आफ्नो अभ्यासमा लगाएको हरियो लुगा फुकालेर अभ्यास मैदान छाडेका थिए। यो घटनाले २५ वर्षीय स्टार पेरिस सेन्ट जर्मेनमा जान चाहेको प्रस्ट भएको अमेरिकको न्युयोर्क टाइम्सले उल्लेखसमेत गरेको थियो। लिग वान पेरिस सेन्ट जर्मेनले नेयमारलाई २२ करोड २० लाख युरोमा किन्ने तयारीमा लागेको छ।

तर बार्सिलोनाका अध्यक्ष जोसेप मारिया बार्टोमेउले न्युयोर्क टाइम्सलाई बताए- 'नेयमार हाम्रा एक उत्कृष्ट खेलाडी हुन्। हामी उनलाई गुमाउन चाहन्नौं। उनले हामीसँग चार वर्षका लागि सम्झौतामा गरिसकेका छन्।'

अर्कोतिर चिनियाँ ट्राभल एजेन्सी सी-ट्रिपले शुक्रबार नै निकालेको वक्तव्यमा नेयमारले एसिया ट्रिप रद्द गरेको खुलासा गरेको छ। सी-ट्रिपले जनाएअनुसार ट्रान्सफरको बहानामै दक्षिण अमेरिकी सुपरस्टारले एसिया ट्रिप रद्द गरेको अनुमान लगाइएको छ।

# इन्टरद्वारा बायर्न पराजित

सिंगापुर, (एजेन्सी)

प्रि-सिजनअन्तर्गत भएको मैत्रीपूर्ण फुटबल खेलमा इन्टर मिलानले बायर्न म्युनिखलाई पराजित गरेको छ।

इटालियन क्लब इन्टर मिलानले जर्मन च्याम्पियन बायर्न म्युनिखलाई २-० गोल अन्तरले पराजित गरेको हो। इन्टरलाई जित दिलाउँदा दुवै गोल एडरको नाममा रह्यो। दुवै गोल पहिलो हाफमा भएको थियो।

एडरले खेलको आठौं मिनेटमा पहिलो गोल गरेका थिए। जोनाथन बिबिनीबाट उपलब्ध बलमा एडरले हेडमार्फत पहिलो गोल गरेका थिए। खेलको ३०औं मिनेटमा पनि हेडमार्फत नै गोल गर्दै एडरले इन्टरको अग्रता दोब्बर पारे। खेलको बाँकी समयमा थप कुनै गोल नभएपछि खेलको नतिजा इन्टरको पक्षमा गयो। म्युनिखले यसअघिको खेलमा चेल्सीलाई ३-२ ले पराजित गरेको थियो।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फयाक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ